काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक शनिबार

वर्ष १८, अंक ८६, पृष्ठ ८, शनिबार-आइतबार १६-१७ साउन २०८३, श्रावण कृष्णपक्ष तृतीया-चतुर्थी, Friday-Saturday, 1-2 August, 2026, नेपाल संवत् ११४६, मूल्य- १०/-



**अक्षर**

मानसिक रूपमा अक्षमलाई अदालतमा जबर्जस्ती उभ्याउनु वा उनीमाथि सामान्य व्यक्तिसरह न्याय सम्पादन प्रक्रिया अघि बढाउनु फौजदारी न्यायको मर्मअनुकूल हो ?



**अक्षर**

संसारका सफल विश्वविद्यालयहरू पुस्तकालयभित्र सीमित छैनन् । ती खेतमा छन्, कारखानामा छन्, नदी किनारमा छन् ।



**खेल**

आगामी अगस्ट २१ तारिखदेखि सुरू हुने लिग र जुलाई १९ तारिखमा अमेरिकामा सम्पन्न विश्वकप फाइनलबिचको अन्तर मात्र ३३ दिनको छ ।

## वित्तीय अपराधमा व्यवसायी

# मुद्दा फितलो कि पहुँचको खेल ?

**मधुजंग पाण्डे**

*काठमाडौं, साउन १५*



दीपक भट्ट



शेखर गोल्छा



मृगेन्द्रनाथ रिमाल



साहिल अग्रवाल



मृदुला सरिया



शंकरलाल अग्रवाल



सुलभ अग्रवाल

धितोपत्र कारोबार तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी आरोपमा पक्राउ गरी मुद्दा चलाइएका व्यवसायी दीपक भट्ट, शेखर गोल्छा, शंकर ग्रुपसँग जोडिएको अग्रवाल परिवार, विभिन्न कर्पोरेट घरानाका साझेदारहरू अदालतको आदेशमा धरौटीमा थुनामुक्त भइरहेका छन् । आरोपित थुनामुक्त हुँदा मुद्दा कमजोर कि पहुँचको खेल भन्ने प्रश्न उठाएको छ । अर्कोतर्फ आवश्यक प्रमाण नजुटाईकन हतारमा काम देखाउन सिआइबी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र सरकारी वकिलको कार्यालयले व्यवसायीमाथि मुद्दा लगाएको टिप्पणी पनि भइरहेको छ ।

अदृश्य रूपमा प्रधानमन्त्री बालेन्द्र शाहलगायत सरकारमा रहेका व्यक्तिहरूसँग जोडिएर थुनामुक्त हुन अनेक प्रयास गरिरहेका चर्चित व्यवसायी भट्टले केही दिनअघि दायर गरेको निवेदनमा सर्वोच्च अदालतले उनलाई थुनामुक्त गराउन कैफियत प्रतिवेदन माग गरेको र सोही मुद्दामा जेल परेका अर्का व्यवसायी शेखर गोल्छा एक करोड रुपैयाँ धरौटीमा जिल्ला अदालत काठमाडौंको आदेशबाट रिहा भएका छन् । यो प्रकरणका मुख्य अभियुक्त भट्ट अर्बौं रुपैयाँको शंकास्पद वित्तीय कारोबार, बैंकिङ कसुर र सम्पत्ति शुद्धीकरणको गम्भीर अभियोगमा थुनामा छन् । भट्ट इन्फिनिटी होल्डिङ्सका अध्यक्ष हुन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको संयुक्त अनुसन्धानका क्रममा भट्टसहित दर्जनौं व्यवसायी तथा सेयर ब्रोकरहरूको नेटवर्क यो प्रकरणमा मुछिएका छन् ।

सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको एकल इजलासले मंगलबार उच्च अदालत पाटन र विशेष अदालतबाट भट्टलाई थुनामा पठाउनुको कारण र आधारसहितको प्रतिवेदन मगाउने आदेश दिएको हो । भट्टले आफूलाई पुर्पक्षका लागि थुनामा पठाउने उच्च अदालत पाटन र विशेष अदालतको आदेश बदर माग गर्दै सर्वोच्चमा निवेदन दिएका छन् ।

भट्टविरुद्ध दुई वटा फरकफरक मुद्दामा ठुलो बिगो दाबीसहित मुद्दा दायर भएको छ । विभागले २०८१ चैत १९ मा भट्टलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो । बैंकिङ कसुरअन्तर्गत ४२ करोड १४ लाख ८८ हजार ८०७ रुपैयाँ बिगो कायम गर्दै दायर मुद्दामा भट्टलाई असार ५ मा उच्च अदालत पाटनका न्यायाधीशद्वय ऋषि राजभण्डारी र सोमकान्त मैनालीको संयुक्त इजलासले पुर्पक्ष थुनामा पठाउन आदेश गरेको थियो ।

> आरोपित थुनामुक्त हुँदा मुद्दा कमजोर कि पहुँचको खेल भन्ने प्रश्न उठेको छ । अर्कोतर्फ आवश्यक प्रमाण नजुटाईकन हतारमा काम देखाउन सिआइबी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र सरकारी वकिलको कार्यालयले व्यवसायीमाथि मुद्दा चलाएको भन्नेलाई बल पुगेको छ ।

यसैगरी सम्पत्ति शुद्धीकरणअन्तर्गत २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार रुपैयाँ बिगो कायम गर्दै भट्टविरुद्ध दायर अर्को मुद्दामा पनि विशेष अदालतले असार ३ मा उनलाई पुर्पक्ष थुनामा पठाउन आदेश दिएको थियो । आदेशविरुद्ध भट्ट सर्वोच्चमा गएका हुन् । सर्वोच्च अदालतले कैफियत प्रतिवेदन प्राप्त भएपछि भट्टलाई थुनामै राख्ने वा धरौटीमा छाड्ने भन्ने निर्णय दिने छ ।

यसअघि साउन १ मा जिल्ला अदालत काठमाडौंले व्यवसायी भट्ट र सुलभ अग्रवाललाई धरौटीमा छाड्न आदेश दिएको थियो । न्यायाधीश शिवप्रसाद आचार्यको इजलासले तीन फरक मुद्दामा उनीहरूलाई धरौटीमा छाड्न आदेश दिएको हो । तर सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा विशेष अदालतको आदेशले उनीहरू थुनामै छन् ।

काठमाडौं जिल्ला अदालतले बिमा ऐनअन्तर्गतको कसुरमा अग्रवालसँग दुई करोड रुपैयाँ र भट्टसँग एक करोड ५० लाख धरौटी माग गरेको छ । धितोपत्रसम्बन्धी ऐनअन्तर्गतको अर्को मुद्दामा जिल्ला अदालतले अग्रवालसँग दुई करोड ३० लाख रुपैयाँ धरौटी मागेको छ । विशेष अदालतले धितोपत्रसम्बन्धी अर्को मुद्दामा अग्रवालसँग एक करोड ५० लाख र भट्टसँग एक करोड रुपैयाँ धरौटी मागेको छ । दुवैजनालाई सम्पत्ति शुद्धीकरणको आरोपमा विशेषले थुनामा पठाएको हो । प्रहरीले भट्टलाई चैत १९ र अग्रवाललाई चैत २२ पक्राउ गरेको थियो ।

अर्का आरोपित शेखर गोल्छा पनि मंगलबार एक करोड रुपैयाँ धरौटीमा रिहा भएपछि मुद्दामा सरकारी नियामक निकायको कमजोरी वा अनेक चलखेलको शंका उत्पन्न भएको छ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश प्रतिमाकुमारी भट्टराई पोखरेलको इजलासले गोल्छालाई विभिन्न दुई कसुरमा छुट्टाछुट्टै धरौटी निर्धारण गरी रिहा गर्न आदेश दिएको हो । अदालतको आदेशसँगै एक करोड रुपैयाँ धरौटी बुझाएर गोल्छा रिहा भएका हुन् ।

*बाँकी पृष्ठ ७*

### स्मार्ट घोटालामा भण्डारी पक्राउ



काठमाडौं, साउन १५ (नागरिक)- नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भूपेन्द्र भण्डारीलाई प्रहरीले पक्राउ गरेको छ । स्मार्ट टेलिकमको सम्पत्ति व्यवस्थापनमा ढिलाइ गरी राज्यलाई आर्थिक नोक्सानी पुऱ्याएको आरोपमा उनलाई शुक्रबार ललितपुरको धापाखेलबाट प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले नियन्त्रणमा लिएको हो । सिआइबीका प्रवक्ता एसएसपी अनुपमशमशेर जबराले भण्डारीमाथि स्मार्ट टेलिकम घोटाला प्रकरणमा विस्तृत अनुसन्धान सुरु गरिएको बताए । भण्डारी पूर्वसञ्चारमन्त्री रेखा शर्माको सचिवालयमा विज्ञका रूपमा कार्यरत भएकै बेला २०८० फागुन ६ मा प्राधिकरणको अध्यक्ष नियुक्त भएका थिए ।

*बाँकी पृष्ठ २*

# सद्भाव कायम गर्न सबै एक ठाउँमा



सामाजिक सद्भाव र एकता कायम राख्न आह्वानसहित शुक्रबार काठमाडौंमा निकालिएको ऱ्याली । *तस्बिर : विजय राई/नागरिक*

काठमाडौं, साउन १५ (नागरिक)- सुनसरीको देवानगन्ज-३ स्थित कप्तानगन्जबाट सुरु भएको विवादलाई आधार बनाएर धार्मिक र सामाजिक सद्भावमा खलल पुऱ्याउने प्रयासविरुद्ध सिंगो देश एकजुट हुँदै छ । गत आइतबार राति दुई समूहबिचको विवाद हिंसात्मक रूप लिँदै अराजकतामा परिणत हुन थालेपछि सत्तापक्ष न प्रतिपक्ष एकै ठाउँमा उभिएका छन् ।

सबै धर्मसंस्कृति र जातजातिका समुदाय पनि एक ठाउँमा आएका छन् । सबैले सामाजिक एकता र सद्भावका लागि आग्रह मात्र होइन, प्रयास गरिरहेका छन् । यसले गर्दा मुलुकमा सदियौंदेखि कायम सामाजिक सद्भाव, एकता, सहअस्तित्वमाथि गम्भीर प्रहार हुन रोकिएको छ । नेपाली समाजमा बढ्दै गएको पारस्परिक आशंका र अविश्वासलाई हटाउन राष्ट्रपति, पूर्वराष्ट्रपतिहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरू, सबै राजनीतिक दलका नेताहरू मात्र नभएर धार्मिक गुरूहरूसमेत सामाजिक सद्भाव र एकताको पक्षमा उभिएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले पनि सामाजिक सद्भाव कायम राख्न सक्रियता बढाएका छन् ।

*बाँकी पृष्ठ २*

## एकता र संयमको संकेत

**मदन ठाकुर**

*रौतहट, साउन १५*

सुनसरीको कप्तानगन्जमा डिजे बजाउने विषयलाई लिएर उत्पन्न दुई समुदायबिचको विवाद हिंसात्मक बनेपछि प्रहरीले चलाएको गोलीबाट एक युवकको मृत्यु भयो र दर्जनौं घाइते भए । पछि घाइते थप एक जनाको मृत्यु भयो । त्यसपछि चर्किएको आन्दोलन मधेस प्रदेशका आठै जिल्लामा फैलिएको छ । दर्जनौं स्थानीय र सुरक्षाकर्मी घाइते भएका छन् भने प्रदेशका विभिन्न सहरमा तनाव फैलिएको छ ।

आन्दोलन नियन्त्रणबाहिर जान थालेपछि प्रशासनले सप्तरी, सिरहा, जनकपुर, वीरगन्जलगायत संवेदनशील क्षेत्रमा कर्फ्यु र निषेधाज्ञा जारी गर्दै ठुलो संख्यामा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालन गरेको छ । यसरी सुरक्षा व्यवस्थालाई कडा बनाउँदा पनि आन्दोलन पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन ।

सुनसरीको कप्तानगन्जबाट सुरु भएको घटनाको राजनीतिक प्रभाव बिस्तारै मधेसभर फैलिँदै जाँदा संघीय सरकारको संकट व्यवस्थापन क्षमता र राजनीतिक नेतृत्वमाथि प्रश्न उठ्न थालेका छन् । सामाजिक सञ्जालदेखि सडकसम्म प्रधानमन्त्रीले राष्ट्रका नाममा सम्बोधन गर्नुपर्ने माग चर्किएपछि बालेन्द्र शाहले बिहीबार राति सामाजिक सञ्जालमार्फत संयम अपनाउन आग्रह गर्दै वक्तव्य जारी गरेका थिए । तर उक्त सन्देशलाई पर्याप्त नठान्दै मधेसभर आलोचना जारी नै रह्यो ।

*बाँकी पृष्ठ २*

**पृष्ठ ३**

**मृतकको अन्त्येष्टि, त्रास हटाउन पालिका सक्रिय**

## ब्रोड पिकमा हिमपहिरो

# ४ को मृत्यु, निर्मलसहित ६ को खोजी

काठमाडौं, साउन १५ (नागरिक)- विश्वप्रसिद्ध पर्वतारोही निर्मल पुर्जा (निम्स दाइ) पाकिस्तानको काराकोरम हिमशृंखलास्थित ८,०४७ मिटर अग्लो ब्रोड पिकमा गएको हिमपहिरोपछि सम्पर्कविहीन भएका छन् । शिखर आरोहणका क्रममा बिहीबार दिउँसो गएको हिमपहिरोमा परेपछि उनीसहित १० जना सम्पर्कविहीन भएका थिए । बेपत्तामध्ये शुक्रबारसम्म चार जनाको शव फेला परे पनि निम्ससहित अन्य ६ जनाको खोजी जारी रहेको पाकिस्तानी अधिकारीले जनाएका छन् ।

पाकिस्तानको अल्पाइन क्लब अफ पाकिस्तान (एससपी) का अनुसार पहिरोमा हराउनेमा ६ नेपाली, एक पाकिस्तानी, एक अमेरिकी, एक चिनियाँ र एक ओमानी आरोही थिए । नेपाली टोलीमा निम्ससँगै पुरबहादुर गुरुङ, किली पेम्बा शेर्पा, निमा शेर्पा, नवाङ थिन्डु शेर्पा र ग्यालु शेर्पा थिए । पाकिस्तानी दैनिक डन का अनुसार शुक्रबारसम्म ओमानकी आरोही नधिरा अहमद अब्दुल्लाह अल हर्थी र नेपालका पुरबहादुरसहित चार जनाको शव फेला परेको एसिपीले जनाएको छ ।

निम्ससहित हराइरहेका आरोहीको खोजी तथा उद्धार अभियान जारी रहेको पाकिस्तानका अधिकारीहरूले बताएका छन् । मौसम प्रतिकूल भएकाले खोजी कार्य शुक्रबार रातिका लागि स्थगित गरिएको छ । पाकिस्तानी अधिकारीहरूले खोजी अभियान शनिबार पुनः थालिने बताएको बिबिसीले जनाएको छ । नेपालसहित अन्तर्राष्ट्रिय पर्वतारोहण समुदायले उनीहरू सकुशल भेटिने आशा व्यक्त गरिरहेका छन् ।

## जोखिममा हिमताल



दुधकोसी जलाधार क्षेत्रमा अवस्थित लुमदिङ च्छो हिमताल । *तस्बिर : इसिमोड*

**श्रीराम सुवेदी**

*काठमाडौं, साउन १५*

नेपालका हिमनदी (ग्लेसियर) बाट बनेका हिमतालको संख्या र क्षेत्रफल पछिल्ला आठ वर्षमा निरन्तर बढिरहेको नयाँ अध्ययनले देखाएको छ । सन् २०१७ देखि २०२४ सम्मको अध्ययनअनुसार सबैभन्दा तीव्र रूपमा हिमताल विस्तार भएको क्षेत्र कोसी नदी प्रणाली हो । वैज्ञानिकहरूले सार्वजनिक गरेको यो पहिलो स्वचालित वार्षिक अभिलेख (डेटासेट) ले हिमतालको अवस्थाबारे हरेक वर्ष अद्यावधिक जानकारी दिने भएकाले भविष्यमा हिमताल विस्फोटबाट हुने जोखिम पहिचान गर्न र पूर्वसूचना प्रणालीलाई बलियो बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

*बाँकी पृष्ठ २*

# अनलाइनको निसानामा बालिका

**अमर खड्का/चुमन बस्नेत**

*इटहरी, साउन १५*



मोरङको सुन्दरहरैंचास्थित सुकुना माध्यमिक विद्यालयमा शिक्षकद्वारा विद्यार्थीमाथि भएको यौनजन्य व्यवहारका घटना वर्षौंदेखि गुपचुप थियो । विद्यार्थीहरूले केही दिनअघि उक्त घटना प्रमाणसहित सार्वजनिक गरे । विद्यालयले ट्रान्सक्रिप्टको शुल्कवृद्धि गरेपछि सुरु भएको विरोधपछि पूर्वछात्राहरूले सार्वजनिक गरेका अनुभव, अडियो र टेक्स्ट म्यासेजपछि प्रहरीले यतिबेला चार जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । जिल्ला प्रहरी कार्यालय मोरङ र इलाका प्रहरी कार्यालय बेलबारीको संयुक्त टोलीले विद्यालयका शिक्षक अविरल मास्के, शिक्षक किशोरलाल गच्छदार, भीम नेपाल र सवारी चालक प्रदीप भट्टराईलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको हो ।

> भ्वाइस अफ द चिल्ड्रेन इटहरीकी पूजा भण्डारीका अनुसार विशेष गरी इन्टरनेटमा अश्लील शब्द, तस्बिर, भिडियो तथा निरन्तर धम्कीमार्फत मानसिक हिंसाका घटना वर्षैपिच्छे बढ्न थालेका छन् ।

यस्तै सुनसरीकी एक १८ वर्षीया बालिकाको फोटो तथा भिडियो विभिन्न सामाजिक सञ्जालबाट डाउनलोड गरी फेक टिकटक आइडी निर्माण गरी अश्लील ढंगले सार्वजनिक गरेको उजुरी प्रहरीमा परेको छ । स्मार्टफोन, इन्टरनेट र सामाजिक सञ्जाल प्लेटफर्म चलाउने बालिका साइबर अपराधी र बाल यौन दुराचारीको निसानामा पर्ने क्रम बढेसँगै जिल्ला प्रहरी कार्यालयमा ती बालिकाले उजुरी दिएकी हुन् । उक्त घटना साइबर बुलिङ, डिजिटल यौन दुर्व्यवहार, गोपनीयताको उल्लंघन र चरित्र हत्यासँग सम्बन्धित छ । यसरी फोटो तथा भिडियो अश्लील ढंगले सार्वजनिक हुँदा बालिकाको सामाजिक प्रतिष्ठामा असर पुगेको छ ।

दुई महिनाअघि इटहरीकी एक बालिकाको सार्वजनिक बेइज्जत हुँदा मुद्दा दर्ताको समाचार बाहिरिए आफूले जे पनि गर्न सक्ने ती बालिकाले बताएकी थिइन् । यसले गर्दा मिडियाकर्मी, प्रहरी, ती बालिका अध्ययन गर्ने विद्यालय परिवार र आफन्तले बडो सचेतना अपनाएका थिए । ती बालिका केही दिनसम्म मानसिक रूपमा विक्षिप्त बन्न पुगिन् । उनले बल्ल केही सम्हालिएर आफ्ना नियमित काम सहज ढंगले गर्न थालेकी छन् । उनका भिनाजु भन्छन्, 'अब चाहिँ नानीलाई सहज हुन थालेको छ तैपनि केयरचाहिँ गरिरहन्छौं ।'

एकपछि अर्को शृंखलाबद्ध रूपमा यस्तो घटना हुने क्रममा सुनसरीमै एक १८ वर्षीया बालिकाले आफ्नो र दिदीको फोटो तथा भिडियो विभिन्न सामाजिक सञ्जालबाट डाउनलोड गरी अज्ञात व्यक्तिले फेक इन्स्टाग्राम आइडी बनाएको भन्दै प्रहरीमा उजुरी दिएकी छन् । पछिल्लो समय अनलाइनको सहज पहुँचले गर्दा विशेष गरी बालिकाको चरित्र हत्या गर्ने र उनीहरूलाई अनावश्यक दुःख दिने क्रम बढेको जिल्ला प्रहरी कार्यालय सुनसरीका निम्ति प्रमुख डिएसपी चन्द्रबहादुर खड्काले बताए । 'पहिला सम्बन्ध हुने अनि पछि सम्बन्ध बिग्रिएपछि चरित्र हत्या गर्न अनेक कार्य गर्ने गरेका घटना बढेका छन्,' उनले भने ।

त्यसो त सुकुना माध्यमिक विद्यालयको घटनाक्रम पनि सामाजिक सञ्जालमार्फत नै शिक्षकले विद्यार्थीहरूलाई 'तिम्रो उत्तरपुस्तिका मसँग छ, कति नम्बर चाहिन्छ ?' तिमी सम्पर्कमा आऊ, विभिन्न 'आइटम'का फोटो पठाऊ भनेर म्यासेज पठाएका घटना बग्रेल्ती छन् ।

*बाँकी पृष्ठ २*

# एकता र संयमको संकेत

पृष्ठ १ बाट

बिहीबार सिरहाको गोलबजारमा प्रहरीको गोली लागेर २० वर्षीय गणेश यादवको मृत्यु भएपछि आन्दोलन थप उग्र बन्यो। त्यसपछि प्रधानमन्त्री साहले मैथिली र नेपाली भाषामा मधेसवासीका नाममा छोटो सम्बोधन गरे पनि त्यसले आन्दोलनको ताप कम गर्न सकेन।

प्रतिनिधिसभा निर्वाचनताका जनकपुरको तिरहुतिया गाछीमा दिएको भाषणबाट मधेसमा उल्लेखनीय जनसमर्थन प्राप्त गरेका प्रधानमन्त्री शाहप्रति अहिले असन्तुष्टि बढ्दै गएको देखिन्छ। मधेस अशान्त भइरहेका बेला सम्बोधनमा ढिलाइ भएको र पर्याप्त राजनीतिक पहल नगरेको नागरिक समाजका विजय किशोर झाको आरोप छ।

यसैबिच गृहमन्त्री सुधन गुरुङ सुनसरी पुगेर प्रहरीको गोलीबाट ज्यान गुमाएका पीडित परिवारसँग लिखित सहमति गरे पनि त्यसको प्रभाव अपेक्षित रूपमा देखिएको छैन। गृहमन्त्री गुरुङ त्यसपछि सिरहामा गणेश यादवका परिवारलाई भेट्न पुगे पनि सिरहा र सप्तरीको अवस्था सामान्य बन्न सकेन। शुक्रबार जनकपुरमा कर्फ्यु यथावत् रह्यो। वीरगन्जमा सद्भाव ¥याली आयोजना गरिए पनि घण्टाघर क्षेत्रमा प्रदर्शन जारी रह्यो। सर्लाहीको मलंगवामा हिन्दु सम्राट सेनाले दिनभर बजार बन्द गरायो। विभिन्न जिल्लामा आन्दोलन, विरोध प्रदर्शन र सुरक्षा सतर्कता जारी रहँदा प्रधानमन्त्रीको सम्बोधनले तत्काल शान्ति स्थापना गर्न नसकेको स्पष्ट देखिएको छ। अब केवल अपिल र सम्बोधनभन्दा पनि सबै पक्षलाई विश्वासमा लिने प्रभावकारी राजनीतिक संवाद, निष्पक्ष छानबिन र घटनाप्रति राज्यको स्पष्ट जवाफदेहिता मात्रै मधेसमा देखिएको तनाव समाधानको एक मात्र आधार बन्न सक्ने नागरिक समाजका झाको तर्क छ।

**दुई शाहको सम्बोधन**

सुनसरीको कप्तानगन्जबाट सुरु भएको साम्प्रदायिक तनाव मधेस प्रदेशका विभिन्न जिल्लामा फैलिँदै गएपछि प्रधानमन्त्री बालेन्द्र शाह र पूर्वराजा ज्ञानेन्द्र शाहले बिहीबार छुट्टाछुट्टै समयमा शान्ति, संयमता र सामाजिक सद्भाव कायम राख्न सार्वजनिक अपिल गरे पनि मधेसका विभिन्न जिल्लामा प्रदर्शन, कर्फ्यु र सुरक्षा सतर्कता कायमै छ। प्रधानमन्त्री शाहले आन्दोलन चर्किँदै गएपछि मधेसवासीका नाममा नेपाली र मैथिली भाषामा छोटो सम्बोधन गर्दै संयम अपनाउन, अफवाहमा विश्वास नगर्न र शान्तिपूर्ण वातावरण कायम गर्न आग्रह गरेका थिए। यसअघि उनले सामाजिक सञ्जालमार्फत पनि अपिल जारी गरेका थिए।

उता सार्वजनिक राजनीतिक अभिव्यक्ति कमै दिने पूर्वराजा शाहले पनि सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकताको आवश्यकता औंल्याउँदै सबै पक्षलाई संयम अपनाउन आग्रह गरे। चाडपर्वका शुभकामना सन्देशबाहेक सार्वजनिक धारणा कम व्यक्त गर्ने पूर्वराजाको यो अपिललाई पनि धेरैले अर्थपूर्ण रूपमा हेरेका छन्। यद्यपि दुवै जनाको अपिलपछि पनि सिरहा, सप्तरी, धनुषा, पर्सालगायत जिल्लामा सुरक्षा सतर्कता कायमै रह्यो। केही स्थानमा कर्फ्यु र निषेधाज्ञा जारी राखिएको छ भने प्रदर्शन र विरोधका कार्यक्रम पनि पूर्ण रूपमा रोकिएको छैन।

**मधेस आन्दोलनसँग हुन थाल्यो तुलना**

यस घटनाक्रमसँगै २०६३ सालको पहिलो मधेस आन्दोलनको स्मरण हुन थालेको छ। त्यसबेला तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पहिलो सम्बोधनपछि आन्दोलन थप चर्किएको विश्लेषण गरिए पनि त्यसको केही समयपछि राष्ट्रका नाममा गरिएको दोस्रो सम्बोधन र त्यससँगै आएका राजनीतिक प्रतिबद्धतापछि आन्दोलन वार्ताको दिशातर्फ उन्मुख भएको थियो।

वर्तमान परिस्थितिमा पनि केवल सम्बोधनभन्दा बढी प्रभावकारी राजनीतिक संवाद, निष्पक्ष छानबिन, पीडितलाई न्याय र सबै समुदायबिच विश्वासको वातावरण निर्माण गर्नुपर्ने आवश्यकता राजनीतिक वृत्तमा औंल्याउन थालिएको छ। मधेसको पछिल्लो घटनाक्रमले सरकारको संकट व्यवस्थापन क्षमता र सामाजिक सद्भाव कायम राख्ने रणनीतिमाथि नयाँ बहससमेत सुरु गराएको छ।

**संकट व्यवस्थापन सरकारको परीक्षामा**

सुनसरीको देवानगन्ज-३ स्थित कप्तानगन्जमा डिजे बजाउने विषयबाट सुरु भएको दुई समुदायबिचको विवाद अब केवल एउटा स्थानीय घटना रहेन। पाँच दिनयता त्यसको प्रभाव मधेस प्रदेशका अधिकांश जिल्लामा फैलिँदै जाँदा आन्दोलन, बन्द, कर्फ्यु, प्रदर्शन र सुरक्षा सतर्कताले समग्र प्रदेशको जनजीवन प्रभावित बनेको छ। पछिल्ला घटनाक्रमले सरकारको शान्तिसुरक्षा नीति, संकट व्यवस्थापन क्षमता र राजनीतिक नेतृत्वको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेका छन्। मधेसका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा र पर्सामा पनि प्रदर्शन जारी नै छ। कतै कर्फ्यु, कतै बन्द र कतै विरोध प्रदर्शन भइरहेका छन्।

सर्लाहीको मलंगवामा शुक्रबार हिन्दु सम्राट सेनाले दिनभर बजार बन्द गराउँदै विभिन्न स्थानमा प्रदर्शन ग¥यो। संगठनले सुनसरी र सिरहाका घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गरेको छ। सम्भावित तनावलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालयले सर्वपक्षीय बैठक गरी संयम अपनाउन, सामाजिक सद्भाव कायम राख्न र अफवाहबाट टाढा रहन आग्रह गरेको छ।

सप्तरीको राजविराजमा शुक्रबार बिहानदेखि अनिश्चितकालीन कर्फ्यु जारी गरिएको थियो। यसअघि बोदेबरसाइन क्षेत्रमा जारी कर्फ्यु यथावत् राखिएको छ। स्थानीय प्रशासनले सम्भावित हिंसात्मक गतिविधि रोक्न सुरक्षा व्यवस्था थप कडा बनाएको जनाएको छ। सर्लाहीको बरहथवामा प्रदर्शन गर्न आएका चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। स्थानीयको सहयोगमा नियन्त्रणमा लिइएका उनीहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। त्यसैगरी सामाजिक सञ्जालमार्फत भ्रामक सूचना फैलाएको आरोपमा सर्लाही प्रहरीले एक युवकलाई विद्युतीय कारोबार ऐनअन्तर्गत अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ। बढ्दो तनावलाई मध्यनजर गर्दै सरकारले नेपाल प्रहरीका एआइजी हिमालय श्रेष्ठ र सशस्त्र प्रहरी बलका एआइजी गणेश ठाडा मगरलाई जनकपुर खटाएको छ। बारा-पर्सा क्षेत्रको सुरक्षा समन्वयका लागि एसएसपी होबिन्द्र बोगटीलाई पनि जिम्मेवारी दिइएको छ। सुरक्षा निकायले संवेदनशील जिल्लामा उच्च सतर्कता अपनाएको जनाएको छ।

# जोखिममा हिमताल



संखुवासभास्थित लोयर बरुण हिमताल। तस्बिर : इसिमोड

पृष्ठ १ बाट

उक्त अध्ययन अन्तर्राष्ट्रिय वैज्ञानिक जर्नल 'अर्थ सिस्टम साइन्स डाटा' मा गत साता प्रकाशित भएको हो। अध्ययनमा बेलायतको लिड्स विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, भारतको वाडिया इन्स्टिच्युट अफ हिमालयन जियोलोजी र चिनियाँ विज्ञान प्रतिष्ठानका वैज्ञानिक सहभागी थिए।

वैज्ञानिकहरूले 'ग्लेसियल लेक अब्जर्भेटरी (जिएलओ)' नामक नयाँ प्रणाली विकास गरेका छन्। यसमा कृत्रिम बुद्धिमत्ता (एआई) र उपग्रहबाट खिचिएका तस्बिर प्रयोग गरेर हिमतालहरूको स्वचालित पहिचान र अनुगमन गरिन्छ। यसअघि यस्ता अभिलेख धेरैजसो मानिसले हातैले नक्सांकन गरेर तयार पारिन्थे र केही वर्षको अन्तरालमा मात्र अद्यावधिक हुन्थे। नयाँ प्रणालीले भने हरेक वर्षको परिवर्तन नियमित देखाउन सक्छ।

अनुसन्धानकर्ताका अनुसार हिमतालको क्षेत्रफल र आकारमा हुने परिवर्तनलाई व्यवस्थित रूपमा निगरानी गर्ने प्रणाली अहिलेसम्म पर्याप्त थिएन। जलवायु परिवर्तनका कारण कुनै हिमताल अस्वाभाविक रूपमा छिटो विस्तार भइरहेको छ कि छैन भन्ने पत्ता लगाउन, तालमा कति पानी छ भन्ने अनुमान लगाउन तथा हिमनदी र हिमतालबिचको सम्बन्ध बुझ्न निरन्तर निगरानी आवश्यक हुन्छ।

**चार हजार बढी हिमतालको अभिलेख**

अध्ययनमा नेपाल, भारत र चीनसँग जोडिएका नदी प्रणालीमा रहेका ४ हजार १५० वटा फरक हिमताल सेन्टिनेल-२ उपग्रह तस्बिरबाट पहिचान गरिएको छ। त्यस्तै सेन्टिनेल-१ राडारबाट २ हजार ९६७ वटा हिमताल पहिचान गरिएको छ। २०१७ देखि २०२४ सम्म संकलित तथ्यांकमा सेन्टिनेल-२ बाट २२ हजारभन्दा बढी र सेन्टिनेल-१ बाट १८ हजारभन्दा बढी हिमतालका सीमारेखा नक्सांकन गरिएको छ।

अध्ययनअनुसार आठ वर्षको अवधिमा हिमतालको संख्या मात्र होइन, तिनको क्षेत्रफल पनि बढिरहेको छ। औसत रूपमा हिमतालहरूले करिब १६९ वर्गकिलोमिटर क्षेत्र ओगटेको पाइएको छ। हिमतालहरूको संख्या र आकारमा सबैभन्दा धेरै विस्तार कोसी नदी प्रणालीमा देखिएको छ। अध्ययनमा समेटिएका हिमतालमध्ये करिब ६१ प्रतिशत यही नदी प्रणालीमा पर्छन्। सबैभन्दा तीव्र रूपमा फैलिएका १० हिमतालमध्ये ९ वटा पनि यही क्षेत्रमा रहेको अध्ययनले देखाएको छ। यसले कोसी क्षेत्र भविष्यमा हिमतालसँग सम्बन्धित जोखिमका हिसाबले थप संवेदनशील बन्न सक्ने संकेत गर्छ। अनुसन्धानकर्ताका अनुसार विस्तार भइरहेका अधिकांश हिमताल उच्च हिमाली क्षेत्रमा छन्, जहाँ पग्लँदै गएका हिमनदीबाट निरन्तर पानी थपिँदै छ।

**जलवायु परिवर्तनको प्रभाव**

वैज्ञानिकहरूले हिन्दकुश-हिमालय क्षेत्रमा रहेका हिमनदी विश्वका अन्य धेरै स्थानको तुलनामा निकै तीव्र गतिमा पग्लिरहेको बताउँदै आएका छन्। अध्ययनमा पनि यस क्षेत्रको तापक्रम विश्वको औसतभन्दा करिब दोब्बर दरले बढिरहेको उल्लेख छ। हिमनदी पग्लिँदा त्यसबाट निस्किएको पानी अगाडि रहेका मोरेन (ढुंगा, माटो र बालुवाको प्राकृतिक बाँध) पछाडि जम्मा हुन थाल्छ। यसबाट नयाँ हिमताल बन्ने वा पुरानाको आकार बढ्ने हुन्छ। यस्ता हिमतालले केही समयका लागि पानी सञ्चय गरे पनि हिमपहिरो, चट्टान खस्ने, हिमखण्ड भत्किने वा अन्य प्राकृतिक कारणले बाँध फुटेमा तल्लो क्षेत्र विनाशकारी बाढीको चपेटामा पर्न सक्छ।

नेपालमा हिमताल विस्फोटका कारण सडक, पुल, जलविद्युत् आयोजना तथा बस्तीमा ठुलो क्षति पुगेका उदाहरण छन्। वैज्ञानिकका अनुसार हिमनदी पग्लिने क्रम यही गतिमा भइरहे हिमतालको संख्या र आकार अझै बढ्न सक्ने देखिन्छ। त्यसैले नियमित निगरानी अपरिहार्य बनेको छ।

**एआईबाट निगरानी**

नयाँ प्रणाली विकास गर्न अनुसन्धानकर्ताले 'डिपल्याब-भी' नामक कृत्रिम बुद्धिमत्तामा आधारित मोडल प्रयोग गरेका छन्। यसलाई पहिले हातैले तयार गरिएका हिमतालका नक्साबाट प्रशिक्षण दिइएको थियो। त्यसपछि २०१७ देखि २०२४ सम्मका उपग्रह तस्बिरमा यसको प्रयोग गरिएको हो। यो प्रणालीले सेन्टिनेल-१ राडार र सेन्टिनेल-२ अप्टिकल तस्बिरलाई छुट्टाछुट्टै विश्लेषण गरी नतिजा तयार गर्छ। राडारले बादल लागेको अवस्थामा पनि काम गर्न सक्छ भने सेन्टिनेल-२ ले साना हिमताललाई स्पष्ट रूपमा देखाउन सक्छ। अनुसन्धानकर्ताका अनुसार यी दुई प्रविधिको संयुक्त प्रयोगले मनसुनका बेला बाक्लो बादलका कारण हुने कठिनाइलाई धेरै हदसम्म समाधान गरेको छ।

**सरकार र अनुसन्धानका लागि उपयोगी**

वैज्ञानिकले तयार पारेको यो तथ्यांक सबैका लागि खुला गरिएको छ। भविष्यमा यसैका आधारमा नियमिति अद्यावधिक हुने 'ग्लेसियल लेक अब्जर्भेटरी' पोर्टल सञ्चालनमा ल्याउने तयारी छ। अनुसन्धानकर्ताका अनुसार यो तथ्यांकले हिमताल विस्फोटको जोखिम मूल्यांकन, जलवायु परिवर्तनसम्बन्धी अध्ययन, हिमनदी अनुसन्धान, जलस्रोत व्यवस्थापन, जलविद्युत् आयोजना तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा उपयोगी आधार प्रदान गर्नेछ। यो प्रणाली पूर्ण रूपमा स्वचालित भएकाले अब हजारौं हिमताललाई प्रत्येक पटक हातैले नक्सांकन गर्नुपर्ने आवश्यकता पर्दैन। यसले हरेक वर्ष नयाँ तथ्यांक छिटो र नियमित रूपमा उपलब्ध गराउन सक्छ।

नेपालका हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर तीव्र रुपमा परिरहेको सन्दर्भमा हिमतालको नियमित निगरानीले असामान्य रूपमा विस्तार भइरहेका तालको समयमै पहिचान, स्थलगत अध्ययन र सम्भावित जोखिमको मूल्यांकन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

## स्मार्ट...

दूरसञ्चार सेवा नियमन, विकास र प्रवर्धन गर्ने निकायको नेतृत्व तहबाट भएको स्मार्ट टेलिकम घोटाला प्रकरणमा विस्तृत अनुसन्धान गर्न भण्डारीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

टेरामक्स प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाललाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेसँगै उनी पदमुक्त भएका थिए। त्यसपछि सरकारले भण्डारीलाई अध्यक्ष नियुक्त गरेको थियो।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले गत वैशाख तेस्रो साता अघिल्ला सरकारले गरेका सबै राजनीतिक नियुक्ति खारेज गरेको थियो। त्यसरी पदमुक्त हुनेमा भण्डारीसमेत परेका थिए। सरकारी नियन्त्रणमा आइसकेको स्मार्ट टेलिकमको अर्बौं मूल्यबराबरको सम्पत्ति र पूर्वाधार गैरकानुनी रूपमा लिलामी एवं हिनामिना प्रकरणमा भण्डारी पक्राउ परेका हुन्। स्मार्ट टेलिकमको लाइसेन्स खारेजीपछि सरकारी स्वामित्वमा आउनुपर्ने सम्पत्ति हिनामिना भएको विषयमा अनुसन्धानका लागि उनलाई पक्राउ गरिएको सिआइबीले बताएको छ।

स्मार्ट टेलिकमले नवीकरण दस्तुर र रोयल्टीवापतको करिब ३० अर्ब रुपैयाँ नबुझाएपछि २०८० वैशाख ३ मा उसको अनुमतिपत्र रद्द भएको थियो। दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली २०७९ अनुसार लाइसेन्स रद्द भएको कम्पनीको सम्पूर्ण पूर्वाधार, टावर र नेटवर्क प्रणालीमा राज्यको अधिकार रहन्छ। तर सरकारी नियन्त्रणमा आइसकेको स्मार्टको सम्पत्तिलाई नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले गत असोजमा ४ अर्ब ६० करोड रुपैयाँमा एनसेललाई लिलामीमा बेचेको थियो।

राज्यको हक समाप्त पार्नेगरी भएको यस लिलामी प्रक्रियामा तत्कालीन अध्यक्षका रूपमा भण्डारीको भूमिका शंकास्पद देखिएको र नियामकको समिति बैठकले स्मार्टको सम्पत्ति लिलामी र राज्यको हक गुमेको विषयमा गम्भीर अनुसन्धान हुनुपर्ने राय दिएको छ। प्राधिकरण सञ्चालक समितिले यो प्रकरणमा तत्कालीन नेतृत्वमा रहेका भण्डारीकै भूमिकामाथि प्रश्न उठाउँदै छानबिनका लागि बाटो खोलिदिएपछि सिआइबीले उनलाई नियन्त्रणमा लिएको हो।

यसअघि सिआइबीले प्राधिकरणलाई 'सरकारी नियन्त्रणमा रहेको स्मार्ट टेलिकमको सम्पत्ति बैंकले लिलामी गर्दासम्म नियामक

पृष्ठ १ बाट

रूपमा उनी मूकदर्शक बनेर मिलेमतो गरेको आरोप छ। अनुसन्धानक्रममा प्राधिकरणले आफ्नो नियन्त्रणमा रहेको सम्पत्ति लिलामी हुँदा रोक्न प्रभावकारी कदम नचालेको र सम्पत्ति बिक्री भइसकेपछि मात्रै मूल्य निर्धारण समिति गठन गर्नेजस्ता सामान्य देखावटी कार्य गरेको अरोप छ।

एनसेलले गत माघमा स्मार्टका पूर्वाधार आफूले किनेको जानकारी गराएपछि मात्र प्राधिकरणले पत्राचार गरेको थियो। लिलामी प्रक्रिया चलिरहँदा भण्डारी नेतृत्वको प्राधिकरणले कुनै कानुनी चुनौती नदिएको विषयमा सिआइबीले अनुसन्धान गरिरहेको छ। अनुसन्धानमा संलग्न एक अधिकारीकाअनुसार प्राधिकरणको हालै बसेको सञ्चालक निकायले किन कुनै कदम चाल्न सकेन?' भन्ने आशयसहितको पत्र पठाएको थियो। सोही पत्रका आधारमा र प्राधिकरण सञ्चालक समितिको पछिल्लो रायपछि अनुसन्धानको राडार भण्डारीतर्फ सोझिएको छ। यही प्रकरणमा सिआइबीले गत वैशाख २२ मा स्मार्ट टेलिकमका तत्कालीन अध्यक्ष सर्वेश जोशी र नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्योतिप्रकाश पाण्डेलाई पनि पक्राउ गरेको थियो। अहिले उनीहरू छुटिसकेका छन्। जोशीले सरकारी नियन्त्रणमा पुगिसकेको सम्पत्ती बदनयितपूर्वक लिलामी गर्न बैंकलाई मञ्जुरीनामा दिएको आरोप थियो। त्यसपछि सोही प्रकरणमा गत वैशाखमै सम्पत्ती लिलामी प्रक्रियामा सहभागी पलनी श्रेष्ठ र नरेन्द्र उलाकलाई पनि प्रहरीले पक्राउ गरेको थियो। अन्य आरोपीमाथिको अनुसन्धान पनि जारी छ।

यही मुद्दाको अनुसन्धानका क्रममा व्यवसायी तथा गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वअध्यक्ष डा. उपेन्द्र महतोसँग पनि सिआइबीले सोधपुछ गरिसकेको छ।

## सद्भाव...

प्रधानमन्त्रीसहित विभिन्न राजनीतिक दलका नेता र पक्षसँगको भेटघाटलाई तीव्र बनाएका उनले शुक्रबार प्रथम राष्ट्रपति डा. रामवरण यादव र प्रथम उपराष्ट्रपति परमानन्द झासँग छलफल गरे। राष्ट्रपति भवन शीतलनिवासमा भएको छलफलमा उनले सुनसरी र अन्य क्षेत्रमा भएको घटनाप्रति चिन्ता व्यक्त गर्दै सदियौंदेखि रहिआएको सामाजिक, धार्मिक, जातीय सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता कायम राख्न सबैले पहल गर्नुपर्नेमा जोड दिए।

जवाफमा प्रथम राष्ट्रपति यादवले विधितामा एकता नै नेपालको शक्ति र सम्पत्ति भएको जनाउँदै सबैले संयम अपनाउनुपर्ने बताएका थिए। सरकारले सबै राजनीति दल, नागरिक समाज, धार्मिक अगुवा तथा आम नागरिकको साथ लिएर समस्या समाधान गर्नुपर्नेमा जोड दिँदै यादवले सदियौंदेखिको एकता र सद्भावमा आँच आउने खालको गतिविधि कसैले पनि गर्न नहुने बताए। त्यसका लागि सबैले आआफ्नो ठाउँबाट संयम, धैर्य र एकता कायम गर्न सहयोग गनुपर्नेमा पनि यादवले जोड दिए।

त्यस्तै प्रधानमन्त्री बालेन्द्र शाहले मधेस प्रदेशबाट प्रतिनिधित्व गर्ने सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूसँग छलफल गरे। छलफलमा प्रधानमन्त्री शाहले राज्य संयन्त्रका सम्पूर्ण अंग उच्च सतर्कताका साथ परिचालित भइसकेकाले नागरिकलाई विचलित नहुन र संयम अपनाउन आग्रह गरे। त्यसक्रममा उनले सबै सांसदलाई आआफ्ना निर्वाचन क्षेत्रमा आत्मविश्वासका साथ पुगेर नागरिक र राज्यबिच सद्भावको बलियो पुल बन्न अनुरोध गरे। प्रधानमन्त्री शाहले मधेस केन्द्रित राजनीतिक दलका नेताहरूसँग पनि शुक्रबार नै छलफल गरे।

त्यस्तै रास्वपा सभापति रवि लामिछानेले विश्व हिन्दु महासंघ, अल सलाम सोसाइटी र जमिअत उलमा ए नेपालका प्रतिनिधिहरूसँग भेटघाट गरे। उनीहरूले संयुक्त रूपमा अपिल जारी गरी विभिन्न स्वार्थ समूहले धर्मका नाममा हिंसात्मक घटना विस्तार गर्ने प्रयास गरिरहेको जनाउँदै सबैलाई संयम अपनाउन, उत्तेजनात्मक, घृणात्मक वा सामाजिक सद्भाव खलबल्याउने कार्यमा संलग्न नहुन अपिल गरे।

नेपाली कांग्रेसले पनि तराई मधेसका विभिन्न जिल्लामा उत्पन्न तनावलाई मत्थर गर्न पदाधिकारी तथा सदस्य, संसदीय दलका नेता तथा सांसदहरू, काठमाडौंमा उपलब्ध मधेस प्रदेश र सुनसरी, मोरङसहितका नेताहरूसँग छलफल गरेको छ। कप्तानगन्जको घटना र त्यसपपछि विकसित घटनाक्रममा सरकारको गैरजिम्मेवारीपन, असंवेदनशीलता र नागरिकमाथि राज्यले अत्यधिक बल प्रयोग गरेको आरोप कांग्रेसको छ। घटनाको सत्य तथ्य छानबिनका लागि तत्काल निष्पक्ष, स्वतन्त्र र विश्वासयोग्य न्यायिक छानबिन समिति गठन गर्न पनि कांग्रेसले माग गरेको छ।

त्यस्तै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले उच्चस्तरीय, स्वतन्त्र र निष्पक्ष छानबिन आयोग गठन गर्न सरकारसँग माग गरेको छ। केन्द्रीय कार्यालय पेरिसडाँडामा संयोजक पुष्पकमल दाहालको अध्यक्षता तथा सहसंयोजक माधवकुमार नेपालको सञ्चालनमा सम्पन्न बैठकले नेपाल धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधतासहितको सहिष्णुतायुक्त समाज भएको जनाएको छ। वर्तमान परिस्थितिमा सामाजिक सद्भाव, सहअस्तित्व र राष्ट्रिय एकतालाई थप मजबुत बनाउनुपर्नेमा जोड दिँदै सबैलाई त्यस प्रयासमा लाग्न आग्रह गरिएको छ। राजनीतिक दल, धार्मिक संघ संस्थाहरूले विभिन्न जिल्लामा सामाजिक सद्भाव र एकताका लागि सर्वपक्षीय बैठक र ¥यालीहरू निकालिएका छन्। यी कार्यले गर्दा तनाव बिस्तारै शान्त बन्दै गएको छ।

# अनलाइनको निसानामा बालिका

पृष्ठ १ बाट

एक छात्राले बाबुलाई सँगै लिएर आई घटनाबारे एक वर्षअघि नै विद्यालयका प्रधानाध्यापक हिक्मतबहादुर बस्नेतसमक्ष गुनासो गरेकी थिइन्। प्रअ बस्नेतले 'एक पटकलाई छाडिदिनू, आइन्दा त्यस्तो गरे झापड हानिदिनू' भनेका थिए तर अहिले पक्राउ परेका शिक्षकमध्ये अविरल मास्केले त्यो कार्य रोकेनन्।

कक्षा ११ र १२ मा लेखा विषय अध्यापन गर्ने मास्केले आफूले पढाउने कक्षाका प्रायः सबैजसो छात्रालाई त्यसरी म्यासेज गर्ने गर्थे। 'मलाई पनि एक दिन म्यासेज पठाएका थिए। मैले पहिला नै बानी थाहा पाएको थिएँ, कुनै रेस्पोन्स गरिनँ। पछि मेरो साथीलाई म्यासेज पठाएर दुःख दिएको थाहा पाएँ,' यसै वर्ष कक्षा १२ पढाइ पूरा गरेकी एक छात्राले भनिन्। मास्के विद्यालय सञ्चालन रहेको खोर्सानै क्षेत्रका धनाढ्य अनि राजनीतिक हिसाबले पहुँचवाला भएकाले गर्दा एक वर्षअघि सचेत गराउँदा गराउँदै मनोबल बढेर त्यस्ता गतिविधिलाई निरन्तरता दिएको पीडितले बताएका छन्।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक कवित कटुवालका अनुसार बालबालिकाविरुद्ध कसुर अभियोगमा मुद्दा दायर गरी अनुसन्धान भइरहेको छ। अनुसन्धान गर्दा अन्य दोषी भए उनीहरू पनि तानिने कटुवालले बताए। सामाजिक सञ्जालमार्फत बालबालिकामाथि हुने अपराधका घटनामा कार्यरत संस्था भ्वाइस अफ द चिल्ड्रेनमार्फत सन् २०२६ जनवरीदेखि जुनसम्म ११ वटा घटना प्रहरीमा दर्ता गरिएको छ। सन् २०२६ जनवरीदेखि जुनसम्म सामाजिक सञ्जालमार्फत भएका ११ वटा पीडितसम्बन्धी घटना दर्ता भएका हुन्। सबै घटना फेसबुक, इन्स्टाग्राम र टिकटकजस्ता सामाजिक सञ्जाल प्लेटफर्ममार्फत भएका हुन्।

यी घटनामध्ये केहीमा बलात्कारजस्तो जघन्य अपराधका घटनासमेत भएका छन्। यस्तै केही मानसिक उत्पीडन, यातना तथा अनलाइन दुर्व्यवहारजस्ता गम्भीर अपराध समावेश छन्। केही घटनामा पीडकले टिकटकमा आपत्तिजनक गीत प्रयोग गरी भिडियो बनाएर पीडितलाई जिस्काउने, अपमान गर्ने र मानसिक तनाव दिने गरेका छन्। केही पीडितले सामाजिक दबाब र अनलाइन उत्पीडनका कारण विद्यालय जानबाट समेत वञ्चित हुनुपर्ने वा विद्यालयमा प्रतिबन्धजस्तो अवस्था सामना गर्नुपरेको छ। भ्वाइस अफ द चिल्ड्रेन इटहरीकी पूजा भण्डारीका अनुसार विशेष गरी इन्टरनेटमा अश्लील शब्द, तस्बिर, भिडियो तथा निरन्तर धम्कीमार्फत मानसिक हिंसाका घटना वर्षैपिच्छे बढ्न थालेका छन्।

कोसी प्रदेशभरि आर्थिक वर्ष २०८२/८३ को अवधिमा जबर्जस्ती करणीका घटना ५१२ वटा छन्। यी घटनाबाट पीडितको संख्या ५१४ छ। त्यसमा १० वर्षभन्दा मुनिका ४७ जना र ११ वर्षदेखि १८ वर्षका २९९ बालिका पीडित भएको कोसी प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ। प्रहरीको तथ्यांकमा जबर्जस्ती करणी उद्योगका घटना ८३ वटा छन्। यी घटनामा ८५ जना पीडित छन्। पीडित हुनेमा १० वर्षमुनिका तीन जना र ११ वर्षदेखि १८ वर्ष उमेर समूहका २३ जना छन्। सोही उमेर समूहकी एक बालिकामाथि एउटा अप्राकृतिक मैथुनको घटना पनि भएको उल्लेख छ।

बाल यौन दुरुपयोगका घटना भने ११४ प्रहरी कार्यालयमा दर्ता भएका छन्। यी घटनामा ११६ जना पीडित छन्। पीडित हुनेमध्ये ३१ जना १० वर्षमुनिका र ११ वर्षदेखि १८ वर्ष उमेर समूहका ८५ जना छन्। बाल यौनदुराचार वा बालिका पीडित भएको अश्लील सामग्रीको उत्पादन वा आदानप्रदान परम्परागत अपराध हो तर पछिल्लो समय इन्टरनेटको विकासले यो अपराधलाई झनै बृहत् बनाएको छ। बाल यौन दुराचारअन्तर्गत कम्प्युटर प्रणालीमार्फत वितरण गर्ने उद्देश्यले बाल यौन दुराचारसम्बन्धी सामग्री उत्पादन गर्ने, कम्प्युटर प्रणालीमा त्यस्तो सामग्री प्रस्ताव गर्ने वा उपलब्ध गराउने, कम्प्युटर प्रणालीमार्फत त्यस्तो सामग्री वितरण वा प्रसारण गर्ने, कम्प्युटर प्रणालीमार्फत आफू वा अन्य व्यक्तिका लागि त्यस्तो सामग्री प्राप्त गर्ने तथा कम्प्युटर प्रणाली वा कम्प्युटर डाटा संग्रह गर्ने उपकरणमा त्यस्तो सामग्री राख्नेलगायत कार्य पर्छन्।

कोसी प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार अपहरण गरी र शरीर बन्धक गराई जबर्जस्ती करणीको घटना ६ वटा मुद्दा दर्ता भएकोमा ६ जना नै पीडित भएका छन्। मानव बेचबिखन गरी जबर्जस्ती करणीको घटना र जबर्जस्ती करणी गरी हत्या गरेका घटना एउटा/एउटा छन्। बालिका संलग्न अवैध गर्भपतनका घटना भने पाँच वटा भएका छन्। यी घटनाको पृष्ठभूमिमा एकअर्काबिच जोड्ने महत्त्वपूर्ण माध्यम सामाजिक सञ्जाल नै रहेको छ। यसरी सामाजिक सञ्जालको दुरुपयोगबाट बढ्दै गएको साइबर हिंसा र डिजिटल सुरक्षाको चुनौतीलाई देखाएको छ। महिलालाई जिस्काउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ।

"बेरोजगारसँग रोजगार, उत्पादनसँग बजार तथा आर्थिक अभावसँग सिवाईसी लघुवित्त"
सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
Cyc Nepal Laghubitta Bittiya Sanstha Ltd.
Pokhara Metropolitan City-08, Nepal, Telephone: 977-061-590894, 590895
Email:info@cycnlbsl.org.np, Web:www.cycnlbsl.org.np

सातौं बार्षिक साधारण सभा सम्बन्धी सूचना
दोश्रो पटक प्रकाशित मितिः २०८३।०४।१६ गते

श्री आदरणीय शेयरधनी महानुभावहरु,
यस सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३/०४/०८ गते बसेको सञ्चालक समितिको १७९औं बैठकको निर्णय अनुसार संस्थाको सातौं बार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा तपशिलका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. साधारण सभा हुने मिति, समय र स्थान :
मिति : २०८३ साल साउन ३० गते (तदानुसार अगष्ट १५, २०२६ )
समय : बिहान ११:०० बजे।
स्थान : पोखरा दिपसागर होटल रेस्टुरेन्ट एण्ड बार प्रा.लि.को सभा हल

२. वार्षिक साधारण सभाको छलफलका विषयहरु
(क) सामान्य प्रस्तावहरुः
१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व २०८२/८३ को वाह्य लेखापरिक्षण कार्य गर्नका लागि संस्थाको लेखापरिक्षण समितिवाट सिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. आर्थिक वर्ष २०८१/८२ मा भएको सञ्चालक समिति र अन्य उप-समितिको बैठक भत्ता तथा समिति सम्बन्धी अन्य खर्च अनुमोदन सम्वन्धमा।
५. संचालक समितिको सदस्यको नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा।
(ख) बिशेष प्रस्तावहरु
१. कुनै पनि लघुवित्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैकमा निवेदन दिने, सम्पति तथा दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्ने, परार्मशदाता, मुल्याङ्कनकर्ता, लेखापरिक्षक नियुक्ती गर्न र निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरुसंग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
२. नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृत लिने, अभिलेख गर्ने, प्रबन्धपत्र नियमावलीमा कुनै बिषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा।
(ग) विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

हार्दिक श्रद्धाञ्जली



जन्मः २००१
स्वर्गारोहणः २०८३/०४/०४

स्व. निला बहादुर बस्नेत

यस एपोलो हाइड्रोपावर लिमिटेडका संचालक श्री धन बहादुर बस्नेतज्यूका पुजनिय पिता **निला बहादुर बस्नेत**को असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।
साथै, दुःखको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित हार्दिक समवेदना प्रकट गर्दछौं।

एपोलो हाइड्रोपावर लिमिटेड
APPOLO HYDROPOWER LIMITED
परिवार

# मृतकको अन्त्येष्टि, त्रास हटाउन पालिका सक्रिय

अमर खड्का, विनोद सुवेदी
इटहरी/विराटनगर, साउन १५

सुनसरीको देवानगन्ज- ३ कप्तानगन्जमा भएको घटनामा मृत्यु भएका दुई युवकको शव पोस्टमार्टमपछि शवयात्रा गर्दै अन्त्येष्टि गरिएको छ। बिहीबार मध्यराती सरकार र पीडित परिवारबिच सहमति भएसँगै शुक्रबार मृतकका परिवारले शव जिम्मा लिएका हुन्।

गृहमन्त्री सुधन गुरुङ उपस्थित भएर पीडित परिवारसँग सहमति गरेसँगै परिवारले २५ वर्षीय ओमप्रकाश मेहता र २१ वर्षीय जयप्रकाश मेहताको शव जिम्मा लिएपछि पाँच दिनदेखिको असहज परिस्थिति सहज हुन पुगेको छ। आइतबार राति भएको दुईपक्षीय युवाबिच भएको झडपमा प्रहरीको गोली लागेर घाइते ओमप्रकाशको सोही दिन राति र जयप्रकाशको बिहीबार उपचारका क्रममा मृत्यु भएको थियो।

दुवैको विराटनगरमा शव यात्रा निकालिएको छ। उनीहरूको शुक्रबार राति नै घटनास्थल देवानगन्ज- ३ कप्तानगन्ज बजार क्षेत्रमै अन्तिम दाहसंस्कार गरिएको छ। दाहसंस्कार गरिएकै स्थानमा गाउँपालिकाले २५ लाख रुपैयाँ खर्चेर स्मृति पार्क निर्माण गरिदिने गाउँपालिका अध्यक्ष बेचन मेहताले बताए।

गृहमन्त्री गुरुङ र मृतक युवकका अभिभावकसँग दुवैजनालाई सहिद घोषणा प्रक्रिया अघि बढाउने र दुवै परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने सहमति भएको छ। साथै, घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने तथा परिवारका एकएकजना सदस्यलाई रोजगारीको अवसर दिने पनि सहमति भएको छ।

गृहमन्त्री गुरुङ र मृतक युवकका अभिभावक (बाबु) सँग सहमति भएसँगै देवानगन्जको कप्तानगन्ज शुक्रबार बिहानैदेखि शान्त रह्यो। देवानगन्जसँगै अरू दिन अशान्त रहने इनरुवा, हनिरगर, कोसी, भोक्राहा, नरसिंहलगायतका स्थानमा पनि बिहानैदेखि शान्त छ। यद्यपि, जिल्ला प्रशासन कार्यालयले बुधबार रातिदेखि १० वटा स्थानीय तहमा लगाएको अनिश्चितकालीन कर्फ्यु कायमै छ। शनिबार बिहानदेखि अवस्था विश्लेषण गरी कर्फ्यु खुकुलो बताउने तयारी भएको सुनसरीका सहायक प्रमुख जिल्ला अधिकारी पोषण लामिछानेले बताए।

देवानगन्ज घटनामा पीडित पक्षसँग सरकारले सहमति गरेसँगै अब स्थानीयस्तरमा कायम त्रास र अविश्वास हटाउन पनि तत्काल सबै सरोकारवालाको सक्रिय भूमिका पनि आवश्यक देखिएको छ। न्याय सुनिश्चित गर्दै दुवै समुदायलाई निर्धक्क र सुरक्षित भएर बस्ने वातावरण बनाउन सबै जुट्नुपर्ने देखिएको छ।

घटनापछि कप्तानगन्ज र आसपासका क्षेत्रमा ठुलो संख्यामा सेना, प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ। सुरक्षा उपस्थिति बढाइए पनि दुवै समुदायका बासिन्दामा रहेको मनोवैज्ञानिक त्रास अझै हट्न सकेको छैन। सम्भावित अप्रिय घटना रोक्न सुरक्षा निकायको सतर्कतासँगै समुदायस्तरमा संवाद र विश्वास निर्माण प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ।

यस्तो अवस्थालाई सहज बनाउन गाउँपालिकाले तत्काल कार्य प्रारम्भ गर्ने भएको छ। देवानगन्ज गाउँपालिका अध्यक्ष बेचन मेहताका अनुसार घटनापछि दुवै पक्षले शव बुझिसके पनि गाउँमा अझै त्रासको वातावरण कायमै छ। अवस्था सहज बनाउन गाउँपालिकाले शनिबारदेखि नै पहल थाल्ने तयारी गरेको हो। दुवै पक्षका प्रतिनिधिलाई बोलाएर वार्ता गर्दै निर्धक्क र सुरक्षित रूपमा बस्ने वातावरण निर्माण गर्ने प्रयास गरिने उनले बताए।

'घटनापछि प्रशासनले जुन ढंगले तत्काल रेसपोन्स गनुपर्ने थियो, त्यो हुन सकेन। गृहमन्त्री पनि घटना भएको भोलिपल्टै आइदिएको भए अहिलेको अवस्था आउँदैनथ्यो', मेहताले भने, 'घटना भएपछि हामी सबै हतास भएका थियौं। एकाएक आन्दोलन सुरु भयो।' उनका अनुसार अब दुवै पक्षलाई बोलाएर वार्ता गरी सहज परिस्थिति निर्माण नगर्दा अरू अप्रिय घटना हुन सक्ने खतरा रहन्छ। यसकारण शनिबारबाटै सरोकारवाला सम्पूर्ण निकाय सामाजिक सद्भाव र एकता कायम गर्न लाग्नुपर्छ।

उनले घटनामा संलग्न दोषीलाई कारबाही हुनुपर्ने माग राख्दै आएको बताए। 'यो विषय गृहमन्त्री सुदन गुरुङसमक्ष पनि राखे, तर छानबिन समितिको प्रतिवेदन आएपछि मात्रै प्रक्रिया अघि बढाउन सकिने जवाफ आएको छ', उनले भने, 'ढिलाइ हुँदा अवस्था झनै जटिल बन्न सक्ने जोखिम छ।' छानबिन समिति घटनाको अध्ययन गरेर शुक्रबार नै काठमाडौं फर्किएको छ। गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा समिति गठित समितिले अध्ययन गरी फर्किएको हो।




## मधेसमा प्रहरीका नेतृत्व परिवर्तन

उपेन्द्र यादव
वीरगन्ज, साउन १५

नेपाल प्रहरीले शुक्रबारदेखि मधेस प्रदेशका आठवटै जिल्लामा एक एआइजीसहित नौजना एसएसपीलाई खटाएको छ। सुनसरीबाट सुरु भएको दुई समुदायबिचको झडपको प्रभावलाई साम्य बनाउन र झडप रोक्न एक एआइजीसहित नौजना एसएसपीलाई खटाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

नेपाल प्रहरीका एआइजी हिमालय श्रेष्ठलाई मधेस प्रदेशमा खटाइएको छ भने उनीसँगै एसएसपी अमरेन्द्र बहादुर सिंहलाई पनि खटाइएको छ।

त्यसैगरी सप्तरीमा एसएसपी अविनारायण काफ्ले, सिरहामा सन्तोष भट्टराई, धनुषामा भुनेश्वर तिवारी, महोत्तरीमा कृष्ण पंगेनी, सर्लाहीमा गोपालचन्द्र भट्टराई, रौतहटमा दीपशमशेर जबरा, बारामा होबिन्द्र बोगटी र पर्सामा सोमेन्द्र सिंह राठौरलाई खटाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयसँगको समन्वय, सहजीकरण गरी पछिल्लो विकसित घटनाक्रमलाई काबुभन्दा बाहिर जान नदिई समयमै स्थितिको सामान्यीकरण गर्ने जिम्मेवारीका साथ उनीहरूलाई खटाइएको पत्रमा उल्लेख छ। साथै परिस्थितिको जानकारी प्रहरी महानिरीक्षकलाई गराउनसमेत भनिएको छ। शुक्रबार खटाइएका उनीहरूले आआफ्नो कार्य क्षेत्रमा पुगेर स्थिति साम्य बनाउन सम्बन्धित निकाय, समुदाय र व्यक्तिहरूसँग छलफलसमेत सुरु गरिसकेका छन्। त्यसैगरी सशस्त्र प्रहरी बल प्रधान कार्यालयले पनि एआइजी गणेश ठाडामगरलाई शुक्रबारै मधेस प्रदेशमा खटाएको छ।

## कप्तानगन्ज घटना

साउन १० गते राति दुईपक्षीय झडप हिंसामा परिणत हुनुमा मुख्य कारण असार १४ गते मुस्लिम समुदायको मोहर्रम मेलामा बजारको बिच भागमा झन्डा गाडिएको थियो। ४० दिनपछि आउने चालिमा मेलासम्म त्यो झन्डा राख्ने अडानमा मुस्लिम पक्ष थिए, तर हिन्दु पक्षले दुई साताअघि त्यही झन्डाको विषयमा विवाद गरे। विवाद गर्ने दुवै पक्षका थिए। मुस्लिम समुदायका केही युवा निकाल्न हुँदैन भन्ने अडानमा थिए भने हिन्दु समुदायका युवा निकाल्नुपर्छ भन्ने पक्षमा थिए। यो विषय वडा नं ३ का वडाध्यक्ष अनिल भगतसम्म पुगेको थियो। त्यसपछि गाउँपालिका अध्यक्ष बेचन यादवसम्म पुग्यो। वडाध्यक्ष भगत यतिबेला सम्पर्कमा छैनन्।

झन्डाका विषयमा सामान्य विवाद भइरहँदा मुस्लिम समुदायका केही युवाले नेपाली कांग्रेसका नेतासमेत रहेका जगदिश मेहतासमक्ष हटाइदिन सुझाएका थिए। अन्ततः मुस्लिम पक्षको झन्डा हटाएर हिन्दु पक्षको झन्डा राखियो। आइतबार अर्थात् साउन १० गते मुस्लिम पक्षका युवाले बोलबम जाने योजना बनाए। योजनाअनुसार देवानगन्ज- ३ मा मन्दिरमा डिजे ठुलो आवाजमा बजाएको विषयलाई लिएर युवाहरूको दुई समूहबिच झडप हुँदा घटना बढेर उग्र रूप लिएको थियो। यस घटनामा बेलैमा वडाध्यक्षले झन्डा विवाद निरूपण गरिदिएको र प्रहरीले बेलैमा विवेक पुऱ्याएको भए यो परिस्थिति ननिम्तिने दुवै पक्षको जिकिर छ।

## विभिन्न ठाउँमा सद्भाव ऱ्याली

वीरगन्ज नागरिककर्मी उपेन्द्र यादवका अनुसार वीरगन्जमा प्रदर्शन हुन नदिन तथा सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय पर्साको आयोजनामा सर्वदलीय तथा सर्वपक्षीय बैठक बसेको थियो। बैठकपछि विभिन्न राजनीतिक दल, धार्मिक अगुवा तथा नागरिक समाजको सहभागितामा वीरगन्जमा सद्भाव ऱ्याली पनि निकालिएको थियो। सद्भाव ऱ्याली सम्पन्न भएको केहीबेरमै हिन्दु युवा समुहले घन्टाघर क्षेत्रमा टायर बालेर प्रदर्शन सुरु गरेका थिए। प्रदर्शनकारी उग्र बन्दै गएपछि पर्साको जिल्ला सुरक्षा समितिले दोस्रोपटक शुक्रबार साँझ ५ बजेदेखि वीरगन्ज महानगरपालिकाका विभिन्न क्षेत्रमा शानिबार बिहान ६ बजेसम्मका लागि निषेधाज्ञा जारी गरेको छ।

जनकपुर नागरिकर्मी सुरेन्द्र यादवका अनुसार बिहीबार बिहानदेखि सुरु गरेको प्रदर्शन दिउँसोसम्म नरोकिएपछि जिल्ला प्रशासन कार्यालय धनुषाले दिउँसो ३ः३० बजेदेखि कर्फ्यु आदेश जारी गरेको छ। कर्फ्यु जारी भएपछि शुक्रबार जनकपुर सुनसान बनेको छ। सेनाले कडाइ गरेपछि मानिस घरबाट निस्कन पाइएका छैनन्। जनकपुरको चौकचौकमा सेना खटिएको छ। घरबाट बाहिर निस्कनेलाई सेनाले रोकेर बाटोबाटै घर फर्कन लगाएको छ। कर्फ्यु जारी गरेपछि जनकपुर शान्त भए पनि ग्रामीण क्षेत्रमा भने हिन्दुवादी युवाले विरोध प्रदर्शन जारी राखेका छन्।

विवादलाई साम्य पार्न शुक्रबार प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले सर्वपक्षीय बैठक बोलाएका थिए। बैठकमा हिन्दु र मुस्लिम समुदायका धार्मिक अगुवा र विभिन्न दलबाट निर्वाचित प्रतिनिधिसभा सांसद, जनकपुरधाम उपमहानगरपालिका जनप्रतिनिधि र सुरक्षा निकायका सुरक्षकर्मी सहभागी थिए। बैठकमा सहभागी सबैको राय एवं सुझावमा भोलि जनकपुरधामसहित जिल्लाका सबै स्थानीय तहमा सद्भाव ऱ्याली निकाल्ने निर्णय गरिएको धनुषाका प्रजिअ लुइँटेलले जानकारी दिए।

बुटवल नागरिकर्मी रेखा भुसालका अनुसार सद्भाव र शान्तिको कामना गर्दै बुद्ध जन्मस्थल लुम्बिनीमा शुक्रबार शान्तिपाठ तथा प्रार्थना गरिएको छ। सुनसरीमा भएको घटनापछि मुलुकमा उत्पन्न तनाव र अशान्तिको अन्त्यको कामना गर्दै बुद्ध जन्मस्थल लुम्बिनीमा शान्ति पाठ तथा प्रार्थना गरिएको हो। लुम्बिनी विकास कोषको आयोजनामा मायादेवी मन्दिरपरिसरमा शान्तिपाठ गर्दै धार्मिक सहिष्णुता, सद्भाव, आपसी भाइचारा र दिगो शान्तिको कामना गरिएको छ।

बाँके नागरिककर्मी गणेश विशुका अनुसार बाँकेमा सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्ने उद्देश्यले शनिबार बिहान नेपालगन्जमा सद्भाव ऱ्याली आयोजना गरिने भएको छ। जिल्लामा बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले पछिल्ला घटनाप्रति दुःख व्यक्त गर्दै सद्भाव कायम राख्न विभिन्न निर्णय गरेको हो।

बैठकले साउन १० गते सुनसरी घटनामा ज्यान गुमाएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताप्रति तथा साउन १४ मा सिरहा घटनामा मृत्यु भएका गणेश यादवप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ। बैठकले दुवै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न सरकारसँग आग्रह गर्ने निर्णयसमेत गरेको छ। बैठकले जिल्लामा शान्ति, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न सबै पक्षलाई जिम्मेवार र संयमित भूमिका निर्वाह गर्न आह्वान गरेको छ। ऱ्यालीमा राजनीतिक दल, विभिन्न धार्मिक समुदाय, नागरिक समाज, सुरक्षा निकाय तथा अन्य सरोकारवालाको सहभागिता रहने छ।

# नसर्ने रोगबाट हुने मृत्युदर डरलाग्दो

कृष्ण किसी
भक्तपुर, साउन १५

नेपालमा नसर्ने रोगबाट हुने मृत्युदर डरलाग्दो रहेको पाइएको छ। तथ्यांकअनुसार हाल नेपालमा दसमध्ये सातजनाको मृत्यु नसर्ने रोगका कारण हुने गरेको तथ्यांक छ। नेपालमा हाल कुल मृत्युको झन्डै ७१ प्रतिशत कारण नसर्ने रोग बनेका छन्। मुटुरोग, क्यान्सर, मधुमेह र दीर्घ श्वासप्रश्वास यसका प्रमुख कारक हुन्।

तथ्यांकअनुसार सन् १९९० मा नसर्ने रोगका कारण हुने मृत्युदर ३० प्रतिशतमा सीमित थियो। यो प्रतिशत वढेर सन् २०१० सम्म पुग्दा ५१ मा चढेको थियो। फेरि बढेर सन् २०२० सम्म पुग्दा ७१ प्रतिशतमा चढेको हो। विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०३० सम्ममा नेपालमा मृत्युको प्रमुख कारक नसर्ने रोग हुने प्रक्षेपण छ। यही अनुपातमा अगाडि बढे सन् २०४० सम्म पुग्दा ७९ प्रतिशतमा उकालो लाग्ने प्रक्षेपण छ।

नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरको ४७औं स्थापना दिवसका अवसरमा शुक्रबार भक्तपुरमा भएको कार्यक्रममा वक्ता चिकित्सक तथा क्षयरोग अभियन्ताहरूले कुनै बेला क्षयरोग पनि भयावह रूपमा रहेको स्मरण गरे। सो अवसरमा चिकित्सकहरूले समयमै जीवनशैलीमा सुधार नगरेमा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को प्रक्षेपणअनुसार सन् २०४० सम्ममा यो दर ७९ प्रतिशतसम्म पुग्न सक्ने अनुमान रहेको जानकारी गराए।

कार्यक्रममा प्रमुख अतिथि चिकित्सक डा. कृष्णबहादुर कर्माचार्यले नसर्ने रोगहरूको प्रकोप बढ्नुको प्रमुख कारण खानपानमा गडबडी, धेरै नुन, चिनी र अस्वस्थकर (प्याकेट) खानाको प्रयोग आदि रहेको बताए। शारीरिक निस्क्रियता, सहरीकरण र प्रविधिको बढ्दो प्रयोगले शारीरिक व्यायाम वा श्रम कम हुनु पनि यसको कारकका रूपमा रहेको उनले सुनाए। चुरोट तथा मद्यपान, सुर्तीजन्य पदार्थ र अत्यधिक मदिरापान, तनावपूर्ण जीवनशैली, मानसिक तनाव र निद्राको कमी आदि पनि यसका कारक रहेको उनले बताए। नियमित स्वास्थ्य परीक्षण, रक्तचाप, सुगर र कोलेस्ट्रोलको नियमित जाँच गराउने, स्वस्थ जीवनशैली, दैनिक ३० मिनेट शारीरिक व्यायाम र ताजा तथा सन्तुलित आहार (फलफूल र सागपात) खाने यसबाट बच्ने उपाय रहेको उनको भनाइ छ। साथै आचरणमा सुधार, सुर्ती र मदिराजन्य पदार्थ सेवन पूर्णरूपमा बन्द गर्ने थप उपाय रहेको उनले सुनाए।

## गुणस्तरमा फट्को मार्दै टिचिङ

पवित्रा सुनार
काठमाडौं, साउन १५

'चाह्यो भने जे पनि सम्भव छ' भन्ने कुरा पछिल्लो समय टिचिङ अस्पताल महाराजगञ्जले गरेका सुधारले पुष्टि गरेको छ। यतिबेला टिचिङ अस्पतालमा सेवा लिन जाने जोकोहीले फरक अनुभूति गर्छन्। अस्पतालले अनौपचारिक रूपमा केही वर्षदेखि र पछिल्लो एक वर्षदेखि सुरु गरेको 'गुणस्तर सेवा तथा बिरामी सुरक्षा' कार्यक्रमको परिणाम सुधारका रङहरू देखिँदै गएका हुन्। यो एकाइमा विभिन्न जिम्मेवारीअनुसार गुनासो सुन्ने र गुनासो विश्लेषण गरी आवश्यक सुधार गरिन्छ।

गत वर्ष साउन १५ देखि अस्पतालले औपचारिक रूपमा अस्पतालमै गुणस्तर सुधार तथा बिरामी सुरक्षा एकाइ गठन गरेर सुधार कार्य थालेको थियो। यो अवधिमा ६२ प्रतिशत सुधार भइसकेको र ८५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको अस्पतालले जनाएको छ। कार्यक्रमको एक वर्ष पुगेको अवसरमा अस्पतालले सुधारको समीक्षा गरेको छ। यो अवधिमा ४६२ वटा सेवा तथा गुणस्तरका विषयमा गुनासो आएको र गुनासोका कारणको विश्लेषण खोजी सुधारका कार्य गरेको अस्पतालका गुणस्तर सुधार तथा बिरामी सुरक्षा कार्यक्रमका संयोजक डा. पवनकुमार चालिसेले बताए।

गुणस्तर तथा सुरक्षाको मापदण्डअन्तर्गत ६० प्रतिशत उपचार सेवा, २० प्रतिशत प्रशासन सुधार र २० प्रतिशत इन्जिनियरिङ (अस्पतालको लन्ड्री, इन्जिनियरिङ र क्यान्टिन जस्ता सेवा) पर्छन्। यो अवधिमा यी तीनवटै सूचकलाई आधार बनाएर अस्पतालले सुधार गरेको संयोजक चालिसेले बताए; जसमा भवनअनुसार क्यान्टिन विस्तार, क्यान्टिन प्रवर्धन, शौचालय सफाइ, ओपिडी सेवामा सुधार, क्यास काउन्टर विस्तार, फार्मेसी विस्तार, भर्ना भएका बिरामीले क्युआर गरेपछि सिधै बिरामीको बेडमा औषधी पठाउने क्युआर सिस्टमको विकास, बिल स्क्यान गरेर बिरामीले आफैं रिपोर्ट प्रिन्ट गर्ने व्यवस्था, रगतको नमुना संकलन गर्ने ठाउँमा बिल तिरेपछि सबै बिरामीको विवरण प्राप्त गर्ने डिजिटल प्रणाली लागु गर्नेलगायतका सुधारका कार्य भएको जानकारी दिए।

८५ प्रतिशत सुधारको स्थितिमा पुऱ्याउने गरी तयारी भइरहेको त्यसका लागि बिरामीको पूरै मेडिकल रेकर्ड डिजिटल प्रणालीमा लैजाने तयारी भइरहेको, ओपिडी टिकट लिएपछि सिफ्टअनुसार समय लिएर सेवा लिन आउने गरी व्यवस्थापन गर्ने गरी टिकट काउन्टरमा सिस्टम परिवर्तन गर्ने तयारी भइरहेको छ। अस्पतालमा पानी तथा शौचालय सुधार, कुरुवाका लागि चेयर राख्नेलगायतका काम गर्ने तयारी भइरहेको डा. चालिसेले जानकारी दिए। अस्पतालमा पुराना भौतिक संरचनाका कारण अन्तर्राष्ट्रिय स्तरको गुणस्तर प्रवर्धन गर्न नसकिने स्थिति रहेको डा. चालिसे बताउँछन्।

अस्पतालको भौतिक संरचना कमीका कारण स्ट्यान्डर्ड मापदण्डअनुसार शौचालय विस्तार, आकस्मिक कक्षबाट समयमै बिरामी भर्ना गर्न नसक्नु, आइसियु र आइडिपेन्डेन्सी युनिटबाहेक अन्य वार्डमा बिरामीको अनुपातमा चिकित्सक र नर्सको जनशक्ति व्यवस्थापन गर्न नसक्नु गुणस्तर सेवा तथा बिरामी सुरक्षाको मापदण्डअनुसार हुन नसकेको अस्पतालले जनाएको छ।

अन्तर्राष्ट्रिय तहको उत्कृष्ट स्तर कायम गर्न सरकारले टिचिङ अस्पताललाई जनरल अस्पतालका रूपमा राखेर विशिष्टीकृत सेवा दिने गरी अस्पतालको बल्खुस्थित २५० रोपनी जगामा नयाँ भवन बनाएर सेवा दिन सकिन्छ। यो विषयमा सरकारलाई प्रस्ताव राखेको उनले जानकारी दिए। 'अब कलेजो तथा मिर्गौला प्रत्यारोपण, मुटु सेवा जस्ता विशिष्टीकृत सेवा नयाँ ठाउँबाट दिन सकिन्छ, त्यसपछि मात्र पूर्ण गुणस्तरीय र बिरामी सुरक्षा सुनिश्चितता प्रदान गर्न सकिछ', उनले भने। सो क्रममा टिचिङ अस्पतालका निर्देशक डा. सुवासराज आचार्यले सरकारी अस्पताललाई नमुनाका रूपमा विकास गर्ने एकाइ निर्माण गरेर सुधार कार्यक्रम अघि बढेको बताए। '५० वर्षको समय बिरामीको पहुँचको विषयमा मात्र कुरा गऱ्यौं, अबको समय गुणस्तर र बिरामी सुरक्षाका विषयमा कुरा गर्नुपर्छ भन्ने महसुस भयो', उनले भने।

# चार महिनामा २४ पटक कर्मचारी सरुवा

भुवन शर्मा
काठमाडौं, साउन १५

बालेन्द्र शाहको नेतृत्वमा सरकार बनेको चार महिनामा सरकारले विगतका सरकार झैं धमाधम कर्मचारी सरुवा गरेको छ। सरकारले यस अवधिमा २४ पटक उपसचिवभन्दा मुनिका कर्मचारी र २६ जना सचिव तथा १०७ जना सहसचिवको सरुवा गरिसकेको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार मात्र २१ जना शाखा अधिकृतहरूको सरुवा गरेको छ। सहसचिव र सचिवको सरुवा मन्त्रिपरिषद्को बैठकले तथा उपसचिव र उपसचिवभन्दा मुनिका कर्मचारीको संघीय मामिला मन्त्रालयले सरुवा गर्नुपर्ने व्यवस्था निजामती सेवा नियमावली २०५० मा उल्लेख गरिएको छ।

**२६ सचिव तथा १०७ सहसचिवको सरुवा**

मन्त्रिपरिषद् बैठकले विभिन्न मितिमा गरेको निर्णयका आधारमा सचिव र सहसचिवसरहका कर्मचारीको संख्या जोड्ने हो भने गत चैत १३ देखि हालसम्म २६ जना सचिव र १०७ जना सहसचिवको सरुवा गरेको छ।

सरकार बनेको दुई महिना पुग्नु केही दिनअघि गत जेठ १० मा सरकारले १० जना सचिवको सरुवा गऱ्यो। त्यसपछि सचिव सरुवा गर्ने क्रम धमाधम जारी रह्यो। सचिव तथा सहसचिवको सरुवा निर्णय मन्त्रिपरिषद्को बैठकबाट गराउनुपर्ने भए पनि सम्बन्धित मन्त्रालयलाई काज सरुवा गर्ने अधिकार दिइएको हुन्छ। त्यसैले यस अवधिमा केही सचिवको काज सरुवा गरिएको छ।

गत जेठमा गोविन्द शर्मा, चन्द्रकला पौडेल, सचिव कृष्णहरि पुस्कर, प्रमिलादेवी बज्राचार्य, चिरञ्जीवी चटौत, डुन्डुराज घिमिरे,

> कर्मचारी सरुवा गर्दा सरुवापत्रमै अवधि तोकी कम्तीमा दुई वर्षका लागि लेख्नुपर्ने व्यवस्था छ, तर यो व्यवस्था बारम्बार उल्लंघन गरिएको छ। कार्यतालिकाभन्दा बाहिर हुने सरुवामा न्यूनतम मापदण्ड, विधि र प्रक्रिया मिचिएको हुन्छ।

भूपाल बराल, डिल्लीराज शर्मा, नारायण शर्मा दुवाडी, कृष्ण राउतको सरुवा गरिएको थियो। तीमध्ये हाल केही सचिवले अनिवार्य अवकाश पाइसकेका छन्। गत असारमा थप ६ जना सचिवको सरुवा गरिएको थियो। यसरी सरकारले पटकपटक गरी २६ जना सचिवको र १०७ जना सहसचिवको सरुवा गरिसकेको छ। केही दिनअघि मात्र सरकारले २१ जना सहसचिवको सरुवा गरेको थियो।

**कानुनमा यस्तो छ व्यवस्था**

निजामती सेवा नियमावली २०५० मा निजामती सेवाका कर्मचारीको सरुवा कार्यतालिका राखिएको छ। नियमावलीको दफा ३६ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रत्येक वर्ष भदौ १ देखि मसान्तसम्म मन्त्रालय वा मन्त्रालयस्तरको सरुवा गर्ने, केन्द्रीय निकाय वा विभागले असोज १ देखि १५ भित्र आन्तरिक सरुवा गर्ने र क्षेत्रीयस्तरका निकायले असोज १६ देखि मसान्तसम्म सरुवा गरिसक्नुपर्ने व्यवस्था छ। तोकिएको कार्यतालिकाभन्दा पहिले या पछि अत्यावश्यक मात्र सरुवा गर्नुपर्ने र त्यस्तो सरुवामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सहमति लिनुपर्ने व्यवस्था छ। तर अहिले केही मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयसँग सहमति नलिई कामकाज भन्दै गुपचुप सरुवा गरिरहेका छन्।

कर्मचारी सरुवा गर्दा सरुवापत्रमै अवधि तोकी कम्तीमा दुई वर्षका लागि लेख्नुपर्ने व्यवस्था छ, तर यो व्यवस्था बारम्बार उल्लंघन गरिएको छ। कार्यतालिकाभन्दा बाहिर हुने सरुवामा न्यूनतम मापदण्ड, विधि र प्रक्रिया मिचिएको हुन्छ।

**मन्त्रालय भन्छ, सरुवा स्वाभाविक हो**

यसैबिच भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको सचिवालयमा कार्यरत एक कर्मचारीले सरकार निर्माण भएको चार महिनाको अवधिमा मन्त्रालयले गरेको सरुवा स्वाभाविक भएको बताए। 'यतिबेला सबै मन्त्रालयले दरबन्दी संरचना फेरदबल गरेका छन्। केही दरबन्दी कटौती गरिएको छ भने केही घटाइएको छ। फाजिल दरबन्दी व्यवस्था गर्न र खाली भएको ठाउँमा कर्मचारी पठाइएको हो', ती कर्मचारीले भने, 'बढुवा भएका कर्मचारीको पदस्थापन गरिएको छ। यसकारण पनि सरुवा गरिएका कर्मचारीको संख्या बढी देखिएको हो, जुन स्वाभाविक हो।' ती कर्मचारीका अनुसार मन्त्रालयले उपसचिव, शाखा अधिकृत, नायब सुब्बा, खरिदारदेखि श्रेणीविहीन कर्मचारीको समेत सरुवा गरेको छ भने केहीको व्यवस्थापन गरेको छ। उनले भने, 'यही अवधिमा भूमि समस्या समाधान समिति तथा सम्पत्ति छानबिन आयोगमा पनि कर्मचारी पठाउनुपरेको छ। यही कारण पनि संख्या बढी देखिएको हो।' कानुनसम्मत सरुवा भएको र सरुवामा विधि उल्लंघन नगरिएको ती कर्मचारीले बताए।

# प्रदेश प्रमुखबाट फिर्ता गाँजा विधेयक हुबहु पारित

सन्देश श्रेष्ठ
पोखरा, साउन १५

गण्डकी प्रदेशसभाले प्रदेश प्रमुखबाट फिर्ता भएको गाँजा विधेयक हुबहु पारित गरेको छ। औषधीजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधान र संघीय कानुनसँग बाझिएको भन्दै सन्देशसहित साउन ८ गते फिर्ता पठाएका थिए। शुक्रबार बसेको प्रदेशसभा बैठकले सो विधेयक प्रदेशको एकल अधिकारभित्र पर्ने भएकाले पुनर्विचार गर्नुपर्ने कारण नभएको भन्दै हुबहु पारित गरेर प्रमाणीकरणका लागि पठाउने निर्णय गरेको हो।

यसअघि गण्डकी प्रदेश प्रमुख भट्टले प्रदेशसभाले पारित गरेर प्रमाणीकरणका लागि पठाएको ऐन पुनर्विचार गर्न रायसहित प्रदेशसभामा फिर्ता पठाएका थिए। गण्डकी प्रदेशसभाले असार २५ मा पारित गरेको नेपालको संविधान र संघीय कानुनसँग बाझिएको बताएका थिए। उनले नेपालको संविधानको धारा ५७ को उपधारा ६ मा प्रदेशसभा, गाउँसभा वा नगरसभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनुपर्ने व्यवस्था रहेकोतर्फ सचेत गराउँदै त्यसविपरीत भएकाले फिर्ता गरेको उल्लेख गरेका थिए।

प्रदेशसभाले बनाएको त्यस्तो कानुन संघीय कानुनसँग बाझिएको हदसम्म अमान्य हुने संवैधानिक प्रावधान रहेकोतर्फ ध्यानाकर्षण गराएका थिए। संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ को दफा ४ को उपदफा २ मा पनि प्रदेशले कानुन बनाउँदा विचार गर्नुपर्ने कुरा उल्लेख गरेको र सोही उपदफाको खण्ड ख मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारका विषयमा कुनै कानुन वा नीति बनाउँदा संघीय कानुनसँग बाझिन नहुने स्पष्ट उल्लेख हुँदाहुँदै गण्डकी प्रदेशले पारित गरेको गाँजासम्बन्धी विधेयकले यी कानुनी आधारहरूलाई उल्लंघन गरेको देखिएकाले विधेयक फिर्ता गरेको उनले स्पष्ट पारेका थिए।

## धानको भुसभित्र एक मेट्रिक टन गाँजा

चुमन बस्नेत
मोरङ, साउन १५

मोरङको रतुवामाई नगरपालिकाबाट प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ। रतुवामाई नगरपालिका-१० सोमबारेबाट एक मेट्रिक टन (एक हजार केजी) गाँजा बरामद गरेको हो।

इलाका प्रहरी कार्यालय सिजुवा र सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गल्म चुनीबारीको संयुक्त टोलीले एक हजार ३३ केजी गाँजा बरामद गरेको मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले जानकारी दिए। उनका अनुसार उर्लाबारीबाट आमबारीतर्फ आउँदै गरेको को १ ख ४३७३ नम्बरको मिनी ट्रकमा गाँजा रहेको विशेष सूचना आएपछि नेपाल र सशस्त्र प्रहरीको संयुक्त टोलीले रोकेर जाँच गर्दा ट्रकको पछाडि धानको भुसको बोरामुनि कालो प्लास्टिकमा प्याक गरेर राखिएको ३१ वटा पोका गाँजा फेला परेको थियो। बारमद गरिएका सबै गाँजा तौल गर्दा एक हजार ३३ केजी रहेको एसपी कटवालले बताए।

बरामद गाँजा, नियन्त्रणमा लिइएको ट्रक र पक्राउ परेका चालकलाई इलाका प्रहरी कार्यालय सिजुवामा राखेर थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

# अभियुक्तको जीवनावस्थाप्रति न्यायिक संवेदना

मानसिक रूपमा अक्षम भइसकेको व्यक्तिलाई अदालतमा जबरजस्ती उभ्याउनु वा उनीमाथि सामान्य व्यक्तिसरह न्याय सम्पादन प्रक्रिया अघि बढाउनु फौजदारी न्यायको मर्मअनुकूल हो ? यस विषयमा अन्तर्राष्ट्रिय न्यायशास्त्रका प्रतिमान के भन्छन् ? नेपालको कानुन कहाँ चुकेको छ ? यी विषयमा गम्भीर मन्थन आवश्यक छ।

कानुन



रवीन्द्र भट्टराई

पूर्वअर्थमन्त्री तथा नेपाली कांग्रेसका वरिष्ठ नेता डा. रामशरण महत यतिबेला गम्भीर मानसिक स्वास्थ्य समस्या स्मृतिनास (डिमेन्सिया) बाट ग्रस्त छन्। कुनै समय राष्ट्रको आर्थिक नीति र बजेट निर्माणको मियो रहेका महत अहिले आफ्नै विगत, पहिचान र दैनिक जीवनका आधारभूत प्रक्रिया सम्भिmन नसक्ने अवस्थामा छन्। तर, विडम्बना के छ भने उनी विगतमा मन्त्री छँदा पोखरा विमानस्थलसम्बन्धी निर्णयका आधारमा उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा विशेष अदालतमा डायर भएको भ्रष्टाचार मुद्दा अहिले विचाराधीन छ। अदालतमा उपस्थित हुन नसकेपछि उनका हकमा मुद्दा मुल्तबी राखिपाउन उनकी पत्नीले गरेको निवेदनलाई विशेष अदालतले अस्वीकार गरेको छ र उनले अब अदालत उपस्थित हुनैपर्ने बाध्यता रहेको अदालतले औंल्याएको छ।

अन्य प्रतिवादीहरू अदालतमा उपस्थित भइसकेका र महतको शारीरिक तथा मानसिक अवस्था अदालतको प्रांगणसम्म पुगेर बयान दिन सक्ने प्रकृतिको नरहेकाले उनको हकमा मुद्दा मुल्तबी राखी पाऊँ भनी परेको निवेदनमा अदालतले देखाएको अनुदारताले नेपाली फौजदारी न्याय प्रणाली र मानसिक स्वास्थ्यप्रतिको कानुनी सचेततामाथि गम्भीर प्रश्न खडा गरेको छ। मानसिक रूपमा अक्षम भइसकेको व्यक्तिलाई अदालतमा जबरजस्ती उभ्याउनु वा उनीमाथि सामान्य व्यक्तिसरह न्याय सम्पादन प्रक्रिया अघि बढाउनु फौजदारी न्यायको मर्मअनुकूल हो ? यस विषयमा अन्तर्राष्ट्रिय न्यायशास्त्रका प्रतिमानहरू के भन्छन् र नेपालको कानुन कहाँ चुकेको छ भन्ने विषयमा गम्भीर मन्थन आवश्यक भएको छ।

**अदालती कारबाहीमा उभिन सक्ने सक्षमता : न्यायशास्त्रमाथिकै चुनौतीपूर्ण प्रश्न**

यो घटनाले नेपाली फौजदारी न्याय र कार्यविधि कानुनमा रहेको एउटा ठुलो सिद्धान्तगत र व्यावहारिक खाडललाई देखाएको छ। प्रश्न 'कसुर गर्दाका बखत उनी मानसिक रूपमा स्वस्थ थिए कि थिएनन् ?' भन्ने सारवान् कानुनको होइन किनभने कसुर भएको भनिएको समयमा उनी पूर्ण चेतनामा नै थिए भन्नेमा विवाद छैन। मूल प्रश्न हो- कसुर भइसकेपछि अनुसन्धान, अभियोजन वा पुर्पक्षका क्रममा प्रतिवादी गम्भीर मानसिक वा न्युरोलोजिकल असक्षमताका कारण आफ्नो प्रतिरक्षा आफैं गर्न नसक्ने अवस्थामा पुगेमा कार्यविधिगत रूपमा अदालतले कस्तो बाटो रोज्ने ? सारवान् न्याय कार्यविधि कानुनले निस्तेज पार्न मिल्छ ?

कानुनी वृत्तमा प्रायः कसुर गर्दाको मानसिक असन्तुलन वा विक्षिप्तताको अवस्था र पुर्पक्षका बखतको कारबाहीमा उभिनका लागि मानसिक अक्षमतालाई एउटै अवधारणागत आलोकबाट हेर्ने गरिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १३ ले 'कसुर गर्दाका बखत' मानसिक असन्तुलन भएको व्यक्तिलाई आपराधिक दायित्वबाट छुट दिन्छ तर महतको हकमा आकर्षित हुने यो नियम हुँदै होइन। कसुर गर्दाका बखत प्रतिवादी स्वस्थ थियो तर मुद्दा अनुसन्धान, अभियोजन र पुर्पक्षका क्रममा उसले स्मरणशक्ति र बौद्धिक क्षमता गुमाउन पुग्यो भने उसले अदालतमा कसरी आफ्नो बचाउ गर्ने ? अभियुक्तले आफूमाथि लागेको अभियोग बुझ्न सक्दैन, कानुनव्यवसायीलाई निर्देशन दिन सक्दैन र बयान दिन असमर्थ हुन्छ, तब उसमाथि सारसौंदो व्यक्तिसरह अदालती प्रक्रिया चलाउनु 'स्वच्छ पुर्पक्ष'को सिद्धान्त हो ? अर्थात् यसले न्याय निश्चित गर्छ ?

कार्यविधिगत कानुन र यसको सीमितता

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९८ ले पक्राउपुर्जी जारी भएको अभियुक्त त्यस्तो पुर्जी जारी भएको मितिले ३५ दिनभित्र पनि अदालतमा उपस्थित नभएमा वा निजलाई उपस्थित गराउन नसकिएमा अदालतले निजको हकमा मुद्दाको मुलतबी राखी अन्य अभियुक्तको हकमा प्रमाण बुझी मुद्दा किनारा गर्ने कार्यविधि स्पष्ट छ। यो दफाको भाषा स्पष्ट छ : उपस्थित गराउन नसकिएमा अर्थात् आफैं उपस्थित हुन आएमा उसलाई उपस्थित गराउन न्यायप्रशासनले उपस्थित गराउन प्रयत्न गर्नुपर्छ। जतिबेला अनुहारबाटै अभियुक्त अदालतमा उपस्थित हुन सक्ने अवस्था विद्यमान नरहेको अवस्था छ्यांग देखिन्छ, त्यसबेला पक्राउपुर्जी पाएको अभियुक्तका तर्फबाट मानवीयताका आधारमा अदालतलाई जानकारी गराएपछि अदालतले के गर्ने ? भन्ने प्रश्नको उत्तर त्यो प्रावधानले दिएको छैन। अभियुक्तले 'मानसिक सन्तुलन' गुमाएर आफ्नो प्रतिरक्षा गर्न सम्भावना नरहेको प्रतिवादीलाई तैंले हाजिर हुनैपर्छ र न्यायसमक्ष उभिनैपर्छ भनेर न्यायपालिकाले भन्नु कतिको मानवीय हुन्छ होला ? यो मुद्दाबाट यही प्रश्न उद्घाटित हुन पुगेको देखिन्छ।

हाम्रा अदालतहरूले 'मानसिक असन्तुलन' भन्नाले परम्परागत रूपमा पागलपन, विक्षिप्तता वा यीजस्तै वा कडा मनोरोगलाई मात्र बुझ्ने गरेका छन्। डिमेन्सियाजस्तो उमेर वा न्युरो-डिजेनेरेटिभ कारणले मस्तिष्कका कोषहरू क्षय भई 'स्मृतिनास' हुने अवस्थालाई अदालतले फौजदारी कार्यविधिको दायराभित्र सहजै स्वीकार गर्न सकेकै पाइँदैन।

बहुप्रतिवादी भएका मुद्दामा एकजना प्रतिवादीको मानसिक अस्वस्थताका कारण सिंगो मुद्दाको कारबाई नै रोकिँदा अन्य प्रतिवादीहरूको शीघ्र न्याय पाउने अधिकार कुण्ठित हुन्छ तर यही बहानामा मानसिक रूपमा मृतप्रायः भइसकेको व्यक्तिलाई बयान वा प्रतिरक्षाका लागि अदालतमा जबरजस्ती उपस्थित गराउन खोज्नु न्यायको सिद्धान्तले के भन्छ ? त्यो न्यायमूर्तिहरूले न्यायका सर्वमान्य सिद्धान्तका आधारमा विचार गर्ने कुरा होला तर सामान्य मानवीयताको चेतबाट यस्तो कुरालाई कुनै हालतमा उचित मान्न सकिँदैन।




**अन्तर्राष्ट्रिय कानुन र अन्य क्षेत्राधिकारका न्यायिक नीति के भन्छन् ?**

अन्तर्राष्ट्रिय फौजदारी न्यायशास्त्रमा अभियुक्तको मानसिक असक्षमतालाई 'पुर्पक्षार्थ उभिन सक्ने सक्षमता'का मानकबाट परीक्षण गरिन्छ। अंग्रेजी कानुनमा विकसित प्रिट्चार्ड जाँच (१८३६) देखि आधुनिक मानवअधिकार कानुनसम्म आइपुग्दा यस विषयमा नीतिहरू स्पष्ट र परिमार्जित हुँदै आएका छन्। प्रिट्चार्ड जाँचले अभियुक्त अदालती प्रक्रिया सामना गर्न सक्षम छ कि छैन भनी जाँच्न पाँच आधार हेर्नुपर्ने सिफारिस गर्छ : उसले आफूमाथि लागेको दाबी/अभियोग बुझेको छ कि छैन ? उसले दोषी वा निर्दोषको दाबी गर्न सक्छ कि सक्दैन ? उसले अदालतको कारबाहीलाई पछ्याउन र बुझ्न सक्छ कि सक्दैन ? उसले आफ्नो कानुनव्यवसायीलाई सही निर्देशन दिन सक्छ कि सक्दैन ? उसले साक्षी वा प्रमाणको खण्डन गर्न सक्छ कि सक्दैन ? यीमध्ये कुनै एक क्षमताको पनि अभियुक्तमा अभाव देखिएमा उनीमाथि मुद्दाको कारबाही स्थगित गरिन्छ। त्यो कारबाहीको स्थगनलाई नै नेपालीमा मुद्दा मुलतबी गर्नु वा मुलतबीमा राख्नु भन्ने गरिन्छ।

नेपाल पक्षराष्ट्र रहेको अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा १ ले अपांगता भएका व्यक्तिको परिभाषामा समाजमा विद्यमान विभिन्न अवरोधसँगको अन्तर्क्रियाका कारण अन्य व्यक्तिसरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी रूपमा सहभागी हुन बाधा पुऱ्याउने मानसिक, बौद्धिक वा इन्द्रियगत अक्षमता वा विचलनलाई समेटेको छ। यसअनुसार महासन्धिले स्मृतिनास, गम्भीर मनोरोग, न्युरोलोजिकल क्षयजस्ता मानसिक अवस्था वा मस्तिष्कजन्य असक्षमता मानसिक असमर्थताका रूपमा अपांगता स्वीकार गरेको छ।

> अभियुक्तले आफूमाथि लागेको अभियोग बुझ्न सक्दैन, कानुनव्यवसायीलाई निर्देशन दिन सक्दैन र बयान दिन असमर्थ हुन्छ भने उसमाथि सारसौंदो व्यक्तिसरह अदालती प्रक्रिया चलाउनु 'स्वच्छ पुर्पक्ष'को सिद्धान्त हो ? यसले न्याय निश्चित गर्छ ?

महासन्धिले सोच्ने, निर्णय लिने, परिस्थिति बुझ्ने र तर्क गर्ने क्षमतामा आउने स्थिर ह्रास वा सीमालाई यसले अपांगताको दायराभित्र राखेको छ अनि कानुनी र न्यायिक प्रक्रियामा (विशेष गरी फौजदारी पुर्पक्षमा) मानसिक/बौद्धिक अपांगता वा असक्षमता भएका व्यक्तिहरूलाई धारा १३ ले न्यायमा पहुँचका मान्यतामा आधारित उनीहरूको अवस्था सुहाउँदो कार्यविधिगत अनुकूलन प्रदान गरिनुपर्ने कुरालाई पनि महासन्धिले अनिवार्य बनाएको छ। त्यो कानुनलाई नेपालमा कानुन नभएको अवस्थामा परिपूरक कानुनका रूपमा ग्रहण गर्नुपर्ने अभिभारा नेपालका अदालतको पनि हुन्छ। यसलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १० र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ मा भएका व्यवस्थासँग जोडेर न्यायिक व्याख्या गर्ने अभिभारा अदालतकै हो।

यो अन्तर्राष्ट्रिय प्रतिमानको अनुकूलनका लागि बेलायतले फौजदारी कार्यविधि (विक्षिप्तता र बचाउ दाबी गर्न अक्षम) ऐन १९९१ ले फौजदारी कारबाही होइन, राज्यकै लागतमा स्वास्थ्योपचारको प्रबन्ध गर्ने दिशा लिएको पाइन्छ। अमेरिकामा पनि प्रतिवादी मुद्दा चलाउन अयोग्य ठहरिएमा पहिले उसलाई उपचार/रेखदेखमा पठाइन्छ र स्मृतिनासजस्तो निको नहुने प्रकृतिको रोग भएमा उसका हकमा मुद्दा सदाका लागि स्थगित गरिन्छ वा तथ्यको मात्र परीक्षण फौजदारी सजायबाट उन्मुक्ति दिई देवानी दायित्व (क्षतिपूर्ति/बिगो) को विषयमा सीमित भएर निरूपण गरिन्छ।

**अदालतले अपनाउनुपर्ने मानवीय उपाय**

माथिका सैद्धान्तिक तथा अन्यत्रका असल अभ्यासले नेपालका अदालती संरचनाहरूले महतजस्ता प्रतिवादीहरूका हकमा आफ्नो प्रक्रियागत कठोरता त्यागी मानवीय दृष्टि, मानवअधिकार र कानुनी शिक्षाको दृष्टिबाट न्यायिक उपाय अपनाउने दृष्टिकोण र व्यवहार विकास गर्नुपर्ने देखिन्छ। सामान्य सरकारी अस्पतालका पुर्जा वा साधारण सिफारिसलाई शंकाको दृष्टिले हेर्ने हो भने अदालतले आफ्नै आदेशमा न्युरोलोजिस्ट, फरेन्सिक मनोचिकित्सक र मनोरोग विशेषज्ञ सम्मिलित मेडिकल बोर्डगठन गरेर यस्ता विषयमा शीघ्र निष्कर्षमा लानुपर्छ : प्रतिवादी वा उनका अभिभावकहरूलाई चिकित्साजाँच र थप आर्थिक भारमा पार्ने होइन। यस्तो बोर्डले अभियुक्तको 'स्मृतिनास'को मात्रा र उनी अदालतमा उपस्थित हुन वा बयान दिन सक्षम छन् वा छैनन् भनी वैज्ञानिक परीक्षण गरी दिएको प्रतिवेदनका आधारमा मुद्दा मुल्तबीमा राखी विरामीप्रतिवादीलाई मुद्दाको घाँडो झुन्ड्याउने होइन, मुद्दा किनारा गरी माथि भनिएजस्तै फौजदारी दायित्वबाट उन्मुक्ति दिँदै देवानी दायित्वतर्फ मुद्दा सीमित गर्नुपर्छ।

बहुप्रतिवादी भएको मुद्दामा स्मृतिनासका कारण असमर्थ प्रतिवादीको हकमा मुद्दा पृथकीकरण गरी अन्य सक्षम प्रतिवादीहरूको हकमा कारबाही अघि बढाउनुपर्छ। यसका लागि असमर्थ प्रतिवादीको हकमा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९८ बमोजिम मुद्दा मुल्तबी गर्ने वा फौजदारी कारबाहीको स्थगत गर्ने व्यवस्थाको उदार व्याख्या गरिनुपर्छ।

बिगो वा सरकारी सम्पत्तिको हानिनोक्सानी असुलउपर गर्नुपर्ने विषयजस्ता अदालतले मुद्दालाई पूर्णतः रोक्न नमिल्ने अवस्थाहरूको हकमा प्रतिवादी स्वयं उपस्थित हुन नसके पनि निजको हकमा निजका कानुनी वारिस, संरक्षक वा अदालतबाटै एमिकस क्युरी' नियुक्त गरी वा अर्को मित्रमार्फत देवानी दायित्वका विषयमा मात्र बहस गराउने बाटो खोल्नुपर्छ। फौजदारी सजायका हकमा भने प्रतिवादीको भौतिक र मानसिक उपस्थिति अनिवार्य मानिनुपर्छ।

अदालत केवल कानुनको निर्जीव व्याख्याता होइन, यो नागरिकका मौलिक र मानवअधिकारको अन्तिम संरक्षक पनि हो। न्यायकर्ताले सैद्धान्तिक रूपमा न्याय घोषणा गरेर मात्र पुग्दैन, न्याय मारिने हो कि र त्यसको अबगालले आफूलाई भविष्यसम्म पोलिरहने हो कि भन्ने कुरामा सोच्नुपर्छ। कसुर गरिसकेपछि जीवनको उत्तरार्धमा रोगका कारण आफ्नै पहिचान र चेतना गुमाउन पुगेका अभियुक्तलाई अदालतको कठघरामा तानेर ल्याउन ढिपी गर्नु वा उनको असक्षमतालाई बेवास्ता गरी अघि बढ्नु न्यायको मर्म होइन, त्यो त न्यायकर्मीले नै न्यायका प्रतिमानको अपमान गर्नु हो।

यसैले डा. रामशरण महतको यो मामलाले नेपाली कानुनी समुदाय, न्यायाधीश र विधायिकालाई 'अदालती कारबाही वा पुर्पक्षमा उभिने अक्षमता'सम्बन्धी मानवीय सिद्धान्तहरूलाई आत्मसात् गर्न र कार्यविधि संहितामा रहेका अस्पष्टताहरूलाई विधायन र न्यायिक व्याख्यामार्फत सुधार्न एउटा ऐतिहासिक अवसर प्रदान गरेको छ। न्याय सम्पादनप्रक्रियाभित्रका यस्ता अमानुषिक सास्ती वा व्यवहार रोक्न हामी नेपालीका दिमागमा बुद्धको 'विनय चेत' कहिले घुस्ला ? विधायक र न्यायसम्पादकहरूलाई अभियुक्तका बिरामी जीवनावस्थाप्रति मानवीय संवेदना दर्साउन छेक्ने त्यस्तो न्यायको मान्य सिद्धान्तचाहिँ कुन होला ?

# ज्ञानयात्रा : गुरुकुलदेखि एआईसम्म

आजको युगमा गुरुको कार्यभार विद्यार्थीलाई केवल सूचना प्रवाह गर्नु होइन। यो काम त एआईले तीव्र गतिमा गरिरहेको छ। आजका गुरुहरूको वास्तविक परीक्षा प्रविधिको यो भयावह बाढीमा सत्य र असत्य, विवेक र भ्रम, नैतिकता र अनैतिकताबिचको सीमारेखा छुट्याउन सक्ने 'तेस्रो नेत्र' वा दृष्टि प्रदान गर्नुमा छ।

समय



जानुका कँडेल

सामीप्यको आदिम गुरुकुलदेखि डिजिटल युगको अभौतिक 'एल्गोरिदम'सम्म आइपुग्दा ज्ञानको क्षितिज र गुरुको परिभाषामा एउटा व्यापक महासङ्क्रमण अभिलिखित भएको छ। हिजो औपनिषदिक कालमा अज्ञानको तिमिर चिर्न 'नेति-नेति'को साधना गर्दै गुरुको मुखारविन्दबाट निस्सृत महावाक्यको प्रतीक्षा गरिन्थ्यो भने आज कृत्रिम बुद्धिमत्ताको प्राविधिक बक्समा एउटा 'क्लिक'को भरमा ब्रह्माण्डका गूढ रहस्यहरू प्रस्फुटित भइरहेका छन्। व्यास परम्पराको त्यो ऋषिकालीन आलोक आज कम्प्युटर चिप्स र भर्चुअल संजालमा तरंगित हुँदै 'डिजिटल गुरुको स्वरूपमा' रूपान्तरित भएको छ। चेतनाको यो निरन्तर गतिशीलताले मानव इतिहासलाई गुरुकुलको रैखिक कुटीबाट उठाएर आर्टिफिसियल इन्टेलिजेन्सको कृत्रिम महासागरमा अन्तरघुलन गराइदिएको छ। हाल एआईलाई गुरु मान्ने, सोबाट दीक्षित हुने र ज्ञानको अन्तिम सत्य मान्ने परिपाटीले गुरुको भौतिक अवस्थितिलाई अभौतिक स्वरूपमा रूपान्तरण गरिदिएको छ, जुन समसामयिक बौद्धिक विमर्शको केन्द्रविन्दु हो।

मानव जीवनको यात्रालाई कालक्रमको कसीमा नियाल्दा, गुरुको अंकुरण कुनै औपचारिक पाठशाला वा प्रविधिको चौखटबाट हुँदैन, बरु यो त मातृत्वको न्यानो काखबाटै पल्लवित हुन्छ। प्रत्येक मानवको आदि-गुरु र प्रथम अक्षरांकनकी संवाहक आमा हुनुहुन्छ, जसले कोखको अन्धकारबाट धर्तीको उज्यालोमा ल्याएर जीवनको पहिलो स्पन्दन र भाषा सिकाउनुहुन्छ। तत्पश्चात्, संस्कार र समाजको बृहत्तर क्षितिज चिनाउने दोस्रो निश्चल गुरु बुबा हुनुहुन्छ, जसको डोऱ्याइमा शिशुले ताते-ताते गर्दै ब्रह्माण्डलाई नियाल्न थाल्छ। जीवनको सामाजिक पहिचान र आध्यात्मिक यात्राको प्रारम्भ तब हुन्छ, जब न्वारनको पावन घडीमा नामाकरण गर्ने गुरुले मन्त्रद्वारा शिशुको अस्तित्वलाई एउटा संज्ञा र दिशा प्रदान गर्नुहुन्छ। कुल-परम्परा, पितृ-ऋण र वंशगत संस्कारको रक्षा गर्ने कुलगुरुको मार्गदर्शनले मानवलाई आफ्नो जरासँग जोडिदिन्छ। यी पारिवारिक र आध्यात्मिक जगमा उभिएर जब व्यक्ति समाजमा पाइला चाल्छ, तब विद्यालय र विश्वविद्यालयका शिक्षक-शिक्षिकाले अज्ञानको पत्र उप्काउँदै प्रज्ञाको तेस्रो नेत्र खोलिदिनुहुन्छ। यसरी मानव जीवन भौतिक र वैचारिक गुरुहरूको निरन्तर शृंखलाद्वारा सुसंस्कृत बन्छ।

तर, गुरुको यो आयतन केवल दृश्य स्वरूपमा मात्र सीमित रहँदैन। जीवनको वास्तविक पाठशाला त समयको थप्पड र नियतिको रंगमञ्च हो। मानिसले जति औपचारिक दीक्षा पुस्तकालयमा प्राप्त गर्छ, सोभन्दा कैयौं गुणा बढी कडा र शाश्वत पाठ जीवनका दुर्निवार दुःख, चोट, व्यावहारिक चुनौती, विषम संगति र हन्डर-ठक्करहरूले सिकाउँछन्। हन्डरले मानिसको अहंकारलाई पगालेर शालीनताको मूर्ति बनाउँछ भने ठक्करहरूले विवेकलाई उद्याएर संघर्षको रापमा खारेको सुनझैं चम्काइदिन्छन्। ती अदृश्य चोट र चुनौतीहरू नै मानव जीवनका सबैभन्दा कठोर र निष्पक्ष गुरु हुन्, जसले बिना कुनै शब्द, मानिसलाई 'बाँच्नु र ब्युँझनु'को असली मर्म बोध गराइदिन्छन्।

समयको यही रूपान्तरणको घडीमा प्रविधिको चौथो औद्योगिक क्रान्तिले मानव सभ्यतालाई एउटा यस्तो विस्मयकारी मोडमा उभ्याइदिएको छ, जहाँ मानिस र मेसिनबिचको सीमारेखा धुमिल बन्दै गएको छ। वर्तमान युगमा च्याटजिपिटी, जेमिनी र परिष्कृत कृत्रिम संरचनाहरू नयाँ पुस्ताका अभौतिक 'डिजिटल गुरु'का रूपमा प्रतिष्ठापित भइरहेका छन्। एआईले आजको शिक्षा प्रणालीलाई अत्यन्त सहज, सरल र सर्वसुलभ बनाइदिएको छ। यसले भौगोलिक दुरी र आर्थिक अभावको पर्खाल भत्काएर ज्ञानलाई प्रत्येक व्यक्तिको पहुँचमा पुऱ्याएको छ। हामी प्रविधि-विमुख भएर वर्तमान युगमा बाँच्न सक्दैनौं, त्यसैले यस डिजिटल माध्यमको यथोचित, विवेकपूर्ण र रचनात्मक प्रयोग गर्नु आजको अनिवार्य आवश्यकता हो। आजको विद्यार्थी अल्मलिँदा कुनै मानवीय ढोकामा जाँदैन, बरु आफ्नो ग्याजेटको स्क्रिनमा औंलाहरू नचाउँछ। यो प्रविधिको जादुमयी प्रज्ञाले मानव गुरुको भौतिक उपस्थितिलाई नै चुनौती दिँदै विस्थापित गर्न खोजिरहेको भान हुन्छ।




यद्यपि, यो महासङ्क्रमणको प्रसवपीडा र गर्भभित्र एउटा गम्भीर दार्शनिक विरोधाभास अन्तरनिहीत छ। एआईसँग अथाह 'इन्टेलिजेन्स' (बुद्धिमत्ता) त होला तर आमाको त्यो वात्सल्यमयी आँसु, बुबाको भरोसायुक्त काँध, गुरुको मार्गदर्शन र जीवनका हन्डर-ठक्करले दिने आत्मिक अनुभूति कृत्रिम चिप्सहरूमा सर्वथा अनुपस्थित छ। विशेषतः मानवरूपी गुरुको त्यो त्यागमयी विम्ब कम्प्युटर कोडमा कतै भेटिँदैन। गुरु त त्यो स्वयं प्रकाशमान् मैनबत्ती हुनुहुन्छ, जो आफ्ना शिष्यहरूको भविष्य उज्यालो बनाउन आफैं पग्लिरहनुहुन्छ। उहाँ आफू उही रैखिक धरातल, उही पुरानो कक्षाकोठा र चक-डस्टर-मार्करकै सादा संसारमा सन्तुष्ट रहनुहुन्छ तर जब उहाँका चेलाहरू देशविदेशका उच्चासनमा चम्किन्छन्, तब उही कूटस्थ धरातलबाट वात्सल्यपूर्ण नजरले हेरेर हर्षका आँसु खसाउँदै आशीर्वाद दिइरहनुहुन्छ। यो निःस्वार्थ आत्मसन्तोष र त्यागको अलौकिक उचाइ कुनै पनि सिलिकन चिप्स वा मेसिनरी सूत्रले कहिल्यै प्रतिस्थापन गर्न सक्दैन। प्रविधिले मस्तिष्क उदाउन सक्छ तर हृदयलाई संवेदित, कोमल र सुसंस्कृत बनाउने सामर्थ्य केवल जीवन्त मानवीय गुरुमा मात्र सुरक्षित रहन्छ। मेसिनले 'कसरी सिक्ने' भन्ने सिकाउला तर 'कसरी बाँच्ने' भन्ने कला केवल सद्गुरुबाट मात्र प्राप्त हुन्छ।

निष्कर्षमा गुरुकुलदेखि आर्टिफिसियल इन्टेलिजेन्ससम्मको यो ऐतिहासिक, सामाजिक र दार्शनिक यात्राले वर्तमानका मानव गुरुहरूलाई झन् गुरुत्तर र चुनौतीपूर्ण दायित्व सुम्पिएको छ। आजको युगमा गुरुको कार्यभार विद्यार्थीलाई केवल सूचना प्रवाह गर्नु होइन। यो काम त एआईले तीव्र गतिमा गरिरहेको छ। आजका गुरुहरूको वास्तविक परीक्षा प्रविधिको यो भयावह बाढीमा सत्य र असत्य, विवेक र भ्रम, नैतिकता र अनैतिकताबिचको सीमारेखा छुट्याउन सक्ने 'तेस्रो नेत्र' वा दृष्टि प्रदान गर्नुमा छ। मानव जगत्ले आफ्ना दृश्य-अदृश्य, भौतिक-अभौतिक र जीवनका हन्डर-ठक्कररूपी सम्पूर्ण गुरुहरूप्रति अगाध आदर, कृतज्ञता र सम्मान भाव राख्न सक्नुपर्छ। प्रविधिको शिखरमा पुगेर पनि आफ्नो धरातल र गुरुलाई नबिर्सने 'असल शिष्य' बन्न सक्नु नै यस पावन गुरुपूर्णिमाको वास्तविक सार्थकता हो। हामीभित्रको शिष्यत्व जागृत भइरहोस्, समस्त गुरुचरणमा साष्टाङ्ग दण्डवत् !

# माटो, मस्तिष्क र मध्यममार्ग

**संसारका सफल विश्वविद्यालयहरू पुस्तकालयभित्र सीमित छैनन्। ती खेतमा छन्, कारखानामा छन्, नदी किनारमा छन्, अस्पतालमा छन्, उद्योगका डिजाइन केन्द्रमा छन्, गाउँका सहकारीमा छन्। तिनले अनुसन्धानलाई जीवनको विस्तार बनाएका छन्, जीवनबाट पलायन होइन।**

चिन्तन



आचार्य दयानिधि

माटोले बाटो बिराएको छैन। बिराएको हामीले हो। हामीले माटोलाई श्रममा बाँध्यौं, बुद्धिलाई कार्यालयमा र विश्वविद्यालयलाई प्रमाणपत्रमा। त्यसपछि विकास खोज्न निस्कियौं। एक किसिमको विकास त आयो- गाउँ रित्तिनेगरी, सहरको रहर बढाउनेगरी, खेत बाँझिनेगरी। विश्वविद्यालय पनि कुनै समय भरिए तर राष्ट्रको आत्मविश्वास भरिएन। किन ? कारण जगजाहेर छ। विश्वविद्यालयले डिग्री दियो। डिग्रीले जागिर खोज्यो। जागिरले विदेश भेट्यो। विदेशले रेमिट्यान्स पठायो। रेमिट्यान्सले सिमेन्ट र बालुवाको बजार त बनायो तर देशलाई बलियो बनाउन सकेन। देशको आत्मविश्वास निर्माण भएन। त्यसैले प्रश्न फेरि विश्वविद्यालयमा ठोकिन्छ।

विश्वविद्यालय आखिर के हो ? कक्षा ? भवन ? पाठ्यक्रम ? परीक्षा ? प्रमाणपत्र ? वा ती सबैको समग्रता ? वा एउटा यस्तो चौतारो, जहाँ राष्ट्रले आफ्ना अप्ठ्यारा प्रश्नहरू बिसाउँछ ?

हामी विश्वविद्यालयमा भविष्य पढाउँछौं तर भविष्य नै आयातित छ। अनुसन्धान सिकाउँछौं, जसको उज्यालो आलीसम्म पुग्दैन। नवप्रवर्तनका ब्यानर टाँस्छौं तर एक युवाले उद्यम सुरु गर्ने बाटो देख्दैन। सुशासनमाथि बहस गर्छौं, गोठमा गाई पाल्ने अर्थशास्त्र पढाउँदैनौं अनि विश्वविद्यालयकै प्रतिनिधि बनेर सोध्छौं- देश किन बनेन ? यो हामीतिरै फर्कने प्रश्न हो।

देश बन्ने आधार के हो ? केवल नीति ? बजेट ? सुशासन ? यी आवश्यक हुन् तर पर्याप्त होइनन्। यी साधन हुन् तर साध्य होइनन्। त्यसो भए केले बन्छ देश ? उत्पादन र नवप्रवर्तनले ? सायद यिनको सन्तुलनले। उत्पादन, नवप्रवर्तन र सन्तुलनका आधार हुन्- माटो, मस्तिष्क र मध्यममार्ग। माटोले उत्पादन गर्छ। मस्तिष्कले नवप्रवर्तन गर्छ र उत्पादनलाई मूल्यमा रूपान्तरण गर्छ। मध्यममार्गले उत्पादन र नवप्रवर्तनलाई सन्तुलित राख्दै न्यायोचित वितरण सुनिश्चित गर्छ। मानव सभ्यताले भोक जित्न यही सूत्र सिकेको छ।

हामीले उत्पादन किसानको जिम्मा लगायौं। नवप्रवर्तन विश्वविद्यालयको, नीति सरकारको, बजार व्यापारीको तर यी चारबिच संवाद हुनुपर्छ भन्ने कुरा बिर्सियौं। परिणामतः माटो छुट्टियो, मस्तिष्क छुट्टियो र मध्यममार्ग पुरियो। विकासले गतिको आवाज त पायो तर बाटो बिरायो। त्यसैले अधुरै रह्यो राष्ट्रनिर्माणको कथा।

यहींनेर विश्वविद्यालयको वास्तविक भूमिका सुरु हुन्छ। विश्वविद्यालयले खेत जोत्नुपर्दैन तर खेत किन बाँझो भयो भन्ने प्रश्न जोत्नैपर्छ। विश्वविद्यालयले कारखाना चलाउनुपर्दैन तर हामी किन अरूका ग्राहक मात्र भयौं भन्ने प्रश्न उठाउनैपर्छ। विश्वविद्यालयले बजार खोल्नुपर्दैन तर हामी किन मूल्य सिर्जना नगरी मूल्य तिर्ने राष्ट्र भयौं भन्ने प्रश्नको ढोका खोल्नैपर्छ। यी प्रश्न विश्वविद्यालयका हुन् भने विश्वविद्यालयको वास्तविक मूल्यांकन किसानको खेतमा, उद्योगको मेसिनमा, अस्पतालको शय्यामा, गाउँको विद्यालयमा, युवाको आशामा हुनुपर्छ, दीक्षान्त समारोहका सहभागीको संख्यामा होइन।

हाम्रो सबैभन्दा ठुलो समस्या स्रोतको अभाव होइन, उत्पादन र प्रविधिबिचको खाडल हो। प्रविधि प्रयोगशालामा बन्द छ। उत्पादन खेतमा एक्लै पसिना बगाइरहेछ। ती दुईबिच सेतु बन्नुपर्ने विश्वविद्यालय विशिष्टताका नाममा आफै विभाजित छ। त्यसैले विश्वविद्यालय र विकासबिच, शिक्षा र समाजबिच, उपभोग र नैतिकताबिच खाडल बढ्दै गएको छ। त्यो खाडल पुर्ने सेतु नै मध्यममार्ग हो। माटो र मस्तिष्कबिच हराएको पुल पनि त्यही हो।

विश्वविद्यालयलाई राज्यको साझा मष्तिष्क मानौं। मान्नका लागि केही उदाहरणहरू लिऔं। इतिहासको गर्भमा सुन्दर सत्यहरू भेटिन्छन्। विश्वविद्यालयहरू भवनले प्रसिद्ध बनेनन्। बरु समाजका सबैभन्दा कठिन प्रश्नलाई आफ्नै प्रश्न बनाएर प्रसिद्ध बने। समाजले भोकको प्रश्न सोध्यो, विश्वविद्यालयले कृषि अनुसन्धान जन्मायो। समाजले रोगको प्रश्न सोध्यो, विश्वविद्यालयले चिकित्सा विज्ञान जन्मायो। समाजले उद्योगको प्रश्न सोध्यो, विश्वविद्यालयले इन्जिनियरिङ जन्मायो। समाजले सूचना र सञ्चारमा तीव्रता माग्यो, विश्वविद्यालयले डिजिटल प्रविधि अपनायो। अर्थात्, विश्वविद्यालयले ज्ञानबाट समाजतिर यात्रा गरेन, समाजका प्रश्नबाट ज्ञानतिर यात्रा गऱ्यो।

त्यसैले संसारका सफल विश्वविद्यालयहरू पुस्तकालयभित्र सीमित छैनन्। ती खेतमा छन्, कारखानामा छन्, नदी किनारमा छन्, अस्पतालमा छन्, उद्योगका डिजाइन केन्द्रमा छन्, गाउँका सहकारीमा छन्। तिनले अनुसन्धानलाई जीवनको विस्तार बनाएका छन्, जीवनबाट पलायन होइन।

अमेरिकाले उन्नाइसौं शताब्दीमा एउटा असाधारण निर्णय गऱ्यो। विश्वविद्यालयलाई केवल पढाउने संस्था मानिएन। बरु ठानियो, विश्वविद्यालय किसानको साथी हुनुपर्छ। फलतः अगाडि आयो, ल्यान्ड ग्रान्ट युनिभर्सिटीको अवधारणा। शिक्षणसँगै अनुसन्धान र ज्ञानलाई समुदायसम्म विस्तार गर्न यो पहल महत्त्वपूर्ण साबित भयो। यसरी विश्वविद्यालयको ढोका बाहिरतिर खुल्यो। प्रयोगशालामा बनेको ज्ञान खेतसम्म पुग्न थाल्यो। यहीं मस्तिष्क माटोसँग जोडियो। किसानको समस्या अनुसन्धानको विषय बन्न थाल्यो। विश्वविद्यालय र समाजबिचको दुरी घट्न थाल्यो। यही सम्बन्धले अमेरिकाको कृषि, उद्योग र प्रविधिलाई असाधारण गति दियो।




नेदरल्यान्डले बुझ्यो- माटो एक्लैले उत्पादनमा चमत्कार गर्दैन, माटोसँग संवाद गर्ने मस्तिष्कले उत्पादन बढाउँछ। त्यसैले त्यहाँ विश्वविद्यालय, अनुसन्धान संस्था, किसान र उद्योग एउटै वृत्तका सदस्य भए। त्यहाँको वागेनिंगेन विश्वको उत्कृष्ट कृषि विश्वविद्यालयका रूपमा चिनिन्छ। झन्डै १३८ बिलियन युरो बराबरको कृषि निर्यातको आधारका रूपमा त्यही विश्वविद्यालय देखिन्छ। क्षेत्रफलले सानो राष्ट्रको कृषि निर्यातमा यत्रो चमत्कार ? विश्वका ठुला अर्थतन्त्रसँग प्रतिस्पर्धा गर्न सक्नुको रहस्य उर्वर माटोभन्दा धेरै उर्वर मस्तिष्क हो भन्ने कुराको बलियो प्रमाण हो।

इजरायलसँग मरुभूमि धेरै छ, पानी थोरै छ। प्रकृतिले उदारता देखाएको छैन तर मस्तिष्कले हार मानेन। ब्लास र हात्जेरिमले प्रश्न फेरिदिए। 'हामीसँग पानी किन छैन ?' भन्दा ठुलो प्रश्न उनीहरूले सोधे- जति पानी छ, त्यसलाई कसरी बुद्धिमानीपूर्वक प्रयोग गर्ने ? यही प्रश्नबाट थोपा-थोपा सिँचाइ, मरुभूमिमा खेती र पानीको कुशल व्यवस्थापनका नयाँ प्रविधिहरू जन्मिए। विश्वविद्यालयहरूले त्यस नवप्रवर्तनलाई विज्ञानको बल दिए।

युद्धपछि कोरियासँग धेरै कुरा थिएन। एउटा निर्णय थियो- ज्ञानमा लगानी गर्ने। विश्वविद्यालय प्रयोगशालामा कैदी बनेनन्, उद्योगसँग हातेमालो गरे।

> विश्वविद्यालयले खेत जोत्नुपर्दैन तर खेत किन बाँझो भयो भन्ने प्रश्न जोत्नैपर्छ। विश्वविद्यालयले कारखाना चलाउनुपर्दैन तर हामी किन अरूका ग्राहक मात्र भयौं भन्ने प्रश्न उठाउनैपर्छ। विश्वविद्यालयले बजार खोल्नुपर्दैन तर हामी किन मूल्य सिर्जना नगरी मूल्य तिर्ने राष्ट्र भयौं भन्ने प्रश्नको ढोका खोल्नैपर्छ।

अनुसन्धान कारखाना पुग्यो। विद्यार्थीलाई जागिर मात्र खोज्ने कला होइन, उद्योग खोल्ने साहस सिकाइयो। केही दशकभित्रै कोरियाले आफ्नो उत्पादन संसारभर पठाउन थाल्यो।

नेपालको समस्या के हो ? हामीसँग माटो छैन ? छ, पानी छैन ? छ, युवा छैनन् ? छन्, विश्वविद्यालय छैनन् ? छन्। अनि किन हामी अझै पनि उत्पादनभन्दा आयातमा, नवप्रवर्तनभन्दा उपभोगमा र अनुसन्धानभन्दा प्रतिवेदनमा बढी परिचित छौं ? त्यसैले अबको प्रश्न विश्वविद्यालयले परीक्षाको नतिजा कति छिटो प्रकाशन गर्छ भन्ने होइन, विश्वविद्यालयलाई कता जोड्ने भन्ने हो। समाजसँग, माटोसँग, उत्पादनसँग किनकि समाजका समस्या पढ्न छोडेको दिनदेखि विश्वविद्यालयले विश्वास गुमाउन थाल्छ र समाजको विश्वास गुमाएको विश्वविद्यालयले राष्ट्रको भविष्य दिन सक्दैन।

एउटा कल्पना गरौं- के कृषि केवल कृषि विश्वविद्यालयको विषय हो ? हो भने खाद्य सुरक्षा कसको विषय हो ? किसान मात्र माटोसँग सम्बन्धित हो भने जलवायु परिवर्तनसँग कसको सम्बन्ध छ ? पोषणसँग ? स्वास्थ्यसँग ? कृत्रिम बुद्धिमत्तासँग ? अर्थतन्त्रसँग ? राष्ट्रिय सुरक्षासँग ? वास्तवमा हामीले विषयहरू छुट्याउने क्रममा जीवनलाई नै टुक्र्याइदियौं।

खेत एक ठाउँमा रह्यो, प्रयोगशाला अर्को ठाउँमा, बजार तेस्रो ठाउँमा, नीति चौथो ठाउँमा, विश्वविद्यालय पाँचौं ठाउँमा तर बिउ उमार्न यी सबै एकैचोटि चाहिन्छन्। सायद यही कारणले विश्वविद्यालयहरू विशिष्ट त बने तर समाजका जटिल प्रश्न समाधान गर्ने क्षमतामा क्रमशः कमजोर हुँदै गए।

कृषि कृषि विश्वविद्यालयकै विशिष्टताको क्षेत्र हुन सक्यो। तर उत्पादन कुनै एक विश्वविद्यालयको मात्र विषय हुन सक्दैन। उत्पादन साझा विषय हो। त्यसैले उत्पादनसँग जोडिने जिम्मेवारी पनि सबै विश्वविद्यालयको साझा जिम्मेवारी हो।

कुनै प्राविधिक विश्वविद्यालय किसानका लागि सस्तो र दिगो प्रविधि बनाउन किन केन्द्रित नहुने ? सूचना प्रविधि माटो, मौसम र बजारलाई कृत्रिम बुद्धिमत्तासँग किन नजोड्ने ? व्यवस्थापन संकायले मूल्य सिर्जना गर्न किन नसिकाउने ? चिकित्सा विज्ञानले रोग र औषधिभन्दा पोषण र खाद्य सुरक्षालाई प्राथमिकतामा किन नराख्ने ? पर्यावरण विज्ञानले माटोको स्वास्थ्यलाई राष्ट्रिय सम्पत्तिको रूपमा किन नहेर्ने ? मानविकी तथा सामाजिक शास्त्रले श्रमको गरिमा, ग्रामीण जीवन र सामुदायिक अर्थतन्त्रलाई विकासको मूल भाष्य किन नबनाउने ?

सारतः हलो चलाउने सिपको नाम मात्र कृषि होइन। यही कारणले एउटा प्रस्ताव अघि सार्नु वाञ्छनीय देखिन्छ- प्रत्येक नागरिकले माटो छुनुपर्छ। वैज्ञानिकले अनुसन्धानद्वारा, इन्जिनियरले प्रविधिद्वारा, चिकित्सकले पोषणद्वारा, कलाकारले संवेदनाद्वारा, शिक्षकले चेतनाद्वारा र किसानले हातद्वारा। माटो सबैको हो। त्यसैले माटोप्रतिको उत्तरदायित्व पनि सबैको हो।

बुद्धले मध्यममार्गको कुरा आध्यात्मिक जीवनका लागि गरेका थिए, सुखसयल र आत्मदमन दुवैमा अतिबाट बच्ने मार्गका रूपमा। आज त्यही कुरा विकासको प्रश्नमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ। माटो र मस्तिष्कको असन्तुलन घातक हुन्छ। त्यसैले कृत्रिम बुद्धिमत्ताको उडानमा केवल शीर्षासन या प्रकृतिप्रेमको नाममा फगत् हलासनले जीवनको योग पूर्ण हुँदैन। त्यसैले विश्वविद्यालयलाई उही प्रश्न होइन- कति विद्यार्थी उत्तीर्ण भए ? प्रश्न यो हो- कति जीवन बदलिए ? यस्तो प्रश्न गर्नेहरूले समवेत स्वरमा अवश्य भन्नेछन्- 'हामीले विश्वविद्यालयलाई ज्ञानको भण्डार बनायौं। अब त्यसलाई ज्ञानको प्रवाह बनाऔं।'

हरेक विश्वविद्यालयसँग एउटा जागरुक समुदाय जोडिएको हुनुपर्छ। हरेक विभागसँग एउटा ज्वलन्त समस्या जोडिएको हुनुपर्छ। हरेक अनुसन्धानसँग एउटा सटिक समाधान जोडिएको हुनुपर्छ र हरेक विद्यार्थीले उत्पादनप्रतिको दायित्व बोध गरेको हुनुपर्छ।

माटो छुनु भनेको केवल धुलोमा हात राख्नु होइन। माटो छुनु भनेको आफ्नो अस्तित्वलाई उत्पादनसँग जोड्नु हो, राष्ट्रले खाने अन्नसँग जोड्नु हो, श्रमलाई समाजको आवश्यकतासँग जोड्नु हो, ज्ञानलाई जीवनसँग जोड्नु हो। त्यसैले प्रत्येक नागरिकले माटो छुनुपर्छ। कसैले हातले, कसैले बुद्धिले, कसैले प्रविधिले, कसैले कलाले, कसैले नीतिले तर सबैले कुनै न कुनै रूपमा। किनकि उत्पादनमा सहभागी नभएको ज्ञान अन्ततः उपभोगको दास बन्छ।

फेरि शीर्षकतिर फर्कौं। माटोले उमार्छ, मस्तिष्कले हामीलाई उकास्छ, मध्यममार्गले विवेक दिन्छ। माटोले अन्न दिन्छ। मस्तिष्कले आविष्कार र अर्थ दिन्छ। मध्यममार्गले आगामी भविष्य दिन्छ। हामीलाई केवल धेरै उत्पादन गर्ने राष्ट्र बन्नुछैन, पहिला आफूलाई पुग्ने गरी उत्पादन गर्ने राष्ट्र बन्नु छ। हामीलाई केवल धेरै प्रविधि सिर्जना गर्ने राष्ट्र पनि बन्नुछैन, उत्पादन र आविष्कारमा सम्यक् दृष्टि राख्ने राष्ट्र बन्नु छ।

# स्वच्छ छविका नागरिक अगुवा

व्यक्तित्व



नन्दकृष्ण जोशी

अर्थसचिव हुँदै अर्थमन्त्रीसमेत बन्नुभएको अवस्थामा आर्थिक लाभ त पक्कै लिनुभएको थियो होला नि डा. साब ? यो प्रश्नको सरल जवाफ दिँदै डा. देवेन्द्रराज पाण्डेले हाँस्दै दिनुभयो, 'भ्रष्टाचार गर्न र केही आर्थिक लाभ लिनका लागि अर्थ मन्त्रालय नै चाहिँदैन, आर्थिक लाभ गर्ने चेष्टा भएकाहरूका लागि नेपाल सरकारका हरेक निकाय प्रशस्त छन्।'

२०६२ सालको मंसिरको अन्त्यतिर सिन्धुली जिल्लाको खम्बेचौरमा आयोजित 'नागरिक सचेतना र शान्ति' नामक कार्यक्रममा जिल्लाका नागरिक अगुवाहरूको निम्तोमा गाडीमा हामी राजधानीबाट सिमभन्ज्याङको सडक भएर उकालो चढ्दै थियौं। गाडीको अगाडिको भागमा देवेन्द्रराज पाण्डे, कृष्ण पहाडी र पछाडिको भागमा कवि अर्जुन पराजुली, विमल अर्याल र म बसेका थियौं। काठमाडौंदेखि सिन्धुलीको खम्बेचौरसम्मको सबै खर्च मोहन बराललगायतका नागरिक टोलीले गरेका थिए।

उज्यालो अनुहार, पावरवाला चस्मा लगाएका, मिजासिला र ठट्यौली स्वभावका पाण्डेसँग त्यसबेलाको हामीबाट सुरु गरिएको प्रतिगमनविरुद्धको नागरिक आन्दोलन सफल हुन्छ कि बिचैमा तुहिन्छ भन्ने विषयका तमाम जिज्ञासा हामीले यात्रा अवधिभर राख्यौं। जिज्ञासाको जवाफमा कृष्ण पहाडीले भन्नुहुन्थ्यो, 'डा. साहेबले साथ दिएसम्म हाम्रो अभियान सफल हुन्छ, यसमा तपाईंहरू ढुक्क हुनुहोस् तर जिन्दगीमा जोखिम भने धेरै बोक्नुपर्ने देखिन्छ।' सिन्धुली पुग्न नसकेर राति महोत्तरीको बर्दिबासमा बास बस्यौं। भोलिपल्ट हामीलाई सिन्धुलीका नागरिक अभियानका साथीहरूले बर्दिबासबाट लिएर जानुभयो। बिचमा नेपाली सेनाले सोधपुछ गरिरह्यो। जसको सरल जवाफ पाण्डेले मिजासिलो तवरले दिइरहनुभएको थियो। कार्यक्रमस्थलमा हजारौं मानिसको उपस्थिति थियो। ऐतिहासिक जिल्ला सिन्धुलीको गढीमा कार्यक्रम तय गरिएको भए मानिसहरूको उपस्थिति अझ बढी हुन्थ्यो होला भन्ने स्थानीयहरू बताइरहेका थिए।

चारैतिर सुरक्षाकर्मीको बाक्लो उपस्थिति र जम्मा भएका मानिसको अनुहारमा एक किसिमको त्रास देखिन्थ्यो। कार्यक्रम गहिरो ठाउँमा आयोजना गरिएको थियो तर खुला चौरमा थियो। चौरमा जुनार बिक्री गर्नेहरू पनि धेरै देखिन्थे। दयालु मनका व्यापारीहरूले सित्तैमा खान पनि दिए। यो जिल्ला जुनारका लागि प्रख्यात छ। मिठो र रसिलो जुनारको स्वाद चाखेपछि देवेन्द्रराज पाण्डेले भन्नुभयो, 'लोकतन्त्रको बहालीपछि नागरिकले पाउने स्वतन्त्रता पनि यत्तिकै स्वादिलो हुन्छ।' कार्यक्रममा अर्जुन पराजुलीले व्यंग्यवाणका कविता सुनाउँदा तालीको पर्रा छुट्यो। त्यसपछि पंक्तिकारको पालो आयो। कार्यक्रममा पुगेपछि स्थानीय कलाकार वाद्यवादकसँग मिलेर मादल, खैंजडी र हार्मोनियममा देउडा गीतको माधुर्यलाई मिलाइसकेको थिएँ। साथै कलाकार कृष्णविक्रम थापाबाट जिल्लाको ऐतिहासिकताबारे टिपोट पनि गरेको थिएँ। त्यो टिपोट पाण्डे र पहाडीलाई देखाएर अनुमोदन गराएको थिएँ। हामीले बोल्ने भाषा, गाउने गीत र वाचन गर्ने कविता शालीन तर व्यंग्यपूर्ण हुनुपर्छ भन्ने अगुवाद्वयको सल्लाह हुन्थ्यो।

सिन्धुलीवासीका लागि देउडा गीत नितान्त नौलो थियो। गीतले श्रोता-दर्शकमाझ उफार्ने रोमाञ्चक वातावरण सिर्जना गरिरहेको थियो, 'झ्याम्म... झ्याम्म...'। जब गीतको मर्मअनुसार प्रस्तुत गर्दै गएँ, खम्बेचौरमा जम्मा भएका सबैजनाले 'झ्याम्म... झ्याम्म...' मा पूरा साथ दिए। रनवन, पसलका व्यापारी र सुरक्षाकर्मीसमेत धेरै नै रोमाञ्चित भए। कृष्ण पहाडी मुसुमुसु मुस्कुराइरहनुभएको थियो भने देवेन्द्रराज पाण्डे खुसीले गदगद हुँदै उठेर ताली र गीतको लय मिलाइरहनुभएको थियो। कृष्ण पहाडीको दमदार मन्तव्य र देवेन्द्रराज पाण्डेले त्यसबेलाको देशको राजनीतिलाई अक्षर अक्षरमा बुझाउँदै भोलिको राजनीति कस्तो हुने भन्नेबारे छर्लंग पार्नुभएको थियो। अर्थविद् देवेन्द्रराज पाण्डेको देशको आर्थिक अवस्थाबारेको जानकारीमूलक विश्लेषण सुनेर होला, हजारौं मानिसहरू हेरेको हेरै भए। तर त्यसबेलाका अर्का आन्दोलनकारी व्यक्तित्व श्याम श्रेष्ठको उपस्थिति भने खड्केको थियो। कार्यक्रम समापन गरेर फर्कंदा स्थानीयले हामीलाई एक बोरा जुनार सित्तैमा दिए। फर्कंदा डोटी घर भएका एकजना भाइ सेनामा त्यहाँ सेवारत रहेछन्। उनले सुटुक्क पंक्तिकारसँग संक्षिप्त रूपमा भलाकुसारी गरे। अलि पर पुगेपछि सेनाले हामीसँग स्पष्टीकरण माग्यो। हामी कोही बोलेनौं, पाण्डेबाहेक। कुनै पनि व्यक्तिसँग संवाद गर्दा पाण्डेको शैली गज्जबको हुन्थ्यो। उहाँको बेलाअनुसारको बोलीमा मन पग्लिने मिठास हुन्थ्यो।



> अवस्था अत्यन्त भयावह थियो। जंगल, गाउँघरमा माओवादी विद्रोहको त्रास थियो, सहरमा प्रतिगमनकारी राजाको हुकुमी शासन थियो। जनता चेपुवामा थिए। निकास आवश्यक थियो। सामाजिक सोच र राजनीतिक चेतना भएका देवेन्द्रराज पाण्डेले राष्ट्रलाई निकास दिनका लागि शान्तिपूर्ण तर विरोधका कार्यक्रमका खाका तयार पार्नुभएको थियो।

त्यहाँबाट हेटौंडासम्म तत्कालीन प्रशासनले हाम्राबारे निगरानी बढाइरहेको देखिन्थ्यो। 'तपाईंहरू ढुक्क भएर बस्नुहोस्' भनी हामीलाई ढाडस दिनुहुन्थ्यो।

२०६२/६३ को जनआन्दोलन सफल पार्ने नागरिक आन्दोलनका अगुवा नै थिए। जसका मुख्य पात्र तथा योजनाकार थिए देवेन्द्रराज पाण्डे। सहायक पात्रमा कृष्ण पहाडी थिए। हामीहरू उहाँहरूको पदचाप पछ्याइरहेका इमानदार आन्दोलनकारी पात्र मात्र थियौं। तर आन्दोलन सफल नहुँदासम्म जोखिम भने बोकिरह्यौं। रातभर निद्रा लाग्दैनथ्यो, आफ्नो जिन्दगी राज्यपक्षबाट असुरक्षित देखेर। हामीमा आत्मविश्वास भने दिन प्रतिदिन बढिरहेको थियो। हजारौं मानिसको उपस्थितिमा हामीले आफ्ना प्रस्तुति देखाउँथ्यौं। मानिसहरूले हामीलाई अपार माया दिन्थे। तत्कालीन अवस्थामा नेपाली कांग्रेसका पार्टी सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल, नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवालगायतका नेताप्रति जनताको भरोसा थिएन। सबै पार्टीका नेता-कार्यकर्ता, बुद्धिजीवी, पत्रकार र कलाकारहरू नागरिक आन्दोलनद्वारा तय गरिएको कार्यक्रममा एक घण्टाअगाडिदेखि जम्मा हुन्थे। बस्नलाई ठाउँको अभाव हुन्थ्यो। सत्तरी वर्ष पुग्नै लाग्नुभएका विद्वान् र वृद्ध व्यक्तित्व देवेन्द्रराज पाण्डे सबैसँग हात मिलाउन र कुरा गर्न पनि भ्याउनुहुन्थ्यो। हजारौं प्रशंसकहरूले उहाँको ओजपूर्ण र वस्तुपरक मन्तव्यको प्रशंसा गर्थे।

उहाँसँग कार्यक्रम गर्दाका धेरै अनुभव छन्। थोरै खाने, सँगैका साथीलाई गोजीबाट दाम झिकेर पनि खुवाउने, सबैसँग समभाव राख्ने स्वभावका उहाँ त्यसबेला एक किसिमले अजातशत्रुझैं हुनुहुन्थ्यो। चितवन, मकवानपुर, पोखरा, लमजुङ, बागलुङ, गोरखा, तनहुँ, म्याग्दी, स्याङ्जा, बुटवल आदि जिल्ला तथा सदरमुकाम पुगेर प्रतिगमनकारी कदमविरुद्ध उहाँको नेतृत्वमा कृष्ण पहाडी, पुरुषोत्तम दाहाल, श्याम श्रेष्ठ, प्रा. कृष्ण खनाल आदिजस्ता व्यक्तिसँग मिलेर आमनागरिकलाई लोकतन्त्रका पक्षमा उभिन आग्रह गरेका थियौं।

२०६१ माघ १९ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सरकार पदच्युत गरेपछि तत्कालीन राजा ज्ञानेन्द्रले सम्पूर्ण सत्ता आफ्नो हातमा लिए। डा. तुलसी गिरी र कीर्तिनिधि विष्टलाई कार्यकारी उपाध्यक्ष तथा आफू स्वयं अध्यक्ष बनेर शासनसत्ता चलाएपछि अब कसरी अगाडि बढ्ने भन्नेबारे राजधानीमा धेरै पटक छलफल गरेका थियौं। आन्दोलनका सभाहरूमा प्रमुख वक्ताका रूपमा देवेन्द्रराज पाण्डेले 'अब राजाका शासन गर्ने दिन गए, सम्झनुहोस्, देशमा लोकतन्त्रको बहाली हुन्छ तर ढिलो हुन्छ। हामीले संघर्षका खुट्टा कमाउनुहुँदैन' भन्नुभएको कुरा हिजोजस्तै लाग्छ। उहाँले भनेजस्तै भयो आन्दोलन पनि। आन्दोलन सफल भयो। तत्कालीन विद्रोही माओवादीसँग वार्ता गरी शान्तिपूर्ण तरिकाले सरकारमा समावेश गराउने सूत्रधारको गृहकार्य उहाँ र पद्मरत्न तुलाधरले गर्नुभएको थियो। पछिल्लो अवस्थामा अर्का नागरिक अगुवा पूर्वसभामुख दमननाथ ढुंगाना र सुन्दरमणि दीक्षित पनि थिए। अवस्था अत्यन्त भयावह थियो। जंगल, गाउँघरमा माओवादी विद्रोहको त्रास थियो, सहरमा प्रतिगमनकारी राजाको हुकुमी शासन थियो, जनता चेपुवामा थिए। निकास आवश्यक थियो। सामाजिक सोच र राजनीतिक चेतना भएका पाण्डेले राष्ट्रलाई निकास दिनका लागि शान्तिपूर्ण तर विरोधका कार्यक्रमका खाका तयार पार्नुभएको थियो। जुन योजनामा लेखक खगेन्द्र संग्रौला, श्याम श्रेष्ठ र प्रा. कपिल श्रेष्ठले सुरुमै समर्थन जनाउनुभएको थियो। पछि शम्भु थापा र मथुरा श्रेष्ठले पनि स्वीकार गर्नुभएको थियो।

२०६३ वैशाख ११ गते राति आन्दोलन सफल भयो। प्रतिनिधिसभा पुनःस्थापना भयो। गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नयाँ सरकार गठन भयो। देशमा नयाँ सरकार गठन भएपछि निरन्तरको वार्तापश्चात् २०६३ मंसिर ५ गते सरकार र विद्रोही पक्षबिच बृहत् शान्ति सम्झौता भयो। संसद्मा तत्कालीन नेकपा (एमाले) का सांसद बराबर ८३ जना सांसद संख्या रहने गरी तत्कालीन विद्रोही माओवादीका तर्फबाट संसद् भवनमा प्रवेश गर्ने सहमति बनेसँगै सरकारमा समेत सहभागी बन्ने मौका पाए। बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भएपछिको राजनीतिक तरंग शान्तिपूर्ण नै देखापऱ्यो। २०६४ सालमा २००७ सालदेखिको राजनीतिक अजेन्डा संविधानसभाको प्रथम निर्वाचन सम्पन्न भयो। माओवादी विद्रोहको नेतृत्व गरेका प्रचण्ड र बाबुराम भट्टराई तथा एमालेका माधवकुमार नेपाल र झलनाथ खनालसहित चार जना वामपन्थी नेताहरूको नेतृत्वमा सरकार बने। तर संविधान लेख्ने काम सम्पन्न भएन। यसबारे पाण्डेले पहिला नै माओवादीको एकल बहुमतमा संविधान निर्माण हुनु असम्भव छ भनेका थिए। आखिरमा त्यही भयो। सामाजिक प्रतिष्ठाका नमुना व्यक्तित्व भए तापनि पाण्डे वास्तवमा अर्थशास्त्रका विज्ञ मात्र नभई राजनीतिक विश्लेषक पनि थिए।

गत साउन १ गते ८७ वर्षको उमेरमा क्यान्सर रोगका कारण देवेन्द्रराज पाण्डेको आफ्नै निवास विशालनगरमा निधन भयो। उहाँले चुपचाप मृत्यु स्विकार्नुभयो। त्यसअघि नेपाली जनतालाई राजनीतिक चेतना दिलाउनुभयो। उहाँको अन्त्येष्टि सरकारी तवरबाट सम्मानजनक रूपमा गरिनुपर्थ्यो, भएन। अलबिदा, अविचलित लोकतान्त्रिक पथका अगुवा देवेन्द्रराज पाण्डे !

# दृश्यहरू

**घाम ढल्केपछि अलिपर काभ्राको बोटनेर गएर बसेँ। अलिअलि हावा चलिरहेको थियो। यता मन भने खै केले हो, भतभती पोलिरहेको थियो। अचम्म लाग्छ, जस्तो हिमपात भए पनि, बतास चले पनि मनमा बलेको आगोले पोल्नै नछाड्ने, पोलिरहने !**

कथा



तारा राई 'अनमोल'



१

म चुपचाप हिँडिरहन्छु। भिडभाड छ। धुवाँधुलो उस्तै छ। बतास चलेर घरिघरि आँखाभरि धुलो पर्छ। यसो सलको छेउले पुछेर हेर्छु, धुलोका कणहरूले आँखा नराम्रोसँग बिझाउँछ।

म उपचारको सिलसिलामा झापाबाट काठमाडौं आएर बसेको पनि महिना दिन भइसकेको छ।

आँखा बिझाउँछ धुलोले, मन बिझाउँछ पीडाले। बिझाइरहेको मन र आँखा लिएर म सैनिक मञ्चको छेउबाट अगाडि बढ्छु। दायाँबायाँ मानिसहरूको भिडभाड, गाडीहरूको ट्याँट्याँ, टुँटुँ, होहल्लाले टाउको भारी भएकोजस्तो लाग्छ।

मास्क मिलाएर लगाउँछु। लाग्छ, मलाई कसैले नचिनून्, नबोलाऊन्। मलाई कसैसँग बोल्न मन छैन, हाँस्न मन छैन तर किन ?

मनमा प्रश्नहरू उठिरहन्छन्, बसिरहन्छन्। पर पर हेर्छु, यस्तो लाग्छ- यो महानगरमा म एक्लै हिँडिरहेछु, बाँचिरहेछु, मरिरहेछु।

सडकको किनारामा गीत गाएर बसिरहेका दृष्टिविहीनहरूअगाडि रित्तै छन् पैसा थाप्न राखिएका प्लास्टिकका जालीदार भाँडा। कस्तो नमिठो लाग्छ! रित्तो त म पनि रित्तै छु, रित्तै छन् गोजीहरू!

सबैलाई सहयोग गर्ने इच्छा भएर पनि सहयोग गर्न नसकेको तितोपन बोकेर अगाडि बढ्छु।

रुखको फेदमा चारपाँच प्याकेट वाईवाई, एक बट्टा चकलेट, अलिकति छुर्पी, दुईतीन प्याकेट चुरोट र गुट्खा अनि पसलेहरू नियाल्दै म अघि बढिरहन्छु।

महाँकाल मन्दिरलाई एक हातले ढोगेर सपनाहरूको लामो लिस्ट बुझाएर म मात्रै होइन, अधिकांश बटुवाहरू हिँड्दै थियौं।

२

शङ्खधर पार्कको गेटमा पुगेर म टिकट काटेर पार्कभित्र छिर्छु। पार्कभित्र छिरेपछि एक्लै भएको आभास झन् गाढा भयो। सबै साथी, परिवारसँग आएका रहेछन्। ठुल्ठुला कपुरका बोट महानगरलाई अक्सिजन दिएर कहिलेदेखि यसरी उभिएका होलान् ? म सोच्छु। यी बोटहरूप्रति महानगर कृतज्ञ होला कि नहोला ?

यताउता हेर्छु, काभ्राका रुखले पाउलो फेर्दै रहेछन्। उहिले गाउँमा यसरी काभ्राको अमिलो पत्ता खोजेर अचार बनाएर खान्थ्यौं, आमाले सुकाएर राख्नुभएको अकबरे खुर्सानीसँग पिसेर। मुख रसायो अचार सम्झेर! ती पुराना दिन अनि इलाम, अकबरे सम्झँदै यताउता टहलिन्छु, एक्लै एक्लै!

म एउटा फलैंचामा बस्छु, फुलेका फूलहरू हेर्छु अनि कोपिला लागेका गुलाबका बोटहरू हेर्छु। सम्झन्छु यी कोपिला फुल्दा त असाध्यै राम्रा देखिन्छन् होला तर मैले देख्न पाउँदिनँ, झापा घर फर्कनु छ।

महानगरको भागदौडदेखि एकछिन फुर्सद निकालेर सुस्ताउन आइपुगेका मानिसहरू निष्फिक्री कोही घाम तापिरहेका थिए, कोही शीतल खोजीमा हिँडिरहेका थिए।

पार्कमा बालकदेखि वृद्धसम्म सबै आआफ्नै धुनमा व्यस्त थिए, मस्त थिए। म भिडभाडभन्दा अलि पर फलामका बारदेखि भित्र फूलहरूसँग, पातहरूसँग, बतास र घाम अनि रुखका छहारीसँग म पनि सबै सबै भुलेर एकछिन बसेँ, हाँसेँ अनि रमाएँ।

केही युवाहरू हातमा क्यामेरा बोकेर डुलिरहेका थिए। एक स्न्याप तस्बिर खिचेको २५ रुपैयाँ रे!

'कमाई ठिकै हुन्छ म्याम! यसो बाँचिएको छ,' एक जना भाइले अलि लजाएझैं गरेर मेरो प्रश्नको जवाफ दिए।

'तपाईंको पनि तस्बिर खिचिदिऊँ म्याम ?'

'पर्दैन भाइ,' मैले भनेँ तर ती भाइले मेरो तस्बिर खिचिदिए। मैले २५ रुपैयाँ तिर्न परेन किनकि उनी मेरो पाठक र टिकटक फलोवर रहेछन्।

'धन्यवाद भाइ,' मैले भनेँ। 'म्याम मलाई फलोब्याक दिनुस् ल प्लिज,' उनले भने। यो कस्तो माया ? कस्तो आत्मीयता ?

३

म बसिरहेको ठाउँबाट उठेर छातास्तम्भ भएनजिकै जान्छु। मेराअगाडि दुई युवायुवती जोडतोडले पढिरहेका थिए, लेखिरहेका थिए। मलाई हेरेर उनीहरू दुवैजना अलिकति मुस्कुराए।

'म यहाँ नजिकै बस्न सक्छु नि ?' मैले सोधेँ। मेरो पनि हातमा 'नागरिक दैनिक' थियो।

'बस्नुस् म्याम,' दुवैले आत्मीयतापूर्वक भने। केही क्षण कुराकानी भयो। भाइ बैतडीका रहेछन् भने बहिनी सुर्खेतकी रहिछिन्।

'मेरो नि घर बैतडी हो नि,' मैले भनेँ।

'भाषा बोल्नुहुन्छ ?' बैतडीका भाइले सोधे।

'भाषा त आउन्न हो मलाई तर थोरै थोरै बुझ्छु,' मैले अलिकति हाँस्दै भनेँ। उनीहरूले थर्मसमा चिया बोकेर आएका रहेछन्। बैतडीको गफसँगै तातो चिया पनि पाएँ।

'भौजी...' उनीहरूले भने। यो आफ्नोपनको आभास पनि कति मिठो र प्रिय रहेछ।

'हजुरको लभ म्यारिज हो ?' सुर्खेतकी बहिनीले सोधिन्। 'हो नि!' मैले चियाको एक घुट्की निल्दै भनेँ।

'है ? सुदूरपूर्व र सुदुरपश्चिमको अनमोल प्रेम...!' तिनै सुर्खेतकी बहिनीले भनिन्।

'हाम्रा दाजै सरकारी जागिरे हुन् के रे ?' बैतडीका भाइले अलिकति हाँस्दै सोधे। 'हो नि, उहाँ नेपाली सेना, इलाम ब्यारेकका हुनुहुन्थ्यो!' मैले भनेपछि उनीहरू दुवै जनाले मुस्कुराउँदै भने- अड्कल त हामीले काटेकै हो।

उनीहरू दुवै जना लोकसेवा आयोगको परीक्षाको तयारी गर्दै रहेछन्।

'ठुल्ठुला सपना छैनन्, बस्, परिवारसँग बसेर देशको सेवा गर्न पाइयोस्। अलिकति मेहनत र प्रयास गर्ने हो भने यही देशमा बाँच्न सकिन्छ, हाँस्न सकिन्छ भौजी,' बैतडीका भाइले भने।

एकैछिनको कुराकानीपश्चात् मसँग बिदा माग्ने तरखरमा थिए उनीहरू। यही देशमा बस्नुपर्छ, यही देशमा बाँच्नुपर्छ, देशमा केही त पक्कै छ भन्ने आशासहित मसँग बिदा मागेर हातमा लोकसेवा आयोगको किताब बोकेर हिँडे, मेरो अग्रीम शुभकामना लिएर!

४

'दिदी, म यहाँ बसौं ?' एक जना १७-१८ वर्षकी युवती मेरो नजिकै उभिएर सोध्दै थिइन्।

'भइहाल्छ नि!' मैले भने।

उनले हाते ब्याग मेरो छेउमा राखिन् र थपक्क बसिन्। म उनलाई हेरेर अलिकति हाँसिदिन्छु। उनी पनि हाँसेजस्तै लाग्छ किनकि हामी दुवैले मास्क लगाएका थियौं।

म चुपचाप टोलाइरहन्छु, पर पर हेरिरहन्छु। 'मलाई त यहाँ यस्तो राम्रो पार्क छ भन्ने थाहै थिएन,' उनैले भनिन्।

'राम्रो रहेछ तर चिया नभएर अलि खल्लो!' मैले भनेँ।

'वाउ, तपाईं पनि चिया लभर हो ? मेरो ममीजस्तै ?'

मैले टाउको हल्लाएँ।

'हेर्नु न, आज मलाई कामदेखि निकालिदिनु भयो अनि घर गएँ भने ममीले गाली गर्नुहुन्छ। ममीको गाली खानुभन्दा बरु यहीं बस्छु दिनभर। पाँच बजे छुट्टी हुन्छ अनि घर जान्छु,' उनले आफ्नो विवशता पोखिन्।

'किन गाली गर्नुहुन्छ ? मैले सोधेँ।

'बिहानैदेखि छिटो गर, ढिलो हुन्छ भनिरहनुभएको थियो मलाई,' उनले अनुहारमा आएको कपाल मिलाउँदै भनिन्।

'कहाँ काम गर्नु हुन्छ नि ?' मैले फेरि सोधेँ।

'म काठमाडौं मलमा काम गर्छु। एउटा कपडा पसलको एकाउन्ट हेर्छु। आज १५ मिनेट ढिला भएको थियो। मलाई काम गर्नै दिएनन्। कस्तो गाह्रो छ यहाँ काम गर्न पनि!' उनले मास्क खोल्दै भनिन्।

'घर चाहिँ कहाँ हो बहिनी ?' मैले प्रश्न गरेँ।

'सिन्धुली।'

उनीसँग घरायसी कुराकानी भए।

'सानैमा बुबाले छोडेपछि ममीले धेरैले दुःख गरेर हामीलाई हुर्काउनुभयो। अहिले हामी तिनकुनेमा कोठा भाडा लिएर बसेका छौं। दिदीको बिहे भइसक्यो। दाइ अस्ट्रेलिया हुनुहुन्छ। म पनि उतै जाने तयारी गर्दै छु।' उनले मिनरल वाटरको एक घुट्की पानी निल्दै भनिन्।

'देशमा नबस्ने ?' मैले सोधेँ।

'देशमा के छ र दिदी ? जति दुःख गरे पनि खान लाउन नै पुग्दैन!'

म बोलिनँ।

'यो देशमा केही छैन दिदी। आज मेरो दिनै खराब भयो। घर गएर पढेको भए नि हुन्थ्यो, फेरि ममी दिनभरि कराउनुहुन्छ' उनी आफैंसँग असन्तुष्टि पोख्दै थिइन्।

उनी आँखाभरि अस्ट्रेलिया सजाएर मोबाइल चलाउँदै थिइन्।

म निःशब्द भएँ।

५

घाममा एकैछिन बसेपछि फेरि शीतल खोज्दै हिँड्ने अनि शीतलमा एकछिन बसेपछि घाम खोज्दै हिँड्ने। यो मानवीय स्वभाव ममा पनि भरी भरी छ!

चरक्क चर्केको घाम छोडेर म सेड घरमा बसेँ। त्यहाँ अरु पनि थिए।

'सेड घरमा सुत्न मनाही छ।' सूचना टाँसिएको रहेछ।

हामी मान्छे जति नै पढेलेखेका, ज्ञानी भए पनि अरूले नै हामीलाई बारम्बार सम्झाइरहनुपर्ने नियम किन होला ?

'कृपया फूल नटिपिदिनु होला, कृपया यहाँ नथुकिदिनुहोला, कृपया खाना खानुअघि साबुन पानीले हात मिचिमिची धुनुहोला, कृपया दिशा गरिसकेपछि पानी हालिदिनुहोला, कृपया...!' लेखिएका आग्रहहरू सम्झन्छु। मलाई अलिकति असहज लाग्छ।

अचम्म लाग्छ, हामी स्वयं जानेर पनि किन अन्जान बन्छौ होला ? सम्झँदा सम्झँदै सेड घरमा एकछिन बसिसकेपछि कस्तो टाउको अड्याएर ढल्किन पाए हुन्थ्योजस्तो लाग्यो।

दौडिन पर्‍यो भने हिँड्न पाए हुन्थ्यो, हिँड्न पाए बस्न पाए हुन्थ्यो अनि बस्न पाएपछि लागिहाल्ने सुत्न पाए नि हुने...' हामीलाई सधैं लागिरहने कुरा रहेछ। सम्झेर खिस्स हाँस्छु म।

यताउता नजर दौडाउँछु, चउरमा पुरुषहरू निष्फिक्री सुतिरहेका छन्, निदाइरहेका छन्।

'ओह! कस्तो पिठ्युँ दुखेको छ। एकछिन ढल्किन पाए नि हुन्थ्यो,' मेरै मनको प्रतिनिधित्व गर्दै छेउमा बस्नुभएकी एकजना दिदी बोल्नुभयो।

'हुन्थ्यो नि,' मैले अलिकति हाँस्दै भनेँ।

'खै, यी छोरा मान्छेलाई जस्तो सजिलो हामीलाई नहुँदो रहेछ नानी! जहाँ पायो त्यहाँ डङ्ग्रंग सुत्न नमिल्ने! जस्तै थाके पनि ती छोरा मान्छेजस्तो हुन नमिल्ने।'

'हो है दिदी, सबै कुरा भनेजस्तो सजिलो पटक्कै हुँदैन।'

घाम ढल्केपछि अलिपर काभ्राको बोटनेर गएर बसेँ। अलिअलि हावा चलिरहेको थियो। यता मन भने खै केले हो, भतभती पोलिरहेको थियो। अचम्म लाग्छ, जस्तो हिमपात भए पनि, बतास चले पनि मनमा बलेको आगोले पोल्नै नछाड्ने, पोलिरहने!

म एक्लै छु। सँगै बसेका अरू फर्किसके। दायाँबायाँ हेर्छु। भिडभाड उस्तै छ। बालबालिका खेलिरहेका छन्, उफ्रिरहेका छन्। म झट्ट मेरो आदित्य (छोरा) लाई सम्झन्छु। लाग्छ ऊ भएको भए यसरी नै खेल्थ्यो होला, उफ्रन्थ्यो होला, हाँस्थ्यो होला!

हामी मान्छेका दिन यस्तै होलामा अल्झँदो रहेछ।

# कागजको जवानी विम्ब

पुस्तक



बोधराज पौडेल




कविता विचारको विम्ब हो। यो हरेक कविको विचार र आयतनसँग जोडिएको भए पनि दृष्टिकोणका हिसाबले फरक हुन्छ। कवितामा हुनुपर्ने अर्को महत्त्वपूर्ण पाटो भनेको भाव र सौन्दर्य चेत हो। जहाँ शब्द छनोट र बुनोटको भूमिका मुख्य हुन्छ। यो कतै गहन त कतै विचरण गरेर हिँड्छ। कतै बग्छ र कतै अवरोधको सामना गर्छ। एउटा आह्वान के छ भने 'धारिलो औजारले काटेको ठाउँ चिल्लो हुन्छ।' कविताको परिभाषा र सार यही हो।

हामीले कुमारीत्वको चर्चा अग्रजबाट सुन्दै आएका छौं। यो पवित्रता र कुलीन विरासत पनि हो तर यहाँ मैले चर्चा गर्न लागेको विषय भने कागजको कुमारीत्वसँग सम्बन्धित रहेको छ। के कागजको कौमार्य हुन्छ ? कि त्यसमा शब्द छापिएपछि त्यो रजस्वलापछिको पवित्र नारी बन्छे ? र आफ्ना सन्तानलाई यो धरतीको मनोरम सौन्दर्य देखाउँछे ? (शास्त्रमा नदीलाई बाढी, तामालाई अमिलो, काँसलाई खरानी र नारीलाई रजस्वलाले शुद्ध पार्छ भनिएको छ।) यसको जवाफ त्रिविक्रम पाण्डेले देलान्। म भने उनका कविताका केही बान्कीहरू प्रस्तुत गर्न चाहन्छु।

*एकदिन उडेर गइनेछ*
*तस्बिरबाट रङ उडे जसरी।*

जीवनको बोध धेरैलाई छ, फेरि ऊ अहम् बोकेर नै हिँड्छ। म मर्छु भन्ने ज्ञान भएर पनि चित्रको रङ घामपानीले बिग्रिएको देख्दैन। आखिर मानिसले सत्यलाई कसरी लुकाउँछ ? यो कविताबाट बुझ्न सकिन्छ।

*परीक्षा बनेको छ जिन्दगी*
*उब्जेका छन् केही उत्तरहरू।*

परीक्षामा हरेकले प्रश्नपत्रको सामना गर्छन् तर कविले त उत्तर उब्जिएर हैरान बनेको अनुभव गर्छन्। फेरि पनि जिन्दगी एक परीक्षा त हुँदै हो, जहाँ आफूलाई उत्तीर्ण गराउनका लागि हरेक परीक्षामा सामेल हुनैपर्छ।

*यदि चन्द्रमा धरतीमा हुन्थ्यो त*
*भयंकर विवादमा हुन्थ्यो*
*अदालतको कचहरीमा हुन्थ्यो।*

हामी आफूलाई अब्बल साबित गर्ने प्रयास गर्छौं तर हामीले आफू खराब भएको पत्तो पाउँदैनौं। कवि भन्छन्, मेरो कुरा तिमीले गर्नैपर्दैन। त्यो चन्द्रमा पनि धरतीमा हुन्थ्यो भने विवादमा रुमलिएर अदालतको कठघरामा बयान दिइरहेको हुन्थ्यो। तसर्थ, प्राप्तिको आशालाई बिर्सेर राम्रा कर्म गर्ने उनको अभिलाषा देखिन्छ। फेरि पनि हामीले आफ्नो हैसियतअनुसारको सपना देख्नका लागि सुझाव दिन्छन्।

*असंख्य सपना देख्छन् यी आँखाहरू*
*कहिले आफ्नो हैसियतमा रहेर*
*त, कहिले आफ्नो हैसियतभन्दा बाहिर गएर।*
*गएको थिएँ मन्दिर गल्ती सच्याउन*
*तर अफसोच!*
*मैले फेरि, अर्को एउटा थप अपराध गरेँ।*

हामी गल्ती नहोस् भन्ने चाहना गर्छौं तर फेरि त्यही यात्रामा सधैं अगाडि छौं भन्ने यो दृष्टान्त प्रेरणादायी मात्र होइन, मननयोग्य समेत छ।

उठ, खोलिदेऊ सबै झ्याल र पर्दा
सास लिन चाहन्छन् कोठाहरू।

मानिस समय र यन्त्रको बन्दी बन्दै गएको छ। यो उकुसमुकुसले अक्सिजनको कमीका कारण हाम्रो जीवन नरहन पनि सक्छ। हामी स्वतन्त्र रूपले सास लिन चाहने हो भने हामीले झ्याल र पर्दाहरू समयमा नै खोल्नुपर्छ। यसले इंगित गरेको अर्को विषय भनेको देशप्रेम र छिमेकीको थिचोमिचोलाई समेत उजागर गरेको छ।

*तिमी आफूमा सबै सफलताहरू खोज*
*कमी-कमजोरी खोज्नका लागि त मान्छेहरू छँदैछन्।*

उनका कवितामा केही भारतीय गजलको समेत प्रभाव परेको देखिन्छ। यो कविताको अंगलाई हेर्‍यौं भने हामीले उनको भावलाई बुझ्न सक्छौं। सकारात्मक तरिकाले बुझ्ने हो भने हामी आफ्ना लागि सबैथोक हौं। तसर्थ, सधैं आफूलाई राम्रो लागेको गर भन्ने सन्देश उपयुक्त नै छ।

*कवि हुन सरल छ*
*तर, एउटा राम्रो कविता रच्न जटिल छ।*

कवि के हो ? कवि हुन के चाहिन्छ ? भन्ने विषयको व्याख्या गर्नुभन्दा मैले उनको भावलाई राखिदिए पनि पाठकलाई सजिलो हुन्छ। यही सोचेर उनको यो कविता लिएँ।

पाण्डेका कविताको मुख्य स्रोत प्रेम र समाज हो। प्रेममा आमा, बा, श्रीमती प्रमुख छन्। यिनी प्रकृतिप्रेमी भए पनि प्रकृतिको सुगन्ध र सौन्दर्य कवितामा कम छ। कतै सचेतना र कतै आक्रोश छ। मृत्युचेतना छ र सकारात्मक कर्मको चाहना पोख्छन्। कुनै कवितामा गीत र कुनैमा गजलको सौन्दर्य भए पनि त्यो स्वाभाविक कविताको भारमा अडिएको छ। आफ्नो र पराया चिन्नका लागि धेरै केही गर्नु पर्दैन, मात्र तपाईं एक पटक लड्नुहोस्, थाहा पाउनुहुनेछ- को पराया हो र को आफन्त ? उनको यो चेत हाम्रा लागि एउटा पथप्रदर्शक पनि हो।

कविताले भावद्वारा सन्देशको प्रवाह गर्छ। विषयको अन्तर्य खोज्छ र गुण-दोषको तुलना गर्छ। जहाँ एउटै कवितामा भिजेर सकिन्छ पाठक, कतै छाती त कतै आँखा छामेर। छोटा कविताको प्रस्तुत भएको यो कृति एउटा ऐना हो। जुन फुटे पनि हरेकले देखाउँछन् आकृति। कतै बर्खे झरी र कतै शिशिरको तुषारो खेपेको मन बराबरी बग्न कहाँ सक्छ र ? जहाँ जसरी फैलिने कोसिस गरेको छ, यो प्रयास नै अन्तिम सत्य हो।

पाठकको मनमा कविता पढ्दा आउने एउटा विचार के छ भने मन माझिएर बाहिर निस्किएका शब्दले किन बराबर आकार ग्रहण गरेनन् ? किन आफ्नो फैलावट, उचाइँ र शरीरको भार मापन गरेनन् ? विम्बको उज्यालो छायालाई दृष्टिविन्दुको चापले किन ढाक्यो ? भन्ने प्रश्न आउन सक्छन्। यो स्वाभाविक पनि हो। म यो विषयलाई स्वीकार गर्छु।

मैले जति कुरा लेखे पनि लेखकले भनेको मान्ने हो भने मैले बयान गरेको विषयको अर्थ छैन। तर, सचेत पाठकले लेखकलाई फुर्क्याउने मात्र होइन, आवश्यक सल्लाह र सुधारका पाटाहरू केलाउनुपर्छ। यो नै सच्चा पाठकीय धर्म हो।

कविता लेख्नका लागि गणितका शुद्ध सूत्रहरूको खाँचो छैन।

# राष्ट्र बन्नै बाँकी छ

पुस्तक



चरण प्रसाईं




२०८३ साउन ६ गते 'चक्रप्रसाद बाँस्तोला : बौद्धिकता र विद्रोह' वार्तालाप पुस्तक प्रथम राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा विमोचन भयो। प्रसिद्ध साहित्यकार कृष्ण धरावासीद्वारा सम्पादित र चक्र बाँस्तोलाकी धर्मपत्नी कुसुम बाँस्तोला प्रकाशक हुन्। यस पुस्तक विमोचनमा डा. यादवले भने- 'मलाई अचम्म लागेको छ। हिजोआज अधिकांश लेखक तथा स्तम्भकार किन मौन छन् ? के देश ठिक बाटो हिँडेको छ ? विगतका कठिन राजनीतिक समयमा सशक्त कलम चलाउने बुद्धिजीवी कहाँ छन् ?'

प्रथम राष्ट्रपतिका यी सवाल बिपी कोइराला र बाँस्तोलाबिचको पुस्तकसँग पनि जोडिन्छन्। यसमा बिपीले बाँस्तोलालाई भनेका छन्- 'हेर! इतिहासमा धेरै राष्ट्र बने। कति राष्ट्र पहिलो विश्वयुद्धमा रहेनन्। दोस्रो विश्वयुद्धपछि कति नयाँ बने, कति पुराना हराए, के-के भए ? त्यसो भए नेपालको नियति के छ त ? एउटा राष्ट्र भएर बसिरहने नियति छ कि छैन ? ...हाम्रा सारा लडाइँ नेपाल राष्ट्रसँग त जोडिन्छन्। अधिकारसम्पन्न नेपाली जनताका लागि हुन्। सुन्यौ! नेपाल राज्य बनेको छ, राष्ट्र बन्नै बाँकी छ।' यसको व्याख्या बाँस्तोलाले गरेका छन्।

धर्मपत्नी कुसुम बाँस्तोलाले चक्र बाँस्तोलाको ६ वर्षसम्म अचेत अवस्थामा गरेका सेवा मर्मस्पर्शी छन्। एक क्षण पनि ओझेलमा नपारी, अत्यावश्यकताले बाहिर जाँदा पनि घर फर्कने हतारो हुन्थ्यो। राजनीतिमा सक्रिय हुँदा कुसुमले आगन्तुकप्रति गरेका व्यवहारको प्रशंसा गर्थे। चर्को स्वरमा बहस वा वादविवाद भए पनि कोठामा आएपछि कुसुमबाट पाएको शीतलताले शान्त हुन्थे।

कहिल्यै दुःखी नदेखिने चक्र बाँस्तोलाले पोखरा पार्टी महाधिवेशनमा भोगेको पराजय पीडादायी भएको कुसुमले बताएकी छन्। प्रहरीले गरेको घर खानतलासी, सरिता प्रसाईं र उनकी आमा दिव्य प्रसाईंको गिरफ्तारी, टोरुप प्रसाईंले पठाएको 'पम्प्लेटको आपतबोरा' र चलाखीपूर्वक बिना प्रसाईंको घरमा स्थानान्तरण गरेका २०४६ आन्दोलनको राजनीतिक पाटो, परिवारप्रतिको जिम्मेवारी, विवाह तथा पदीय राजनीतिलगायत कुसुमसँगको संवादले पुस्तकले केही पूर्णता पाएको धरावासीको कथन छ।

भोला चेटर्जीसँगको एक अन्तर्वार्तामा बिपीले चक्र बाँस्तोलालाई 'तेजस्वी युवक'को संज्ञा दिएका छन्। उनको राजनीतिक जीवन भारतको बनारसबाट सुरु भयो। बनारसको बिएचयुमा पढ्दै गर्दा बिपीसँगको भेटघाट तथा प्रदीप गिरीसँगको संगतको गहिरो प्रभाव थियो। प्रदीप गिरीले सदस्य लिन नभनी उनी कांग्रेसी कार्यकर्ता भएछन्। साहित्यमा रुचि राख्ने व्यक्तिलाई उनले राजनीतिक शास्त्र पढ्न उत्प्रेरित गरे। युनिभर्सिटीको चुनावमा पहिलो पटक कांग्रेसबाट प्यानल उठाएर प्रदीप गिरी अध्यक्ष र उनी उपाध्यक्ष भएको प्रसंग रोचक छ। यसअघिको विपरीत विचारधारा भए पनि 'कोठामित्र' तेजराज खतिवडाको (कम्युनिस्ट पन्थी) भनाइमा कम्युनिस्टलाई भोट हालेछन्।

चक्र बाँस्तोला निडर र क्रान्तिकारी विचार बोकेका युवा थिए। एक प्रसंगमा उनले भने- 'कुसुम, राजनीतिमा खुट्टा कमाउने हो भने घरै बसे हुन्छ, मैदानमा उत्रेपछि डराउनुहुन्न।' आमकांग्रेसीभन्दा फरक थिए उनी। बिपीका कुरा सुन्न मात्र नभई बौद्धिक प्रश्न गर्ने क्षमता राख्थे। थप जवाफ खोज्न मन्त्रीमण्डलमा राज्यमन्त्री भइसकेका योगेन्द्रमान शेरचनलाई बिपीले 'उहाँ वाकिङ इन्साइक्लोपिडिया हुनुहुन्छ' भनेर परिचय गराएका थिए।

२०२८ सालमा नेपाली कांग्रेसले सशस्त्र क्रान्तिको घोषणा गरेपछि बिपीको निर्देशनमा हतियार खोज्ने र भण्डारण गर्ने जोखिमपूर्ण काममा लागे। पाकिस्तानी सरकारसँग सशस्त्र संघर्षरत मुक्तिवाहिनीको अनुरोध र जयप्रकाश नारायणको सल्लाहमा बिपीले क्रान्तिका लागि राखिएको हतियार बंगलादेशमा पुर्‍याएको र मृत्युको मुखबाट बालबाल बचेको कथा रोचक छ। यसको जानकारी प्रधानमन्त्री इन्दिरा गान्धीलाई भएको अनुमान उनले गरेका छन्। २०३० जेठ २८ गते बिहान साढे ८ बजे दक्षिण एसियामा नेपालमा भएको हवाईजहाज अपहरण पहिलो हो। यसका योजनाकार गिरिजाप्रसाद कोइराला थिए। सेकेन्ड-सेकेन्डका योजनामा अपहरण भयो। अपहरणकारीसँग चक्र बाँस्तोलाको चिनजान थिएन। जे आदेश भयो, त्यही गरे। देशभित्र क्रान्ति गर्न भारु तीस लाख हात पार्ने यो मिसन सफल भयो। चक्र बाँस्तोला गिरिजाबाबुको 'साइलेन्ट सिपाही' थिए।

ओखलढुंगाबाट पहिलो आक्रमणबाट सुरु गरिएको क्रान्ति तत्कालीन पञ्चायती शासनले असफल पार्‍यो। जुम्लिया युवा दाजुभाइ रामलक्ष्मणसहित २६ होनहार युवाले ज्यान गुमाए। सशस्त्र क्रान्तिको योजना तुहियो। यसका कमान्डर यज्ञबहादुर थापा र सहकमान्डर अमरसिंह राई थिए। पाकिस्तानमा भुट्टोलाई फाँसी दिएको १५ दिनअघि थापालाई गोली हानी मृत्युदण्ड दिएको थियो।

अपहरण काण्डबाट 'डकैतीको मुद्दा' चल्यो। फलामे बेडी हातखुट्टा र घाँटीमा लगाई डाँकासास्ती तथा लखनउ जेलमा दादाका यातना अपत्यारिलो थियो। आरएसएसमा लागेका एक सहपाठी भेटेपछि १० दिनको बसाइँ केही सहज भयो। हातखुट्टाका साङ्लीसहितको हत्कडी भुइँमा र रेलमा घिसार्दै हिँड्नु र बस्नुपर्थ्यो। सन् १९७५ मा एक राजनीतिक समझदारीपछि उनी रिहा भए। २०३७ वैशाख १ गते आममाफी घोषणापछि नेपाल फर्किए। २०४६ सालपछिको पहिलो चुनावमा पराजय भोगे तर दोस्रोमा जितेर मन्त्री भए। माओवादीसँगको वार्तामा पहिलो सरकारी सहजकर्ता थिए।

सन् १९९६ ताका, एम्नेस्टी इन्टरनेसनलले चीनको मानवअधिकारको सम्बन्धमा 'चीनमा कोही सुरक्षित छैनन्' प्रकरणसहित विश्व अभियान चलायो। नेपाल शाखाको म सभापति थिएँ। एक जुलुससहित चिनियाँ दूतावासमा जाने योजना बन्यो। न्युरोडबाट जुलुस सुरु नहुँदै पक्राउ पर्‍यौं, भृकुटीमण्डपमा राखियो। पहिलेदेखि नै करिब तीन-चार सय तिब्बती शरणार्थीलाई ठाउँ-ठाउँबाट त्यहाँ ल्याइएको रहेछ। 'फ्रि तिब्बत'को संलग्नता देखाउन सरकारले त्यसो गरेको थाहा भयो। राति १२-१ बजेतिर हामी करिब २० जना र १५ शरणार्थीलाई हनुमानढोकामा सारियो।

हामी छुटेपछि दबाबमा ती बन्दीलाई चीन फर्काउने निर्णय सरकारले गर्न लागेको चाल पायौं। चक्र बाँस्तोला शेरबहादुर देउवा क्याबिनेटमा एक शक्तिशाली मन्त्री थिए। बिहान ६ बजे थापागाउँ निवासमा पुगेँ। हामीबिच निकै चर्काचर्की भयो। मानवअधिकारका दृष्टिले गलत हुँदैछ भन्ने मेरो राय थियो तर सरकारको बचाउ उनले गरे। कुसुम भाउजूले ल्याएको चियासमेत नपिई तनावबिच म हिँडेँ। पछि थाहा भयो, सरकार पछि हटेछ। सायद उनले प्रधानमन्त्रीलाई 'कन्भिन्स' गरे होलान्। यस घटनाले घरमा केकस्तो असर पार्‍यो भन्ने मलाई चिन्ता थियो तर यो पुस्तक पढेपछि कुसुम भाउजूका अगाडि उनी शान्त हुने स्वभाव भएकाले केही 'रिलिफ' महसुस गरेँ।

# किसानलाई बिनाधितो ४८ करोड कर्जा

गोल्डेन बुढा
*जुम्ला, साउन १५*



जुम्लाको तातोपानी गाउँपालिका-१ का खड्कबहादुर रोकायाको खेती पेसा मात्रै होइन, भविष्य बदल्ने सपना पनि हो। वर्षौंदेखि उनले स्याउ बगैंचा विस्तार गर्ने, आलु र सिमीको व्यावसायिक खेती बढाउने र मौरीपालनलाई व्यवसायका रूपमा अघि बढाउने योजना बुन्दै आएका थिए। ती सबै योजनाका बिचमा लगानी बाधा बनेर उभिन्थ्यो।

सपना थियो, योजना थियो, मेहनत गर्ने आँट पनि थियो तर पुँजी भने थिएन। त्यसैले बेला-बेला बैंकको ढोका ढकढक्याउँथे। कृषि ऋणको आशामा पुगेका उनी धितो माग्ने बैंकको सर्त सुनेपछि हरेक पटक निराश भएर घर फर्किन्थे। गाउँघरमा चर्को ब्याजमा ऋण खोजेर खेतीमा लगानी गर्नु झन् जोखिमपूर्ण लाग्थ्यो। अन्ततः उनका योजना कागजमै सीमित भए। खेत उही थियो, मिहिनेत पनि उस्तै थियो तर लगानी नहुँदा सम्भावनाले कहिल्यै गति लिन सकेन। अहिले भने गाउँपालिकाबाट सहयोग पाइने भएपछि उनीभित्र आशा पलाएको छ।

गाउँपालिकाले बिना धितो सहुलियतपूर्ण कृषि कर्जा उपलब्ध गराउने निर्णय गरेपछि रोकाया आफ्नो पुरानो सपना फेरि ब्युँताउन थालेका छन्। 'गाउँपालिकाले सहुलियत रूपमा कृषि कर्जा दिने भएको छ', उनले भने, 'यसले हामीजस्ता साना किसानलाई ठूलो भरोसा दिएको छ। समयमै कर्जा पाए स्याउ बगैंचा बढाउँछु, आलु खेती विस्तार गर्छु।'

रोकाया मात्रै होइन, जुम्लाका सयौं किसान अहिले यही आशाले उत्साहित छन्। जुम्लाका तातोपानी गाउँपालिका, पातारासी गाउँपालिका र चन्दननाथ नगरपालिकाले किसानलाई बिना धितो सहुलियतपूर्ण ब्याजदरमा कृषि कर्जा उपलब्ध गराउने निर्णय गरेपछि जिल्लामा कृषि क्षेत्रप्रति नयाँ आशा जागेको छ। स्थानीय सरकार, निक्षेप तथा कर्जा सुरक्षा कोष, बैंकिङ क्षेत्र र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को साझेदारीमा सुरु हुन लागेको यो कार्यक्रमले कृषिलाई जीविकोपार्जनको परम्परागत अभ्यासबाट व्यावसायिक उद्यममा रूपान्तरण गर्ने विश्वास गरिएको छ। पहिलो चरण अन्तर्गत तीनवटा स्थानीय तहबाट ४८ करोड रुपैयाँ परिचालन गरिनेछ। प्रत्येक पालिकामा १६ करोड रुपैयाँका दरले लगानी हुनेछ। तातोपानी गाउँपालिकाले आगामी सात वर्षभित्र ३० करोड रुपैयाँ कृषि कर्जा परिचालन गर्ने सम्झौता गरिसकेको छ। आवश्यकता अनुसार यो रकम ५० करोड रुपैयाँसम्म विस्तार गर्ने योजना पनि बनाइएको छ। तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंका अनुसार समस्या किसानमा होइन, लगानीको पहुँचमा थियो। 'जिल्लामा कृषि गर्ने इच्छाशक्ति भएका किसानको कमी छैन', अध्यक्ष चौलागाईंले भने, 'धेरै किसानसँग सिप छ, अनुभव छ, मेहनत गर्ने आँट छ तर व्यवसाय विस्तार गर्न आवश्यक पुँजी छैन। यही अभावलाई सम्बोधन गर्न सहुलियतपूर्ण कृषि कर्जा ल्याएका हौं।' उनका अनुसार कार्यक्रमले विशेषगरी वैदेशिक रोजगारीबाट फर्किएका युवा, स्वरोजगारको खोजीमा रहेका बेरोजगार तथा कृषि व्यवसाय विस्तार गर्न चाहने किसानलाई गाउँमै अवसर दिनेछ। जुम्लाको अर्थतन्त्रको मेरुदण्ड अझै कृषि नै हो। स्याउ, मार्सी धान, आलु, सिमी, ओखर, तरकारी, फलफूल, पशुपालन, मौरीपालन र माछापालन अधिकांश परिवारको आयआर्जनको आधार बनेको छ।

आधुनिक प्रविधिको अभाव, सिँचाइको समस्या, बजारको अनिश्चितता र वित्तीय पहुँच कमजोर हुँदा कृषिको सम्भावनाले अपेक्षित उचाइ लिन सकेको छैन। यही अवस्थालाई बदल्ने प्रयासका रूपमा पातारासी गाउँपालिकाले पनि कार्यक्रमलाई रोजगारीसँग जोडेको छ। 'हाम्रो उद्देश्य युवालाई विदेश पठाउने होइन, गाउँमै उद्यमी बनाउने हो', पातारासी गाउँपालिकाका अध्यक्ष पूर्णसिंह बोहोराले भने, 'किसानलाई लगानीको अवसर दिए गाउँमै समृद्धि सम्भव छ।' उनका अनुसार कर्जा ठूला किसानका लागि मात्र सीमित रहने छैन। साना किसान, कृषि उद्यमी तथा कृषि उद्योग सञ्चालन गर्न चाहने सबैले यसबाट लाभ लिन सक्नेछन्। स्याउदेखि आलु, सिमी, मार्सी धान, तरकारी, फलफूल, मौरीपालन, पशुपालन, माछापालन तथा कृषि प्रशोधन उद्योगसम्म सहुलियतपूर्ण ब्याजदरमा लगानी गर्न सकिने व्यवस्था गरिएको छ। यसअघि कृषि अनुदानका कार्यक्रम वास्तविक किसानसम्म नपुगेको गुनासो बारम्बार उठ्ने गरेको थियो। त्यसैले यस पटक लाभग्राही छनोटलाई पारदर्शी बनाउने, नियमित अनुगमन गर्ने र उत्पादनमुखी व्यवसायलाई प्राथमिकता दिने प्रतिबद्धता स्थानीय तहले जनाएको छ। उद्योग वाणिज्य संघ जुम्लाका उपाध्यक्ष बालकृष्ण बुढा यसलाई कृषि क्षेत्रमा निजी लगानी आकर्षित गर्ने अवसरका रूपमा हेर्छन्। 'कृषिलाई सम्भावनाको क्षेत्र बनाउने हो', उनले भने, 'यस्ता वित्तीय कार्यक्रम निरन्तर हुनुपर्छ।' युएनडिपी जुम्लाका प्रतिनिधि ऋषिराज ओलीका अनुसार अधिकतम तीन करोड रुपैयाँसम्मको कृषि कर्जाको जोखिम निक्षेप तथा कर्जा सुरक्षा कोष र सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्नेछन्। यसले बैंकको जोखिम कम गर्ने र किसानलाई सहज रूपमा कर्जा उपलब्ध गराउने वातावरण बनाउने अपेक्षा गरिएको छ। जुम्लामा पहिलो पटक धितोभन्दा किसानको योजना, मिहिनेत र सम्भावनालाई आधार बनाएर कृषि क्षेत्रमा ठूलो लगानी भित्रिन लागेको छ।

# सिद्धार्थ थापालाई साधारण तारेखमा छाड्न आदेश

नागरिक संवाददाता
*काठमाडौं, साउन १५*



राहदानी विभागको विद्युतीय राहदानी (ई-पासपोर्ट) छपाइ र प्रणाली खरिद सम्बन्धी ठेक्का प्रक्रियामा भएको भ्रष्टाचार मुद्दामा प्रतिवादी रहेका सिद्धार्थ थापालाई विशेष अदालतले साधारण तारेखमा छाड्न आदेश दिएको छ।

जर्मन कम्पनी 'भेरिडोस जिएमबिएच' का नेपाली एजेन्ट थापा शुक्रबार विशेष अदालतमा हाजिर भएका थिए। यसअघि फरार सूचीमा रहेका थापा अदालतमा उपस्थित भएपछि उनको बयान लिइएको थियो। विशेष अदालतका अध्यक्ष न्यायाधीश वासुदेव आचार्य र सदस्य न्यायाधीश हेमन्त रावलको इजलासले थापालाई मुद्दा पुर्पक्षका लागि साधारण तारेखमा राख्ने आदेश दिएको हो।

अदालतका उपरजिस्ट्रार एवं प्रवक्ता कृष्णशरण लामिछानेले यस्तो जानकारी गराएका हुन्। आदालतकाअनुसार थापाको बयान र दुवै पक्षको प्रारम्भिक बहसपछि थापालाई थुनामा राख्न वा धरौटी माग्न आवश्यक नदेखिएको भन्दै साधारण तारेखमा छाडिएको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले थापा र उनी संलग्न कम्पनीविरूद्ध आठ अर्ब २२ करोड ३५ लाख चार हजार ४४४ रुपैयाँ बिगो कायम गर्दै गत असार ८ मा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। थापालाई जर्मन कम्पनी 'भेरिडोस' सँग मिलेमतो गरी सरकारी खरिद प्रक्रियामा अनियमितता गरेको र मतियारको भूमिका निर्वाह गरेको आरोप छ।

अख्तियारले सोही प्रकरणमा राहदानी विभागका तत्कालीन महानिर्देशक तीर्थराज अर्यालसहित १० जना सरकारी कर्मचारी र दुईवटा जर्मन कम्पनीका अन्य प्रतिनिधिहरूलाई पनि प्रतिवादी बनाइएको छ। प्रतिवादीहरूविरुद्ध कुल १० अर्ब १३ करोड चार लाख ६१ हजार ४७७ रुपैयाँको बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन- २०५९ को दफा ८ को उपदफा (१) र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको माग गरेको छ। यस प्रकरणमा मुछिएका अन्य आरोपीमाथि पनि अनुसन्धान जारी रहेको अख्तियारले जनाएको छ।

# मुद्दा फितलो कि पहुँचको खेल ?

पृष्ठ १ बाट

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष तथा गोल्छा ग्रुपका अध्यक्ष गोल्छालाई बिमासम्बन्धी कसुरमा ७५ लाख र धितोपत्रसम्बन्धी कसुरमा २५ लाख रुपैयाँ धरौटी निर्धारण गरिएको थियो। उनीमाथि लागेको आरोप र मुद्दाको कानुनी प्रक्रिया भने अझै टुंगिएको छैन। अन्तिम फैसला नहुँदासम्म उनी धरौटीमा रहेर कानुनी प्रक्रियामा सहभागी हुनेछन् र उनीमाथिको अनुसन्धान पनि रोकिने छैन। यसअघि उनी वैशाखमा पनि केही समय प्रहरी हिरासतमा बसेर छुटेका थिए। उनलाई सिआइबीले वैशाखमा १० नियन्त्रणमा लिएको थियो। उनलाई मुख्य रूपमा धितोपत्रसम्बन्धी कसुरमा अनुसन्धान गर्न पक्राउ गरिएको थियो। गोल्छा समूह नेपालको पुरानो औद्योगिक घरानामध्ये एक हो। गोल्छासँग भट्टको उद्योग, बैंकिङ, बिमालगायत क्षेत्रमा व्यावसायिक संलग्नता छ।

यो प्रकरणले नेपालको वित्तीय अपराध अनुसन्धान, नियमन प्रणाली र ठुला व्यवसायीमाथिको निगरानीबारे थप बहस सिर्जना गरेको छ। चौतर्फी दबाबबिच व्यवसायी भट्ट, गोल्छा र शंकर ग्रुपका अग्रवाल परिवारलगायत विभिन्न कर्पोरेट घरनाका साझेदारहरूमाथिको अनुसन्धान थप पेचिलो बन्दै गएको छ। यो प्रकरण बाहिर आएको आधा वर्ष हुन लाग्दा पनि उनीहरूमाथिको अनुसन्धान टुंगोमा पुगेको छैन।

व्यवसायी भट्टको सम्पत्ति शुद्धीकरण प्रकरणमा जोडिएको ब्रोकर कम्पनीलाई कारबाही प्रक्रियामा लगिएको छ। सम्बन्धित ब्रोकरमाथि कारबाही गर्न सम्पत्ति शुद्धीकरण विभागले सेयर बजार नियामक धितोपत्र बोर्ड र बजार सञ्चालक नेपाल स्टक एक्सचेन्जलाई निर्देशन दिएको थियो। सोही क्रममा अहिले छानबिन जारी छ। भट्टले नेपाल पुनर्बिमा कम्पनीलगायतको सेयर खरिद गर्दा आफ्नोबाहेक अन्य खाताबाट रकम भुक्तानी गरेको देखिएपछि उनको ब्रोकर कम्पनीमाथि कारबाही अघि बढाइएको हो। विभागका अनुसार ब्रोकर नम्बर ५५ भृकुटी स्टक ब्रोकिङ कम्पनीमार्फत भट्टले सेयर खरिद गरेका थिए।

भट्टले सेयर कारोबारका लागि आफ्नो सिद्धार्थ बैंकको खाता प्रयोग नगरी अन्यत्रबाट भुक्तानी गरेको पाइएको थियो। भट्टले खरिद गरेको सेयर भुक्तानीका लागि हिमालयन रिइन्स्योरेन्सबाट दुई अर्ब ७३ करोड रुपैयाँ, यसैको सहायक कम्पनी हिमालयन सेक्युरिटिज बैंकरबाट २२ करोड १९ लाख रूपैयाँ, नेपाल माइक्रो इन्स्योरेन्सबाट १६ करोड १७ लाख रूपैयाँ प्रयोग भएको थियो। यसैगरी नेपाल लाइफ इन्स्योरेन्सको सहायक कम्पनीको ३७ करोड र एचएलआई लार्ज क्याप फण्डबाट २५ करोड १४ लाख रुपैयाँसहित तीन अर्ब ८१ करोड रूपैयाँ भुक्तानी भएको अनुसन्धानबाट देखिएको छ।

विभागका अनुसार उक्त ब्रोकर कम्पनीले सेयर कारोबारका क्रममा आफूले गर्नुपर्ने तीन काम नगरेको पाइएको छ। उसले सेयर कारोबार गर्नुअघि कम्तीमा २५ प्रतिशत पेस्की राख्नुपर्ने नियम पालना नगरेको, सम्बन्धित व्यक्तिको खाताभन्दा अन्य बैंक खाताबाट कारोबारको भुक्तानी गरेको र सेयर कारोबारका लागि तोकिएको व्यवस्थाविपरीत कारोबार गरेको पाइएको छ। कारबाही स्वरूप बजार नियामक धितोपत्र बोर्डले भट्टले सेयर कारोबार गरेको ब्रोकर कम्पनीको कारोबार केही समय रोक्का गरेको थियो। अनुसन्धानका क्रममा भट्टले हिल्टन होटलको बिमासमेत आफ्नो लगानीको अर्को कम्पनी हिमालयन रिइन्स्योरेन्समा सार्ने भूमिका निर्वाह गरेका थिए। नियमअनुसार यस्तो बिमा सरकारी लगानीको नेपाल पुनर्बिमा कम्पनीमा गर्नुपर्ने भए पनि हिमालयन रिइन्स्योरेन्समा सारिएको हो। गत भदौ २४ मा भएको जेनजी आन्दोलनका क्रममा हिल्टन होटलमा क्षति पुगेपछि परेको दाबी सोही कारण भुक्तानी हुन सकेको छैन।

छानबिनका क्रममा विभागले भट्टले गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिबारे एउटा अस्वाभाविक 'डिल' फेला पारेको थियो। सो 'डिल' निकै अस्वाभाविक थियो। वार्षिक १० अर्ब रुपैयाँ बढीको कारोबार गर्ने र ५० करोड रुपैयाँ लाभांश वितरण गर्ने कम्पनीको २० प्रतिशत स्वामित्व चुक्ता मूल्यमा नै भट्टले प्राप्त गरेका थिए। श्रीराम टोबाको उद्योग र यस कम्पनीको चुक्ता पुँजी १५ करोड रुपैयाँ थियो। भट्टलाई २० प्रतिशत सेयर दिन दबाब परेपछि सो कम्पनीको चुक्ता पुँजी १८ करोड ७५ लाख रुपैयाँ पुऱ्याइयो। १५ करोडबाट १८ करोड ७५ लाख रुपैयाँ चुक्ता पुँजी पुऱ्याएपछि कम्पनीमा तीन करोड ७५ लाख रुपैयाँको जगेडा सेयर सिर्जना भयो। त्यो सेयर कम्पनीका सञ्चालकहरूले भट्टको इन्फिनिटी होल्डिङको सतप्रतिशत स्वामित्व भएको हिमालय एसेट म्यानेजमेन्ट कम्पनीलाई चुक्ता मूल्य तीन करोड ७५ लाख रुपैयाँ ) मै हस्तान्तरण गरेका थिए। यसरी भट्ट श्रीराम टोबाको उद्योगको सेयरधनी भएका थिए। भट्ट तीन करोड ७५ लाख रुपैयाँ तिरेर सेयरधनी भएको अर्को केही महिनामा श्रीराम टोबाकोले लगातार दुई आर्थिक वर्षको लाभांश वितरण गरेको अनुसन्धानमा देखिएको छ।

यो कम्पनीले एक आर्थिक वर्षका लागि ५० करोड र अर्को आर्थिक वर्षका लागि ५० करोड गरी एक अर्ब रुपैयाँ लाभांश बाँड्को थियो। यसरी बाँडिएको लाभांशबाट कर कट्टा गरेपछि १९ करोड रुपैयाँ हिमालय एसेट म्यानेजमेन्ट कम्पनीको खातामा आएको देखिए पनि यो अस्वाभाविक कारोबार किन भयो भनेर खोज्दै विभाग कम्पनीका सेयरधनी कमलकिशोर मालपानी र चुन्नलाल पौडेलसम्म पुगेको थियो।

मालपानी प्रधानमन्त्री शाहलाई गत फागुनको निर्वाचनमा महंगो गाडी चढ्न दिने व्यवसायी हुन्। अनुसन्धानको दायरा कडा बनाउँदै जाँदा प्रधानमन्त्री शाहसँग राम्रो सम्बन्ध भएका मालपानी पनि जोडिएकै कारण यो अनुसन्धान पेचिलो बनेको छ।

आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागले गुट्खा उत्पादन गर्ने श्रीराम टोबाकोमाथि एकपछि अर्को गर्दै छानबिन सुरु गरेको थियो। यो प्रकरणमा जोडिएको भन्दै विभागले एमाले नेता एवं पूर्वअर्थमन्त्री विष्णु पौडेललाई असार ८ मा मा सुर्खेतबाट नियन्त्रणमा लिएको थियो। उनी अहिले साधारण तारेखमा छन्। पूर्वअर्थमन्त्री पौडेलसँगै सम्बन्ध जोडिएको त्रिवेणी डिष्टिलरीमाथि पनि कारबाही प्रक्रिया अघि बढेको छ।

**भट्टसँग जोडिएका थुनामा**

भट्टको नेटवर्कमा जोडिएका अन्य व्यवसायी पनि एकपछि अर्को गर्दै थुनामा छन्। यो प्रकरणमा शंकर ग्रुपका अध्यक्ष शंकरलाल अग्रवाल, नेपाल माइक्रो इन्स्योरेन्सका पूर्वप्रमुख कार्यकारी अधिकृत मृगेन्द्रनाथ रिमाल र क्रेष्ट माइक्रो इन्स्योरेन्सकी पूर्वसञ्चालक मृदुला सरिया पनि पक्राउ परेका छन्।

भट्ट र शंकरलाल अग्रवालको समूहले जगदम्बा स्टिल्समार्फत बैंकहरूलाई झुक्याएर ४२ करोड १४ लाख रुपैयाँ बढी रकम सेयर बजारमा मोडेर सर्कुलर ट्रेडिङ गरेको पाइएको छ। जगदम्बा स्टिलले उद्योगका लागि बैंकबाट लिएको कर्जा दुरुपयोग गरी सेयरबजारमा 'पम्प एन्ड डम्प' कारोबारका लागि प्रयोग गर्दा ऊ फसेको अनुसन्धानमा संलग्न एक अधिकारीको भनाइ छ।

भट्ट प्रकरणमा राजबहादुर शाहलगायतका व्यवसायी पनि मुछिएका छन्। अनुसन्धानमा संलग्न निकायहरूको दाबीअनुसार शंकर ग्रुपअन्तर्गतको जगदम्बा स्टिल्सले नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको नेतृत्वमा कन्सोर्टियमबाट ठुलो रकम सञ्चालन पुँजीका रूपमा निकालेको देखिएको छ। कन्सोर्टियम कर्जा भनेको एउटै बैंकले दिन नसक्ने वा जोखिमपूर्ण हुने ठुलो रकमको ऋण दुई वा बढी बैंकले संयुक्तरूपमा उपलब्ध गराउने व्यवस्था हो। यसरी निकालेको कर्जा कच्चा पदार्थ खरिद, उत्पादन बढाउन वा उद्योग सञ्चालनका लागि प्रयोग भएन। त्यो कर्जा रकम दुरूपयोग भई विभिन्न खाता हुँदै भट्टसँग जोडिएको इन्फिनिटी होल्डिङ्स प्रालिमा पुग्यो र त्यहाँबाट सेयर बजारमा 'पम्प र डम्प' गर्न प्रयोग भयो।

यही प्रकरणमा नेपाल माइक्रो इन्स्योरेन्स, नेपाल पुनर्बिमा कम्पनी, एनएलजी इन्स्योरेन्स, गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स, नेपाल माइक्रो इन्स्योरेन्सलगायत बिमा कम्पनीहरूमाथि सेयरमा सर्कुलर ट्रेडिङ गरी कृत्रिम रूपमा मूल्य बढाइएको आरोप लागेको छ।

बिमा ऐनअन्तर्गत हिमालयन रिइन्स्योरेन्सका प्रवर्धकद्वय भट्ट, सुलभ अग्रवालसहित ४१ जनाविरूद्ध सामूहिकरूपमा मुद्दा दायर गरिएको हो। सिआइबीका अनुसार उनीहरूले बिमा कम्पनी तथा सार्वजनिक संस्थाको रकम प्रयोग गरी योजनाबद्ध रूपमा सेयर कारोबार गरेका थिए। भट्ट, शंकरलाल, सुलभ, साहिल अग्रवाललगायत प्रतिवादीविरुद्ध धितोपत्र कसुर, बिमा कसुर, बैंकिङ कसुर तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी भिन्दाभिन्दै मुद्दा अदालतमा विचाराधीन छन्।

सिआइबी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र सरकारी वकिलको कार्यालयको अनुसन्धानले एउटै समूहले आपसमा सेयर किनबेच गरेर कारोबार 'पम्प' गर्ने र मूल्य कृत्रिम रूपमा बढाउने सर्कुलर ट्रेडिङको गम्भीर अपराध गरेको देखाएपछि मुद्दा चलाइएको हो। नेपाल पुनर्बिमा कम्पनी, एनएलजी इन्स्योरेन्स र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको सेयरमा योजनाबद्ध कारोबार गरी बजारमा नक्कली माग सिर्जना गरेको र त्यसबाट नाफा उठाउने प्रयास गरेको आरोप उनीहरूमाथि छ। यसबाट बिमा कम्पनी तथा सार्वजनिक संस्थालाई १ अर्ब १४ करोड रुपैयाँ बढी नोक्सानी भएको सरकारी वकिलको आरोप छ।

लहरो तान्दा पहरो भेटिएको यो प्रकरणमा संलग्नहरूमाथि अनुसन्धानको राडार भित्र पस्ने क्रममा भट्ट नै यस सम्पूर्ण नेटवर्कको मुख्य परिचालकमध्ये एक भएको पाइएको छ। विभिन्न कम्पनी, सेयर ब्रोकर र बैंक खाताहरूबिचको समन्वय भट्टकै नेतृत्वमा भएको अनुसन्धानमा संलग्न निकायको दाबी छ।

व्यवसायी सुलभसँग सम्बन्धित सौर्य सिमेन्ट र जगदम्बा स्टिलको कार्यालयबाट सेयर कारोबार सञ्चालन भएको डिजिटल प्रमाण (आइपी एड्रेस) फेलापरेको पनि सिआइबीले जनाएको छ। यसमा भृकुटी स्टक ब्रोकिङ कम्पनी र सम्बन्धित अन्य ब्रोकरहरूमाथि पनि गम्भीर आरोप छ। पर्याप्त धरौटीबिना अबौं रुपैयाँको सेयर खरिद गर्न दिने, नियमविपरीत अग्रिम भुक्तानी गर्ने र सर्कुलर ट्रेडिङलाई सहज बनाउने काम भृकुटीबाट भएको अनुसन्धानले देखाएको छ।

यो प्रकरणमा चारवटा फरक-फरक मुद्दा चलाइएको छ। ४२ करोड १४ लाख ८८ हजार रुपैयाँ बिगो माग गर्दै भट्ट, शंकरलाल, सुलभ र साहिलविरुद्ध बैंकिङ कसुर मुद्दा चलाइएको छ। सर्कुलर ट्रेडिङ र बजार चलखेल धितोपत्र कसुर, बिमा कम्पनीको रकम दुरुपयोगसम्बन्धी बिमा कसुरमा ३४ जना व्यक्ति र दुई कम्पनीविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा चलाइएको छ। भट्टमाथि २२ अर्ब र सुलभमाथि २१ अर्ब रुपैयाँ बढी बिगो माग गरिएको छ।

भट्ट र अग्रवाल समूहमाथि जगदम्बा स्टिल्समार्फत बैंकहरूलाई झुक्याएर ४२ करोड १४ लाख रुपैयाँ बढी रकम सेयर बजारमा पुऱ्याएको आरोप पनि छ। उद्योग चलाउने नाममा बैंकबाट वर्किङ क्यापिटल झिकेर त्यही रकम सेयर बजारमा सर्कुलर ट्रेडिङ गर्दै अबौंको खेल खेलेको देखिएपछि यसलाई नेपालको आर्थिक इतिहासकै ठूलो प्रकरणका रूपमा लिइएको छ। अहिलेसम्मको अनुसन्धानमा शंकर ग्रुपको जगदम्बा स्टिल्सले नेपाल इन्भेष्टमेन्ट मेगा बैंकसहित विभिन्न बैंकहरूबाट ठुलो अंकमा सञ्चालन पुँजी र अल्पकालीन कर्जा लिएको र सो रकम उद्योगमा खर्च नभएको खुलेको छ।

# परिवार सुरक्षा बचत खाताबाट बिमा दाबी भुक्तानी




काठमाडौं, साउन १५ (नागरिक)- कुमारी बैंक लिमिटेडले आफ्नो 'परिवार सुरक्षा बचत खाता' अन्तर्गत उपलब्ध बिमा सुविधामार्फत लाभग्राहीलाई १० लाख रुपैयाँ बराबरको बिमा दाबी रकम हस्तान्तरण गरेको छ। बैंकको गौमुल शाखाले दुर्घटनामा ज्यान गुमाएका खातावाहकका परिवारलाई उक्त रकम उपलब्ध गराएको हो।

बैंकका अनुसार श्रीमती बनादेवी बोहराका श्रीमान्को दुर्घटनाजन्य निधनपछि बिमा दाबी प्रक्रिया पूरा गरी १० लाख रुपैयाँ हस्तान्तरण गरिएको हो। बैंकले यस्तो सुविधाले अप्रत्याशित दुर्घटनाबाट प्रभावित परिवारलाई तत्काल आर्थिक राहत उपलब्ध गराउने तथा वित्तीय सुरक्षामा योगदान पुग्ने जनाएको छ।

कुमारी बैंकले बचत योजनासँग आबद्ध बिमा सुविधामार्फत ग्राहक तथा उनीहरूका परिवारको आर्थिक संरक्षणलाई प्राथमिकतामा राख्दै आएको जनाएको छ। विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकसम्म बैंकिङ र बिमा सेवाको पहुँच विस्तार गर्दै आर्थिक समावेशीकरणलाई बलियो बनाउने लक्ष्य बैंकको रहेको छ।

बैंकिङ सेवासँग बिमा सुरक्षालाई जोड्ने यस्तो अभ्यासले निक्षेप आकर्षित गर्नुका साथै ग्राहकको दीर्घकालीन विश्वास बढाउन सहयोग पुग्ने बैंकिङ क्षेत्रका जानकारको भनाइ छ।

# रिलायबल नेपाल लाइफद्वारा ५० लाख दाबी भुक्तानी



काठमाडौं, साउन १५ (नागरिक)- रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले पूर्ण अशक्तता सुविधा अन्तर्गत एक बिमितलाई ५० लाख रुपैयाँ दाबी भुक्तानी गरेको छ। कम्पनीले बिमा योजनासँग आबद्ध अतिरिक्त सुरक्षा सुविधाले कठिन स्वास्थ्य अवस्थाका बिमितलाई आर्थिक राहत प्रदान गरेको जनाएको छ।

कम्पनीका अनुसार बिमित हरिप्रसाद काफ्लेले २०७६ सालमा काठमाडौं शाखामार्फत 'रिलायबल सुलभ जीवन बिमा' योजनाअन्तर्गत २० वर्ष अवधिको एक करोड रुपैयाँ बिमांकको जीवन बिमा गरेका थिए। उक्त योजनासँगै उनले पूर्ण अशक्तता सुविधा अन्तर्गत ५० लाख रुपैयाँ बराबरको अतिरिक्त सुरक्षा पनि लिएका थिए।

पछि पार्किन्सन रोगका कारण उनको अवस्था पूर्ण अशक्तता सुविधा प्राप्त गर्ने मापदण्डअनुसार रहेको पुष्टि भएपछि कम्पनीले ५० लाख रुपैयाँ दाबी रकम भुक्तानी गरेको जनाएको छ। यससँगै उनले बाँकी ५० लाख रुपैयाँ बिमांकका लागि लाग्ने भविष्यका बिमा शुल्कबाट समेत छुट पाएका छन्। बिमा क्षेत्रमा आधारभूत जीवन बिमासँग अतिरिक्त सुरक्षा सुविधा जोड्ने अभ्यासले दीर्घकालीन जोखिम व्यवस्थापनमा सहयोग पुग्ने विश्वास गरिएको छ।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

### सूचना



जिल्ला स्याङ्जा विरुवा गाउँपालिका वडा नं ०३ निवासी भारतीय भु.पु. सैनिक नं. जे सि ६०८०८८ एफ का दाम प्रसाद थापाको श्रीमती मुन्नु कुमारी थापा (ना.प्र.न.६८४४६) को ना.प्र.मा नामथर मुन्नु कुमारी थापा र जन्म मिति २०४१/०३/२१ भएको तर सैनिक अभिलेखमा नामथर मन्नु कुमारी थापा र जन्म मिति २०४१/०३/२२ (सन् १९८४/०७/०५) गते भई फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. ३६ मिति २०८३/०४/१२ को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ।

### VACANCY ANNOUNCEMENT KOHALPUR

1. Regional Centre ECHS Nepal, Defence Wing, Embassy of India invites applications for the following posts at ECHS Polyclinic, Kohalpur:
(i) Nursing Asst - 03
2. For qualification, work experience, salary, terms & conditions and other details, see website. www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address till 16 Aug 2026.

**Assistant Military Attaché (ECHS), Regional Centre, ECHS**
**Nepal Embassy of India, Kathmandu.**
**Phone: 01-4430520**
Email: amaechs.kathmandu@mea.gov.in

## श्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बुद्धवारी, टेकु काठमाडौं

### धितो लिलाम सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

दोश्रो पटक प्रकाशित मिति २०८३/०४/१६ गते

यस संस्थाबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक पटक मौखिक एवं लिखित तर ताकेता गर्दा पनि कर्जा चुक्ताको लागि पहल नगरी आलटाल गरी वस्तु भएकोले संस्थामा कर्जा तिर्न बुझाउनका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ। उल्लेखित मितिभित्र संस्थामा तिर्नु बुझाउनु पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ संस्थाको विनियम तथा ऋण लिदाको बखत संस्थामा गरेको ऋण तमसूक, शर्त, कबुलियतनामा, बमोजिम संस्थाको सम्पुर्ण लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराइन्छ। साथै संस्थाले कर्जाको साँवा व्याज असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा भएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुलीउपर गरिने व्यहोरा पनि जानकारी गराउदछौ सो प्रकृयावाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाई ऋणी तथा धनजमानी दिनेको घर घराना चल अचल सम्पतिबाट प्रचलित कानुन बमोजिम असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणीलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| क्र.सं | ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|---|---|
| १. | **ऋणी: मिनबहादुर तामाङ**  बुवा: छ्यो लामा तामाङ बाजे: डेन्मा लामा तामाङ ठेगाना: का.जि.का.म.न.पा वडा नं. सेतुङ्ग ५ धादिङ हाल का.म.न.पा १६, सोह्रखुट्टे ना. प्र.नं. २६३७६११ धादिङ | डेन्मा लामा तामाङको नाति, छ्यो लामा तामाङको छोरा, मिनबहादुर तामाङ ना.प्र.नं. २६/३७६११ धादिङको नाममा धादिङ मालपोत कार्यालयमा दर्ता कायम रहेको मुरलीभञ्ज्याङ-४ धादिङ कि.न. ६७२, क्षेत्रफल २-४-२-१ को निजकै नाममा दर्ता कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा.१६ को कित्ता नं. ४२० को १७९.९४ व.मि. को जग्गा रोक्का गर्छु भनि रोक्का नगराएको। | १. **फिलिङ तामाङ**, ना प्र नं. १/३८२३, धादिङ जिल्ला, रुवी भ्याली गाविस वडा नं. ४। २. **शिवहरी तिमिल्सेना**, ना. न. ६०२६२, कास्की जिल्ला, न पा लेखनाथ वडा नं. ११। ३. **नरमान तामाङ**, ना प्र न २६/१/१६६२ सेतुङ ५ धादिङ, हाल काठमाडौ जिल्ला, कामनपा वडा नं. १६, नयाँबजार। ४ **माया तामाङ**, ना प्र. नं. ८२७७ धादिङ, सेतुङ्ग ६ धादिङ, हाल काठमाडौ जिल्ला, कामनपा वडा नं १६, नयाँबजार। |
| २. | **ऋणी: राजेन्द्र घतानी**  बुबा: कृष्ण बहादुर घतानी बाजे: तुलबहादुर घतानी ठेगाना: थुम्पाखर गाविस वडा नं. ७ हाल का.जि. का.म.न.पा. वडा नं १६ नयाँबजार, ना.प्र. नं. २४/१४०५०० सिन्धुपाल्चोक | तुल बहादुर घतानीको नाति कृष्ण बहादुर घतानीको छोरा, ना. प्र. नं. २४/१४०५०० सिन्धुपाल्चोक राजेन्द्र घतानीको सिन्धुपाल्चोक मालपोत कार्यालय दर्ता कायम रहेको माइखा गा.वि.स वडा नं. ६ कित्ता नं. १७०९ क्षेत्रफल ०-७-०-० सिन्धुपाल्चोक | १. **मिन बहादुर तामाङ**, ना.प्र.नं. २६/३७६११, धादिङ, सेतुङ्ग ५ धादिङ, हाल काठमाडौ जिल्ला, कामनपा वडा नं १६, नयाँबजार। २. **जयराम गहतराज**, ना. प्र. नं. २४/४३३१/टो ५ (४१०४) पाग्रेटार ६, सिन्धुपाल्चोक, हाल काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. १६, नयाँबजार। |
| ३. | **ऋणी: जयराम गहतराज**  बुबा: चन्द्र बहादुर गहतराज बाजे: दलबहादुर गहतराज ठेगाना: पाग्रेटार ६ सिन्धुपाल्चोक, हाल का.म.न.पा वडा नं १६ नयाँबजार ना.प्र.न: २४/४३३१/टो ५ (४१०४) सिन्धुपाल्चोक | दल बहादुर गहतराजको नाति चन्द्र बहादुर गहतराजको छोरा ना.प्र.नं. २४/४३३१/टो ५. (४१०४) को सिन्धुपाल्चोक मालपोत कार्यालयमा दर्ता कायम रहेका माखा ६ कि.नं. ७८९ को क्षेत्रफल ०-१४-१-१ | १. **मिनबहादुर तामाङ**, हाल काठमाडौ जिल्ला, कामनपा वडा नं १६, नयाँबजार, ना.प्र. नं. २६/३७६११ धादिङ। २. **जयन्ती देवी महतराज**, ना.प्र. नं. २४-०१-६९-०५५७९, जिल्ला सि.पा. जि पाङ्ग्रेटार -६, हाल काठमाडौ जिल्ला, का.म.न.पा. वडा न १६, नयाँबजार। ३. **राजेन्द्र घतानी**, ना प्र. नं. २४/१४०५०० जिल्ला सि.पा. जि. थुम्पाखर- ७ हाल काठमाडौ जिल्ला, कामनपा वडा न १६, नयाँबजार। |

**लिलाम विक्री हुने मिति, समय, र स्थान: मिति:** २०८३ साल भाद्र २२ गते सोमबार, **समय:** दिउसो ११:०० बजे **स्थान:** श्री बहुउद्देश्यीय सहकारी संस्था लि. को कार्यालय, का.म.न.पा -१२, बुद्धवारी टेकु, काठमाडौं
**लिलाम विक्री सम्बन्धी शर्तहरु:**

१. लिलामी प्रकृयामा भाग लिई सबैभन्दा बढी अङ्क बोली लिलाम विक्रीको बोलपत्र स्विकृत भएको ब्यक्ति एवं संस्थाले लिलाम सकार गरी लिन कबुल गरेको रकमको १०% प्रतिशत दरले हुन आउने रकम धरौटी स्वरुप बोलपत्र स्वीकृत भएको २४ घण्टा भित्र नै कार्यालय समयभित्र यसै संस्थामा संस्थाले तोकेको बैंकको खातामा जम्मा गरी सो को भौचर संस्थामा पेश गर्नु पर्नेछ।
२. लिलाम बिक्रीको बोलपत्र स्विकृत भएको व्यक्ति एवं संस्थाले लिलाम स्विकृत भएको मितिले ७ दिनभित्र बाँकी ९० प्रतिशत रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
३. एउटा लिलामी फारम एउटा मात्र खरिदको लागि प्रस्ताव पेश गर्न सकिने छ।
४. धितो सुरक्षण सम्बन्धी कागजात कार्यालय समयमा संस्थामा सम्पर्क गरी अध्ययन गरी आवश्यक जानकारी लिन सकिने छ।
५. धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने छ।
६. लिलाम विक्रीको बोलपत्र स्वीकृत हुने वा नहुने सम्बन्धमा निर्णय गर्ने सम्पुर्ण अधिकार यस संस्थामा निहित हुने छ।
७. बोलपत्र स्वीकृत भईसकेपछि हक हस्तान्तरण गर्दा नियम अनुसार लाग्ने दैदस्तुर, राजश्व (पुँजीगत लाभकर समेत) आदि धितो सम्पत्ति सकार गरी खरिद लिने ब्यक्ति/संस्थाले नै ब्यहोर्नु पर्ने छ।
८. धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु संस्थाको ऋण नीति बमोजिम हुनेछ।
९. उपरोक्त सम्बन्धमा थप अन्य कुनै कुरा बुझ्न परेमा संस्थाको कार्यालयमा सम्पर्क राख्नहुन अनुरोध गरिन्छ।

**पुनश्च:** उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शिघ्रकर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन यसै सूचनाबाट अनुरोध गरिन्छ। तोकिएको दिन धितो लिलाम विक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढि हुने प्रकृयामा ऋणी सदस्यलाई उपस्थित हुन सुचित गरिन्छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम विक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

# खेलाडीलाई छैन विश्राम

आगामी अगस्ट २१ तारिखदेखि सुरु हुने लिग र जुलाई १९ तारिखमा अमेरिकामा सम्पन्न विश्वकप फाइनलबिचको अन्तर मात्र ३३ दिनको छ। यो समय व्यावसायिक क्लबका लागि पर्याप्त मानिएको छैन।







इङ्लिस प्रिमियर लिगको खेल हुने मैदान फाल्मर स्टेडियम। फिफा विश्वकपमा गोल्डेन बलका साथमा स्पेनका कप्तान रोड्री। विश्वकपमा फ्रान्सको खेलका क्रममा भाइते भएपछि बाहिरिँदै आर्सनलका खेलाडी विलियम सालिबा। अर्जेन्टिना र एस्टन भिल्लाका गोलकिपर इमिलियानो मार्टिनेज। *तस्बिर : एपी*



## अगस्ट २१ देखि इङ्लिस प्रिमियर लिग

लन्डन, साउन १५ (एजेन्सी)- फिफा विश्वकपको सकिएको एक महिनाजति पनि नबित्दै विश्वकै चर्चित लिगमध्ये एक इङ्लिस प्रिमियर लिगको नयाँ सिजन सुरु हुँदै छ।

आगामी अगस्ट २१ तारिखदेखि सुरु हुने लिग र जुलाई १९ तारिखमा अमेरिकामा सम्पन्न विश्वकप फाइनलबिचको अन्तर मात्र ३३ दिनको छ। यो समय व्यावसायिक क्लबका लागि पर्याप्त मानिएको छैन। किनभने फिफाकै नियमअनुसार विश्वकप खेलेका खेलाडीले कम्तीमा तीन साताको विश्राम पाउनुपर्छ। त्यसपछि मात्र उनीहरू क्लबमा फर्किएर टोलीसँग अभ्यास गर्न पाउँछन्। यसले विशेष गरी विश्वकपको अन्तिम चरणसम्म पुगेका खेलाडी रहेका क्लबलाई अप्ठ्यारो परेको छ। इङ्लिस प्रिमियर लिग क्लब टोटेनहम त्यसको उदाहरण हो। क्रिस्टियन रोमेरो र नयाँ अनुबन्धित खेलाडी मार्कोस सेनेसी अर्जेन्टिनासँग फाइनल पुगे। पेड्रो पोरो स्पेनको विश्वकप विजेता टोलीका सदस्य हुन्। उनी टोटेनहमकै स्टार पनि हुन्।

यही क्लबका डिजेड स्पेन्स इङ्ल्यान्डसँग तेस्रो स्थानको प्लेअफसम्म पुगेका थिए। फिफाको विश्रामसम्बन्धी प्रावधान लागू गर्दा फाइनल खेलेका खेलाडीहरू ९ अगस्टअघि क्लबमा फर्किन सक्दैनन्। स्पेन्सको हकमा त्यो मिति ८ अगस्ट हुन्छ। महत्त्वपूर्ण खेलाडी नहुँदा क्लबहरूले सुरुमा नै क्षति बेहोर्न सक्छन्। अगस्ट २२ मा ब्रेन्टफोर्डविरुद्ध प्रिमियर लिगको पहिलो खेल खेल्नुअघि टोटेनहमसँग अभ्यास गर्ने समय करिब दुई साता मात्र हुनेछ। यद्यपि, अर्जेन्टिनाको टोलीमा अन्तिम समयमा समावेश भएका र विश्वकपमा दुई खेल खेलेका सेनेसी प्रिसिजन परीक्षणका लागि क्लबको प्रशिक्षण केन्द्र पुगिसकेको टोटेनहमले जनाएको छ। तर प्रशिक्षकहरूको चिन्ता खेलाडी ढिलो फर्किनुमा मात्र सीमित छैन।

प्रिसिजनको अधिकांश समय नयाँ रणनीति अभ्यास गर्ने, खेलाडीको फिटनेस सुधार्ने र मैत्रीपूर्ण खेलमार्फत टोलीलाई लयमा ल्याउने काममा खर्च हुन्छ। विश्वकपबाट ढिलो फर्किने खेलाडीले यी सबै प्रक्रिया गुमाउँछन्। त्यसपछि उनीहरूलाई पुनः टोलीमा घुलमिल गराउँदै फिटनेस पनि कायम राख्नुपर्ने चुनौती प्रशिक्षकसामु हुन्छ। म्यानचेस्टर सिटी र आर्सनलको पनि उस्तै चिन्ता छ। विश्वकपको अन्तिम चरणसम्म सबैभन्दा धेरै खेलाडी पुग्ने प्रिमियर लिग क्लबमा म्यानचेस्टर सिटी र आर्सनलका हुन्। सिटीका रोड्रीले ७२६ मिनेट खेल्दै स्पेनलाई दोस्रोपल्ट पुरुष विश्वकप उपाधि जिताउन भूमिका खेले। उनी विश्वकपको महत्वपूर्ण खेलाडी पनि चयन भएका थिए। उनले विश्वकपमा गोल्डेन बल पाएका थिए।

मार्क गुएही र इलियट एन्डरसन इङ्ल्यान्डको अन्तिम सप्ताहसम्मको यात्रामा सहभागी थिए। निको ओ राइली इङ्ल्यान्डबाट सेमिफाइनलसम्म पुगे भने एर्लिङ हालान्ड र जेरेमी डोकु क्वार्टरफाइनलसम्म खेले। आर्सनलका डेक्लान राइस र बुकायो साका पनि तेस्रो स्थानको प्लेअफसम्म इङ्ल्यान्ड टोलीमा रहे। मार्टिन जुबिमेन्डी र मिकेल मेरिनो स्पेनसँग फाइनल पुगे। विलियम सालिबाले फ्रान्सलाई तेस्रो स्थानको प्लेअफसम्म पुऱ्याउन मद्दत गरे। तर त्यसपछि उनी ढाडको चोटका कारण बाहिरिए। नोनी माडुके अन्तिम सप्ताहसम्म इङ्ल्यान्ड टोलीमा रहे। तर उनी क्वार्टरफाइनलपछि मैदान उत्रिन पाएनन्। नर्वेका कप्तान मार्टिन ओडेगार्ड भने क्वार्टरफाइनलसम्म पुगे।

### देखिन थाल्यो खेलभारको असर

फिफा विश्वकप सकिएलगत्तै केही खेलाडी चोटका कारण केही समय मैदानबाहिर रहने निश्चित भएको छ। म्यानचेस्टर सिटीका रोड्रीको हालै ढाडको शल्यक्रिया भएको छ।

उनी सिजनको सुरुआती केही खेल गुमाउने सम्भावना छ। आर्सनलका सालिबाले शल्यक्रिया गर्नुपरेन। तर ढाडको समस्याका कारण उनी लामो समय मैदानबाहिर रहने क्लबले जनाएको छ। यी चोटलाई विश्वकपकै प्रत्यक्ष परिणाम भन्न सकिँदैन। तर निरन्तर बढिरहेको खेल संख्या र व्यस्त तालिकाले खेलाडीमाथि कति ठूलो शारीरिक दबाब परेको छ भन्ने संकेत भने यसले दिन्छ। केही प्रमुख खेलाडीसँग पूर्ण प्रिसिजन तयारी नै नगरी सिटी, आर्सनल, टोटेनहम र चेल्सीले नयाँ सिजन सुरु गर्नुपर्ने अवस्था आउन सक्छ।

विश्वकपमा सबैभन्दा धेरै समय मैदानमा बिताउने प्रिमियर लिग खेलाडी एस्टन भिल्लाका गोलरक्षक एमिलियानो मार्टिनेज रहे। अर्जेन्टिनाको फाइनल यात्रामा उनले सबै ८१० मिनेट खेले। लिभरपुलका एलेक्सिस म्याक एलिस्टर ७४९ मिनेटसहित दोस्रो र स्पेनका रोड्री ७२६ मिनेटसहित तेस्रो स्थानमा रहे। धेरै खेलाडीले विश्वकपभर आठ खेल बराबरको समय मैदानमा बिताएका छन्। फिफाको नियमअनुसार फाइनल खेलेका रोड्री, पेड्रो पोरो, मार्टिन जुबिमेन्डी, एलेक्सिस म्याक एलिस्टर, एन्जो फर्नान्डेज, एमिलियानो मार्टिनेज र लिसान्ड्रो मार्टिनेज ९ अगस्टअघि क्लबमा फर्किन पाउने छैनन्। इङ्ल्यान्डका तेस्रो स्थानको प्लेअफ खेलेका खेलाडी भने एक दिनअघि फर्कनेछन्। यसले नयाँ सिजन सुरु हुनुअघि आफ्ना प्रमुख खेलाडीलाई पुनः टोलीमा समायोजन गर्न क्लबहरूसँग झन्डै १२ दिनमात्र बाँकी रहने अवस्था बनाएको छ।

### व्यस्त हुँदै तालिका

चिन्ता यस वर्षको विश्वकपसम्म सीमित छैन। विश्व फुटबलका धेरै शीर्ष खेलाडीले लगातार तीन ठूला प्रतियोगिता खेलेका छन्। सन् २०२४ को युरोपियन च्याम्पियनसिप र कोपा अमेरिका, त्यसपछि विस्तारित क्लब विश्वकप र अहिलेको विश्वकप। स्पेनका रोड्रीले सन् २०२४ मै अत्यधिक खेलभारका कारण खेलाडी हडतालसम्म जान सक्ने चेतावनी दिएका थिए। आर्सनलका प्रशिक्षक मिकेल आर्टेटा र म्यानचेस्टर सिटीका प्रशिक्षक एन्जो मारेस्काले पनि पटकपटक व्यस्त खेल तालिकाप्रति चिन्ता व्यक्त गर्दै आएका छन्। विश्वकपका क्रममा देखिएका चोटहरूले पनि ती चिन्तालाई थप बल दिएका छन्। एस्टन भिल्लाका अमाडु ओनानाले बेल्जियमका लागि खेल्दा घुँडाको गम्भीर चोट बेहोरे। म्यानचेस्टर युनाइटेडका मानुएल उगार्टेको विश्वकप पनि चोटकै कारण समयअघि समाप्त भयो। ह्यामस्ट्रिङ समस्याबाट फर्किरहेका रिसे जेम्सको खेल समय इङ्ल्यान्डले सावधानीपूर्वक व्यवस्थापन गऱ्यो। विश्वकपको यात्रा सकिएलगत्तै प्रिमियर लिग सुरु हुन दिनगन्ती सुरु भइसकेको छ। तर धेरै खेलाडीका लागि अहिले पहिलो प्राथमिकता प्रतिस्पर्धा मात्र होइन शरीरलाई पूर्ण रूपमा तयार बनाउनु हुनेछ।

# समर्थकभन्दा आफ्नो टोली निराश : रोहित



काठमाडौं, साउन १५ (नागरिक)- नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले नेदरल्यान्ड्स भ्रमणमा चार हार सामना गर्दा समर्थकभन्दा आफ्नो टोली निराश रहेको बताए।

आइसिसी विश्वकप लिग-२ अन्तर्गत नेदरल्यान्ड्स र नामिबिया सम्मिलित शृंखलाको खेलमा नेपाल पराजित भएको थियो। यो हारसँगै विश्वकप लिग-२ को शीर्ष चारमा रहेर एकदिवसीय विश्वकपको छनोटको यात्रा र एकदिवसीय मान्यता संकटमा देखिएको छ। शुक्रबार स्वदेश फर्किने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कप्तान रोहितले नेदरल्यान्ड्सको नतिजाबाट समर्थकभन्दा धेरै आफ्नो टोली निराश रहेको बताएका हुन्। भ्रमणमा लिएको आशाअनुरूप खेल्न नसक्नुले निराश रहेको र अब आगामी ओमान शृंखलामा केन्द्रित हुने रोहितले बताएका छन्। उनले त्यहाँको पिचमा नेपालका ब्याटरले राम्रो गर्न नसकेको उल्लेख गरे। खराब नतिजाको पछाडि पिचमा बुझ्न नसक्नु र ब्याटरले लक्ष्यअनुरुप चुकेको उनको धारणा छ।

होम कन्डिसनअनुरूप अवेमा नहुने उनले उल्लेख गरे। नेदरल्यान्ड्सले सर्ट बलमा राम्रो योजना बनाएर आएको र आफूहरू त्यसमा चुकेको उनी बताउँछन्। ब्याटिङसँगै फिल्डिङमा पनि खराब प्रदर्शन गरेको रोहितको भनाइ छ। जुन लेभलमा नेपाल खेलाडीले फिल्डिङमा प्रयास गर्दै आएका थिए, यसपल्ट त्यसमा पूर्णरूपमा चुकेको उनी बताउँछन्। एउटा खेलमा जुन ब्याटरको क्याच छोडिएको थियो उसैले म्यान अफ दी म्याचको प्रदर्शन गरेको उनले बताए। चारवटै खेलमा ब्याटिङ र फिल्डिङमा नेपालले आफ्नो स्तरभन्दा पनि कमजोर प्रदर्शन भएको उनी बताउँछन्। यो नतिजाले लिग-२ को अंकतालिकामा धेरै असर पुगेको उल्लेख गर्दै रोहितले आगामी शृंखलामा राम्रो गर्दै एकदिवसीय मान्यता जोगाउने आशा व्यक्त गरेका छन्।

पहिलो खेलमा दीपेन्द्रसिंह ऐरी र आफूले साझेदारी बनाएको अवस्थामा जोगाउन नसकेको उनले उल्लेख गरे। अन्तिम खेलमा सन्दीप लामिछानेलाई बाहिर राख्नु चुनौतीपूर्ण निर्णय रहेको उनले बताए। उनले सानो सानो मुमेन्टमा आफ्नो टोली चुकेको बताए। भारतजस्तो टोलीलाई पनि युरोपको कन्डिसनमा खेल्न गाह्रो भएको रोहितले उल्लेख गरे। नेपालले शृंखलाको सबै चार खेल हारेको थियो। निराशाजनक ब्याटिङ प्रदर्शनले चौथो खेलसम्म पनि निरन्तरता पाउँदा नेपालले अंक बटुल्न नसकेको हो। नेपालले नामिबियासँगको दोस्रो खेलमा ३ रनको साँघुरो हार बेहोरेको थियो। नेपालले जितको सम्भावना बनाएको एक मात्र खेल हो। त्यसअघि नामिबियासँगको पहिलो खेलमा नेपाल ८ विकेटले पराजित भएको थियो।

घरेलु टोलीले पहिलो भेटमा नेपाललाई ६ विकेटले हरायो। बुधबार सम्पन्न दोस्रो भेटमा नेदरल्यान्ड्स ५७ रनले विजयी भयो। बिर्सनलायक भ्रमणपछि नेपालको सोझै विश्वकप छनोटमा पुग्ने सम्भावना लगभग सकिएको छ। चार खेल बाँकी रहेको अवस्थामा नेपाल अहिले २४ अंकसहित छैटौं स्थानमा छ। तीन खेल कम खेलेको ओमान ३१ अंकसहित चौथो स्थानमा छ। यसको मतलब नेपालको गणितीय सम्भावनामा केवल एक अंकको फरक छ। अब नेपालले अन्तिम शृंखला ओमानसँग खेल्नेछ।

# न्याथम इन्डोर क्रिकेट हुने




काठमाडौं साउन १५ (नागरिक)- नेपाल एकेडेमी अफ टुरिजम होटल एन्ड माउन्टेनियरिङले न्याथम इन्डोर क्रिकेट च्याम्पियनसिप आयोजना गर्ने भएको छ।

प्रतियोगिता भाद्र ९ गते देखि भाद्र ११ गतेसम्म गल्फुटार भेलोसिटी क्रिकेट एरिनामा हुनेछ। प्रतियोगितामा देशभरका स्नातक तहका १६ कलेज टोलीले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिता समूहचरण र त्यसपछि नकआउट चरणको आधारमा सञ्चालन गरिने आयोजकले जनाएको छ। कुल आठ ओभरको खेल हुनेछ। प्रतियोगिताको विजेताले ८० हजार तथा उपविजेताले ४० हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। साथै प्लेयर अफ द टुर्नामेन्ट, बेस्ट ब्याट्सम्यान र बेस्ट बलरलाई पनि विशेष व्यक्तिगत पुरस्कार प्रदान गरिनेछ। बेस्ट प्लेअरले १० हजार, बेस्ट बलर र ब्याटरले समान पाँच हजार रुपैयाँ पाउनेछन्।

यस प्रतियोगिताको मुख्य उद्देश्य कलेजस्तरीय क्रिकेट खेलाडीहरूलाई प्रतिस्पर्धात्मक मञ्च उपलब्ध गराउनुका साथै कलेजहरूबिचको सहकार्य तथा सम्बन्धलाई थप मजबुत बनाउनु रहेको आयोजकले जनाएको छ। प्रतियोगिताको दर्ता पहिलो आउने, पहिलो प्राथमिकताको आधारमा खुला गरिएको छ। सीमित १६ टोली मात्र सहभागी हुने भएकाले इच्छुक कलेजहरूलाई समयमै दर्ता गराउन आग्रह गरिएको छ। प्रतियोगिताका प्राविधिक निर्देशक रवीन्द्र गुप्ताले न्याथम इन्डोर क्रिकेट च्याम्पियनसिप २०२६ ले कलेजस्तरका क्रिकेट खेलाडीहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने उत्कृष्ट अवसर प्रदान गर्ने विश्वास व्यक्त गरेका छन्। गत संस्करणको च्याम्पियन किस्ट कलेज हो।

उनले प्रतियोगितालाई उपाधिको प्रतिस्पर्धा मात्र नभई अनुशासन, खेलभावना, नेतृत्व क्षमता र टोलीभावनाको विकास गर्ने महत्त्वपूर्ण मञ्चका रूपमा लिइएको बताए। 'हामी सहभागी सबै टोलीलाई निष्पक्ष, व्यवस्थित र उच्चस्तरीय प्रतिस्पर्धाको अनुभव दिलाउन प्रतिबद्ध छौं। यो प्रतियोगिताले नयाँ प्रतिभाको पहिचान गर्नुका साथै नेपाली क्रिकेटको भविष्य निर्माणमा सकारात्मक योगदान पुऱ्याउने विश्वास लिएका छौं, गुप्ताले बताए। प्रतियोगितालाई थप आकर्षक बनाउन प्रत्यक्ष प्रसारण, फुड स्टल, मनोरञ्जनात्मक कार्यक्रमहरू पनि सञ्चालन गरिनेछन्।

## सिसिआरसी सेमिफाइनलमा

काठमाडौं साउन १५ (नागरिक)- सिसिआरसी एसआरसी प्लस टु अन्तरकलेज छात्र बासकेटबल प्रतियोगितामा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेको छ।

कीर्तिपुरस्थित कभर्डहलमा सिसिआरसीले लालीगुराँस नेसनल एकेडेमीलाई ९९-५६ ले पराजित गऱ्यो। सिसिआरसीको सहज जितमा विसन खड्काले ३४ अंक योगदान गरे। सिसिआरसी ५ टिम रहेको समूह 'बी' को विजेता बन्दै सेमिफाइनलमा पुगेको हो। समूह चरणमा सिसिआरसीले शतप्रतिशत जित निकाल्यो। एइसससी ग्लोबल कन्सल्टेन्ट्सको मुख्य प्रायोजन तथा पुल्चोकियन्स फिट्नेस हबको आयोजनामा भइरहेको प्रतियोगतामा केभिसी र पुष्पसदन पनि सेमिफाइनलमा पुगे। मन्दिप गौतमको २३ अंक सहयोगमा केभिसीले प्रिमियरलाई ७५-६९ ले हरायो। केभिसी समूह 'बी' को उपविजेता बन्यो। यो समूहबाट मनास्लु विजेता हुँदै सेमिफाइनलमा पुगिसकेको छ। समूह 'ए' को उपविजेता बन्ने क्रममा पुष्पसदनले ओमेगालाई ६२-४२ ले पाखा लगायो। पुष्पसदनका प्रसून खड्गीले १५ स्कोर गरे। सेमिफाइनलमा पुष्पसदनको भेट मनास्लुसँग हुनेछ। अर्को सेमिफाइनल सिसिआरसी र केभिसीबिच हुनेछ।

## क्वार्टरफाइनलमा प्याराडाइस र कौस्तुभ

काठमाडौं साउन १५ (नागरिक)- प्याराडाइस रिडर्स एकेडेमी र कौस्तुभ एकेडेमी पाँचौं भ्याली पब्लिक अन्तरविद्यालय फुटसल प्रतियोगिताको यु-१६ गर्ल्सतर्फ शुक्रबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। उक्त टिमसंगै साम्तेन मेमोरियल, ब्रह्मकुञ्ज, एनबिएफए र माछापुच्छ्रेले पनि क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे। भंगालस्थित आयोजक भ्याली पब्लिक स्कुलमा भइरहेको प्रतियोगिताको यु-१२ ब्वाइजमा मित्रश्री पाठशाला, एआइए, भ्याली पब्लिक, रिब्स, डाफोडिल र युरो स्कुलले क्वार्टरफाइनल यात्रा तय गरे। यु-१६ ब्वाइजमा कौस्तुभ, एलआरआई, डाफोडिल, ग्यालेक्सी पब्लिक स्कुल, हिमालयन वर्ल्ड स्कुल, वेद्व्यास, बुढानीलकण्ठ आश्रम, मार्वलस, एआइए, निम्स, भ्याली पब्लिक, ब्लुम नेपाल, रिब्स र थ्री स्टार एकेडेमी प्रिक्वार्टरफाइनलमा पुगे। तीनै समूहमा नकआउट चरणमा प्रवेश समान २-२ टिमको टुंगो लाग्न बाँकी छ। त्यसको टुंगो लिगको अन्तिम दिन शनिबार लाग्नेछ।

## स्ट्रेन्थ एन्ड कन्डिसनिङ कार्यशाला

काठमाडौं साउन १५ (नागरिक)- इन्स्टिच्युट अफ स्पोर्ट्स साइन्स एन्ड रिसर्च (आईएसएसआर) नेपालको आयोजनामा स्ट्रेन्थ एन्ड कन्डिसनिङसम्बन्धी कार्यशाला शुक्रबारदेखि सुरु भएको छ।

बलियो खेलाडी निर्माण गर्ने, चोटपटक रोक्ने र खेलाडीको प्रदर्शन बढाउने उपाय बारे जानकारी गराउने उद्देश्यले आयोजित कार्यशालामा ४० जनाको सहभागिता रहेको आइएसएसआर नेपालका अध्यक्ष धर्मकुमार श्रेष्ठले जनाएका छन्। दुईदिने कार्यशाला शनिबार सम्पन्न हुनेछ। पहिलो दिन कार्यशाला सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको थियो। दोस्रो दिन बाँसबारीस्थित नाडा पर्फमेन्स एन्ड रिह्याबिलिटेटिभ सेन्टरमा हुनेछ।

## अन्तरविद्यालय टेबल टेनिस सम्पन्न

काठमाडौं साउन १५ (नागरिक)- सेन्ट जेभियर्स विद्यालय, जावलाखेलको आयोजनामा फादर्स जेम्स ई. च्याम्बर्स स्मृति अन्तरविद्यालय टेबल टेनिस प्रतियोगिता-२०२६ शुक्रबार सम्पन्न भएको छ।

प्रतियोगितामा काठमाडौं उपत्यकाका २६ विद्यालयका २ सय १० खेलाडी सहभागी भएका थिए। विभिन्न उमेरसमूहमा प्रतिस्पर्धा गराइएको प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै यु-१० छात्रमा मिपाङ थापा (लाइफ स्कुल), यु-१० छात्रामा सुप्रिया खड्गी (भास्सरा स्कुल), यु-१२ छात्रमा शिवांश खत्री (बृहस्पति स्कुल) ले जित हात पारे। यु-१२ छात्रामा आभा प्रधान (आरम्भ स्कुल), यु-१४ छात्रमा विशाल बस्नेत (प्रिमियर इन्टरनेसनल आइबी कन्टिनुअम स्कुल), यु-१४ छात्रामा आरोही सुवाल (प्रभात स्कुल), यु-१६ छात्रमा सुगम पौडेल (प्राइम स्कूल) र यू-१६ छात्रामा एमरिन महर्जन (फ्युचर स्टार स्कूल) पहिलो भए। प्रतियोगिता संयोजक विपुल महर्जन थिए। उनी सेन्ट जेभियर्स विद्यालय, जावलाखेलका टेबल टेनिस प्रशिक्षक हुनुका साथै नेपाल प्रहरी क्लबका राष्ट्रिय खेलाडी पनि हुन्। प्रतियोगिताले विद्यालयस्तरमा टेबल टेनिस खेलको विकास, विद्यार्थीहरूबिच स्वस्थ प्रतिस्पर्धाको भावना अभिवृद्धि तथा नयाँ प्रतिभावान् खेलाडीको पहिचान गर्न योगदान पुऱ्याएको आयोजकले जनाएको छ।

## एसियाली आइटिएफ तेक्वान्दोमा शेखरले खेल्ने



काठमाडौं साउन १५ (नागरिक)- नेपालका शेखर थापाले ११औं एसियाली आइटिएफ तेक्वान्दो च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएका छन्। मंगोलियाको उलनबटारमा अगस्ट ३ देखि ९ तारिखसम्म ११औं एसियाली आइटिएफ तेक्वान्दो च्याम्पियनसिपमा हुँदै छ। जहाँ नेपालका एक मात्र चुनौती प्रस्तुत हुने नेपाल आइटिएफ तेक्वान्दो महासंघका अध्यक्ष प्रवीणकुमार कार्कीले जानकारी दिए। शेखरले दुई स्पर्धामा खेल्दै छन्। उनले पुरुष ६५-७० केजी तौलसमूह र चौथो डान प्याटर्नमा नेपालको चुनौती पेस गर्ने कार्कीले जानकारी दिए। महासंघका अध्यक्ष कार्की आफैँ पनि उक्त च्याम्पियनसिपमा अम्पायरको रूपमा सहभागी हुँदै छन्। साथै उनी एसिया आइटिएफको कंग्रेसमा पनि सहभागी हुने भएका छन्। अध्यक्ष कार्कीको नेतृत्वमा रहेको तीन सदस्यीय नेपाली टोली आइतबार प्रस्थान गर्ने कार्यक्रम रहेको छ। दुवैले प्रतियोगिता दौरान हुने कोंग्रेस र अम्पायर कोर्समा पनि सहभागिता जनाउनेछन्। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले शुक्रबार एक कार्यक्रमबीच अध्यक्ष कार्की र खेलाडी शेखरलाई बिदाइ गरेका थिए। संघका महासचिव घमबहादुर थापा सहभागी हुनेछन्।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी